




# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA



नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्

कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं

सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९

एक्सटेन्सन: १११/११२ (९ बजेदेखि ६ बजेसम्म)



» बुधबार, भदौ २१, २०७४ » Wednesday, September 6, 2017 » www.newsofnepal.com » नेसं ११३७ ञला थ्वः १५ » वर्ष २३, अंक २३९ » पृष्ठ १२ » मूल्य रू. १०/–



२ { भूकम्पपछि प्रभावकारी बन्दै राष्ट्रिय भवन संहिता

५ { पार्टी एकताका लागि वैद्यदेखि मोहनविक्रमसम्म छलफल

८ { जापानमा आपत्कालीन विमान अवतरण

९ { 'म घूस खान्नँ' अभियान हुने




परम्परा : मंगलबार राजधानीको वसन्तपुरमा इन्द्रजात्राको अवसरमा आयोजित विशेष कार्यक्रममा सहभागी हुँदै राष्ट्रपति विद्यादेवी भण्डारी र जीवित देवी कुमारीलाई खटमा राखिँदै ।

तस्वीर : रवि मजर्हन/अनिल लिम्बू, काठमाडौं

# निर्वाचन आयोगमा सरुवा आतंक

सुनील महर्जन, काठमाडौं

शंकर अधिकारीले निर्वाचन आयोगको सचिवका रूपमा दुई दिन मात्र काम गर्न पाउनुभएको छ। सरकारले गत बुधबार उहाँलाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट आयोगमा सरुवा गर्ने निर्णय गरेको थियो।

त्यसको भोलिपल्ट बिहीबार नै सरुवा भएको पत्र लिएर आयोगमा जानुभएका अधिकारीलाई तीन दिन नबित्दै भदौ १७ गते पुन: प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सरुवा गरियो। सचिव अधिकारीले सोमबार सरुवा भएको पत्र लिएर आयोग छोड्नुभएको थियो।

यो सन्दर्भ निजामती प्रशासनमा कति छोटो अवधिमा कर्मचारीको सरुवा हुने गर्दछ भन्ने ज्वलन्त उदाहरण बनेको छ। असार ८ देखि आजसम्ममा चार जना सचिवको सरुवा भइसकेको छ। आयोगले निर्वाचन आचारसंहिता लागू गरिसकेको अवस्थामा आयोगकै सहमति लिएर सरकारले सचिव अधिकारीको सरुवा गरेको हो। स्थानीय तहको तेस्रो चरणको निर्वाचन आउन १५ दिन पनि बाँकी नभएको स्थितिमा कामु सचिव अधिकारीको सरुवा किन गरियो त? 'मेरो सरुवा कुन मितिमा भएको भनेर पत्रसमेत खोलेको छैन। नखोलिएको पत्र लिएर निर्वाचन आयोग छाडें।' -सचिव अधिकारीले भन्नुभयो।

अधिकारीको स्थानमा क्षेत्र निर्धारण आयोगको सचिवका रूपमा काम गर्नुभएका वेगन्द्रराज शर्मा पौड्याललाई ल्याइएको छ। उहाँ सोमबारदेखि आयोगमा हाजिर



हुनुभएको छ। 'चार दिनमै सरुवा भएको विषयलाई मैले खासै गम्भीरताका साथ लिइनँ। कर्मचारी क्षेत्रमा यस्तो भइरहन्छ।' -सचिव अधिकारीले भन्नुभयो। 'सरकारले आफ्नो आवश्यकताअनुसार सरुवा गर्ने हो। मैले त्यस विषयमा के भन्ने?' -निकै मलिनो स्वरमा अधिकारीले भन्नुभयो।

यसअघि कामु सचिव रहनुभएका महेश्वर न्यौपानेको पनि साढे दुई महिना नबित्दै सरुवा गरिएको थियो। उहाँलाई संस्कृति मन्त्रालयमा सरुवा गरिएको थियो। सामान्य प्रशासन मन्त्रालयका सहसचिव रहनुभएका न्यौपानेलाई स्थानीय तहको दोस्रो चरणको निर्वाचन हुनु पाँच दिनअघि असार ८ गते कामु सचिव बनाएर आयोगमा सरुवा गरिएको थियो।

आयोगले दोस्रो संविधानसभाको निर्वाचनमा राम्रो गरेको भन्दै रोजेर नै न्यौपानेलाई आयोगमा ल्याइएको थियो। भदौ १४ गते बिहान मन्त्रिपरिषद्को बैठक बसेर उहाँलाई सरुवा गरियो। सरुवा हुँदा कामु सचिव न्यौपाने जापानमा हुनुहुन्थ्यो। 'आयोगमा त बोलाएरै आएको हुँ। साढे दुई महिना नबित्दै सरुवा भयो। म त कामु सचिव। सचिव नै ल्याउनुपर्‍यो भनेर मलाई सरुवा गरेको हो कि?' -सहसचिव न्यौपानेले *नेपाल समाचारपत्र*सँग भन्नुभयो।

न्यौपानेभन्दा अघिका सचिव गोपीनाथ मैनाली र आयुक्तहरूबीच कुरा नमिलेपछि मैनालीको सरुवा गराउन आयुक्तहरू लागेका थिए। सरकारले असार ८ गते निर्वाचन आयोगका सचिव गोपीनाथ मैनालीलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा सरुवा गरेको थियो। सचिव मैनालीको सरुवा भएपछि आयोगको निकै आलोचना भएको थियो। आयोगले विज्ञप्ति प्रकाशित गरेर नै सचिव मैनालीलाई अनुशासनमा राख्न सरकारलाई ध्यानाकर्षण गराएको थियो।

न्यौपाने राम्रै र अनुभवी भएकाले सहसचिवलाई कामु सचिव बनाएर ल्याइएको आयुक्तहरू बताउँछन्। न्यौपानेको सरुवामा आयोगको भन्दा सरकारकै रुचि रहेको आयुक्तहरूको कथन रहेको छ। आयोगमा छानीछानी सचिव ल्याउने, कुरा नमिलेपछि सरुवा गराउने अस्थिर सोच वा निहित स्वार्थले काम गरेको आयोगमा काम गरेका एक सचिवले बताए। आयोगमा कुनै पनि सचिव लामो समयसम्म टिक्न नसकेको जानकारहरू बताउँछन्। पहिला नारायणगोपाल मलेगो र शारदाप्रसाद त्रिताल लामो समयसम्म टिक्न नसकेको सन्दर्भ जोड्दै एक सचिवले भने- 'निहित स्वार्थले काम गर्‍यो भन्ने लाग्छ।'

(क्रमशः पृष्ठ ९ मा)

# टिकटका लागि पार्टी बदल्नेको भीड

बीपी साह, काठमाडौं

पार्टीभित्र असन्तुष्टिका बीच उम्मेदवारी दर्ताको अघिल्लो साँझ राष्ट्रिय जनता पार्टी (राजपा) नेपालले उम्मेदवारको टुंगो लगाएको छ।

स्थानीय निकायको तेस्रो चरणको निर्वाचनमा भाग लिएको राजपाले दुई नम्बर प्रदेशको १ सय ३६ स्थानीय निकायमध्ये १ सय १४ स्थानका लागि उम्मेदवारको नाम सार्वजनिक गरेको छ।

मंगलबार साँझ राजपा अध्यक्ष मण्डलका संयोजक महन्थ ठाकुरले उम्मेदवारको नाम सार्वजनिक गर्नुभएको छ। स्थानीय निकायको टिकट नपाएका नेताहरूलाई आगामी निर्वाचन तथा पार्टीको पदीय जिम्मेवारी दिइने जनाउँदै असन्तुष्टलाई मनाउने प्रयास गरिएको छ।

दुई नम्बर प्रदेशको एकमात्र महानगरपालिका र मधेस आन्दोलनको महत्त्वपूर्ण स्थान वीरगन्जमा राजपाले पहाडी अनुहारलाई मेयरको टिकट दिएको छ। राजेशमान सिंहलाई वीरगन्जको मेयरको उम्मेदबार बनाइएको छ। जसबाट पार्टीका असन्तुष्ट नेता विमल श्रीवास्तवले राजपा परित्याग गरी विजय गच्छदार नेतृत्वको नेपाल लोकतान्त्रिक फोरमबाट मेयरको उम्मेदबार बन्ने तयारी गरेका छन्।

त्यस्तै, राजपाको अध्यक्ष मण्डलको तीनजना अध्यक्ष रहेका सर्लाहीमा दुईजना नेता असन्तुष्ट भई राजीनामा गरेका छन्। राजपाका महासचिव एवम् सांसद जंगीलाल राय यादवले महासचिव पदबाट राजीनामा दिएका छन् भने पासपोर्ट काण्डमा मुछिएका शिवपुजन यादव माओवादी केन्द्रमा प्रवेश गरेका छन्।

त्यस्तै टिकट नपाएपछि महासचिव जोगिन्द्र मण्डलले पनि पदबाट राजीनामा दिएका छन्।

## एमाले र राजपाले उम्मेदवार टुंगो लगायो

त्यस्तै, बाराका केन्द्रीय सदस्य योगानन्द चौहानले टिकट नपाएपछि माओवादी केन्द्रमा प्रवेश गरेका छन्।

पुरानो पार्टीको आधारमा टिकट बाँडफाँड

राष्ट्रिय जनता पार्टी नेपाल एकीकरण भए पनि पार्टीभित्र अहिले पनि ६ वटै पार्टी अस्तित्वमा रहेको टिकट वितरणको क्रममा देखिएको छ। टिकट वितरणको क्रममा यसअघिको ६ वटै पार्टीगत हिसावले उम्मेदवार चयन गरिएको छ। दुई नम्बर प्रदेशको दुईवटा मुख्य स्थान जनकपुरधाम र वीरगन्जमा पनि सोहीअनुसारले टिकट वितरण गरिएको छ।

जनकपुरधामको मेयरमा राजेन्द्र महतो निकट लालकिशोर साहले टिकट पाए भने वीरगन्जको मेयरमा शरत्‌सिंह भण्डारी निकट राजेशमान सिंहले टिकट पाएका छन्। त्यस्तै, अन्य प्रमुख स्थानमा पनि पूर्व पार्टीका नेताको आधारमा टिकटको बाँडफाँड भएको छ। अधिकांश स्थानमा ६ वटै पार्टीबाट उम्मेदवारी परेको थियो।

(क्रमशः पृष्ठ ९ मा)

# उम्मेदवार मनोनयन आज

काठमाडौं, (नेस)

प्रदेश नम्बर २ अर्न्तगतका आठ जिल्लाका १ सय ३६ स्थानीय तहमा हुने तेस्रो चरणको निर्वाचनका लागि उम्मेदवारहरूको मनोनयन आज बुधबार हुने भएको छ। निर्वाचन आयोगले मंगलबार पत्रकार सम्मेलन गरी उम्मेदवारी दर्ताको सबै तयारी पूरा भएको छ। उम्मेदवारी दर्ताका लागि बिहान १० बजेदेखि साँझ ५ बजेसम्मको समय तोकिएको छ।

प्रदेश २ मा एक महानगर, तीन उपमहानगर, ७३ नगरपालिका र ५९ गाउँपालिका छन्। सबै स्थानीय तहको वडा संख्या १ हजार २ सय ७१ छन्। प्रदेश २ मा २६ लाख ६४ हजार ९ सय ५० मतदाता छन् भने ३ हजार ५ सय ७९ मतदान केन्द्र तोकिएको छ।

## प्रदेश नम्बर २ निर्वाचन

पत्रकार सम्मेलनमार्फत प्रमुख निर्वाचन आयुक्त अयोधिप्रसाद यादवले राजनीतिक दल तथा स्वतन्त्र उम्मेदवारलाई उत्साहपूर्णरूपमा विभिन्न पदमा उम्मेदवारी दर्ता गर्न आग्रह गर्नुभयो। उम्मेदवारी दर्तामा कसैले अवरोध गरेमा, भड्काउने काम गरेमा, बाधा व्यवधान खडा गरेका सुरक्षाकर्मीले तदारुकताका साथ निरुत्साहित गरी शान्ति सुरक्षा कायम गर्नेमा उहाँले विश्वास व्यक्त गर्नुभयो।

प्रदेश नम्बर २ का १ महानगरपालिका, ३ उपमहानगरपालिका, ७३ नगरपालिका र ५९ गाउँपालिका गरी १ सय ३६ स्थानीय तहमा ६ हजार ६ सय २७ जनप्रतिनिधि निर्वाचित हुनेछन्।

(क्रमशः पृष्ठ ९ मा)

# डा. केसी फेरि अनशन बस्ने

काठमाडौं, (नेस)

चकित्सा शिक्षाभित्रको विकृति अन्त्य र नेसनल मेडिकल कलेजको सम्बन्धन खारेज नभए आज बुधबारदेखि डा. गोविन्द केसी १२औं अनशन बस्नुहुने भएको छ।

मागप्रति सरकार सम्बेदनशील नभएकाले अनशन पुन: अनसन बस्न थालेको डा. केसीका वार्ता टोली सदस्य डा. अभिषेक सिंहले *नेपाल समाचारपत्र*लाई जानकारी दिनुभयो। उहँ विभिन्न चरणमा गरी लगातार ११ पटक अनशन बसिसक्नुभएको छ।

१० वर्षसम्म काठमाडौं उपत्यकामा मेडिकल कलेज सम्बन्धन नदिने भनिए पनि काठमाडौं नेसनल कलेजलाई अनशन बसेकै समयमा त्रिविले सम्बन्धन दिएको थियो। यद्यपि सर्वत्र विरोध भएपछि त्रिविले कलेजको सम्बन्धन स्थगन गरेको छ।

# बाढीपीडित पनि नक्कली

कुमार श्रेष्ठ, बाँके

बाँकेमा १८ हजार घरधुरीले बाढीपीडितको फाराम भरेका छन्। अझै फाराम आउने क्रम जारी नै रहेको छ। जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र (डीओसी)का प्रमुख गौरीलाल बुढाथोकीले १८ हजार घरधुरीको फाराम आएको र तीमध्ये केही ठाउँको 'इन्ट्री' गर्न बाँकी रहेको जानकारी दिनुभयो।

'पूर्ण क्षति हजारदेखि बाह्र सय घरधुरी होलान्, बाँकी आंशिक क्षति हुन्', बुढाथोकीले भन्नुभयो- 'अहिलेसम्म १४ हजार आसपासमा इन्ट्री भएको छ।' जिल्ला दैवीप्रकोप उद्धार समितिले फाराम भर्नका लागि एक हप्ताको म्याद थपेको छ। अझै कति बढ्ने हुन् सम्बद्ध कर्मचारीहरू जिल्ल परेका छन्। हरेक ठाउँबाट लगत बढेर आएको छ। हरेक वडाबाट वास्तविकभन्दा बढी घरधुरीको लगत आएको छ।

एक घरमा पाँच जना नै राख्ने हो भने नब्बे हजार पीडित भएको तथ्यांक आउँछ। यद्यपि फाराममा १५, २०, ३० जना परिवार भएका घर पनि छन्। नक्कली बाढीपीडितको चापले गर्दा वास्तविक परिवार राहतबाट वञ्चित हुने सम्भावना बढेको छ। बाँकेमा बाढीपीडितको यकिन तथ्यांक आइसकेको छैन। तथ्यांक नआए पनि राहतका प्याकेज गाउँमा पुगेको छ। प्रमुख जिल्ला अधिकारी रमेश केसीले एक हप्तामा राहतको प्याकेज पुग्ने बताउनुभयो।

फारामलाई हेर्दा यसपालि २०७१ सालको भन्दा कयौं गुणा बढी पीडित हुने देखिएको छ। यसपालिको जस्तै ठूलो बाढी आएको त्यतिबेला ९ हजार १ सय २८ आंशिक र ३ हजार २ सय १२ घर पूर्ण क्षति भएका थियो। त्यतिबेला पनि प्रारम्भिक राहत, चाडबाड खर्च, अधिकांश आंशिकले ५ हजार र केही पूर्ण क्षति भएकाले ५० हजार पाएका थिए। बाँकेमा बाढी आएपछि पीडित नभए पनि वडाका सबैजसोले फाराम भर्ने गरेका छन्।

'बाढीमा राजनीति' गर्न पल्केकाहरूको यतिबेला कस्सिएका छन्। पीडितमैत्री देखिने प्रयास गरेका छन्। छिमेकीले गलत गर्दा बोल्नुपर्नेहरू आफै फटाहीमा लाग्दा 'तैं चुप, मै चुप'को स्थिति आइरहेको छ। यो राप्ती नदी तटीय क्षेत्रको प्रमुख समस्या नै बनेको छ।

डुबान क्षेत्रमा जग्गा मात्रै भएका (घर नभएका), झुप्रो बनाए पनि बसोबास नगर्ने, सपरिवार काम गर्न भारततिर गएकाहरू पनि प्रत्यक्ष बाढीपीडित हुने गरेका छन्। यसका अलावा परिवारसंख्या टुक्र्याएर फाराम भर्ने गरिन्छ। चार जनाको परिवार छ भने कम्तीमा दुईवटा घर बन्ने गरेको छ। छोरा धेरै छन् भने त अझ धेरै घर बन्छन्।

नक्कली बाढीपीडितलाई रोक्ने र सक्कलीलाई राहतका प्याकेज तत्काल पुर्‍याउने कार्यमा सरकारी अधिकारीलाई कसैले सहयोग गरेको पाइँदैन। गाउँका अगुवा, नेता, जनप्रतिनिधिहरू नै भावनामा बग्ने गरेका छन्। राजनीतिक दल सकेसम्म आफ्नो पकड भएको ठाउँमा राहत पुर्‍याउन पाए जनता आफूतिर लाग्ने दाउमा रहने गरेका छन्।

बाढी आएपछि सधैं हुने नक्कली र सक्कलीको भीडलाई छुट्याउनका लागि सरकारी र स्थानीय अगुवाले पहल गर्न आवश्यक छ। यसो गर्दा खर्च थोरै लाग्ने र वास्तविकले पीडितले धेरै पाउने अवस्था आउँछ।

# परीक्षा बोर्ड अध्यक्ष नियुक्त गर्न मन्त्रीको कन्जुस्याइँ

ईश्वरराज ढकाल, काठमाडौं

शिक्षा मन्त्रालयले राष्ट्रिय परीक्षा बोर्डको अध्यक्ष नियुक्त गर्न आनाकानी गरेको छ। लोकसेवा आयोगका अध्यक्ष उमेश मैनालीको अध्यक्षतामा गठित तीन सदस्यीय सिफारिस समितिले एक महिनाअघि गत साउन १६ गते त्रिभुवन विश्वविद्यालयका पूर्वरजिष्ट्रार प्राडा चन्द्रमणि पौडेलको नाम सिफारिस गरेको थियो। पौडेलको नाममा असन्तुष्टि जनाउँदै उपप्रधान तथा शिक्षा मन्त्री गोपालमान श्रेष्ठले मन्त्रिपरिषद्मा लैजान आनाकानी गर्नुभएको स्रोतले जनाएको छ।

आयोगले सिफारिस गरेको नाम मन्त्रिपरिषद्मा प्रस्ताव गरी स्वीकृत गर्नुपर्ने प्रावधान छ। तर शिक्षामन्त्री श्रेष्ठ र सचिव शान्तबहादुर श्रेष्ठले पौडेलको नाम मन्त्रिपरिषद्मा लैजान आनाकानी गरेको मन्त्रालय स्रोतले जनाएको छ।

शिक्षा मन्त्रालयले बोर्डको अध्यक्ष नियुक्त भएपछि मात्रै सदस्य नियुक्त गर्ने तयारी गरेको अवस्थामा मन्त्री श्रेष्ठले धमाधम सदस्य नियुक्त गर्नुभएको छ। तत्कालीन शिक्षामन्त्री धनीराम पौडेलले अध्यक्ष नियुक्त भएपछि मात्रै सदस्यहरू नियुक्त गर्ने जनाउनुभएको थियो। तर शिक्षा मन्त्री श्रेष्ठले लोकसेवा आयोगले सिफारिस गरेको अध्यक्ष नियुक्त नगरी सदस्यहरू नियुक्त गर्नुभएको छ।

मन्त्री श्रेष्ठले नेपाली कांग्रेसनिकट तीन जनालाई सदस्यमा नियुक्त गर्नुभएको छ। मन्त्री श्रेष्ठले दयामान कर्माचार्य, भुमा श्रेष्ठ र अमुदा श्रेष्ठलाई सदस्यमा नियुक्त गर्नुभएको छ। बोर्डमा १३ सदस्यीय समिति रहने व्यवस्था छ। विभिन्न क्षेत्रका ६ जना पदेन सदस्य रहने व्यवस्था शिक्षा ऐनमा छ। शिक्षा मन्त्रालयले लोक सेवा आयोगले सिफारिस गरिसकेको अध्यक्ष पौडेलबाहेक विभिन्न क्षेत्रका ६ जना सदस्य नियुक्त गरेको छ।

अध्यक्षको तलब सुविधा कति हुने भन्ने विषयमा सहमति गर्न अर्थ मन्त्रालयमा फाइल पठाएको कारण ढिलो भएको मन्त्रालयले जनाएको छ। मन्त्रालयका प्रवक्ता डा. हरि लम्सालले सहमति आउन ढिलो भएको कारण मन्त्रिपरिषद्मा सिफारस गर्न नसकिएको जानकारी दिनुभयो।

मन्त्रालयका अधिकारीले भने अध्यक्ष नियुक्त गर्ने मन्त्रीको मानसिकता नभएको कारण ढिलो भएको आरोप लगाएका छन्। नियुक्ति गरेपछि फाइल पठाउँदा पनि कुनै समस्या नपर्ने अवस्थामा फाइल पठाएको बहानामा अर्कै निर्णय गर्न अर्थमा फाइल पठाएको हो। लोक सेवा आयोगका प्रवक्ता लक्ष्मीविलास कोइरालाले आयोगले नाम सिफारिस गरिसकेपछि शिक्षा ऐनमा व्यवस्था भएअनुसार नियुक्ति गर्नुपर्ने जानकारी दिनुभयो। 'यो नियमित नियुक्ति होइन, सिफारिस समितिले गरेको निर्णय भएकाले यति दिनभित्र नियुक्त गरिसक्नुपर्छ भन्ने कुनै पनि प्रावधान छैन।' -उहाँले भन्नुभयो।

# महानगर

नेपालको सन्दर्भमा हरेक ८० देखि सय वर्षको अन्तरालमा विनाशकारी भूकम्प आउने गरेको पाइन्छ तयसैले शहरी विकास तथा भवन निर्माण विभागले विभिन्न समुदाय, निर्माणकर्मी, ठेकेदार, प्राविधिकलाई तालिम र नागरिक समाजलाई भूकम्प प्रतिरोधी घर निर्माणका लागि जनचतेनाका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।



# भूकम्पपछि प्रभावकारी बन्दै राष्ट्रिय भवन संहिता





**मधुसूदन रायमाझी**

प्राकृतिक विपत्ति कहाँ र कतिखेर आउँछ भन्न सकिँदैन। नेपाल भूकम्पीय दृष्टिकोणले जोखिमपूर्ण मानिन्छ। २ वर्षअघि गएको विनाशकारी भूकम्पले ९ हजारभन्दा बढी मानिसले ज्यान गुमाउनुपर्‍यो। प्राकृतिक विपत्तिलाई रोक्न सकिँदैन। तर, मानव निर्मित भौतिक संरचना निर्माणमा ध्यान पुर्‍याउन सके केही मानवीय र भौतिक क्षति न्यूनीकरण गर्न सकिन्छ।

नेपालको सन्दर्भमा हरेक ८० देखि सय वर्षको अन्तरालमा विनाशकारी भूकम्प आउने गरेको पाइन्छ। वि.सं. १९९० सालमा ८.४ रेक्टर स्केलको भूकम्पले काठमाडौं उपत्यका र पूर्वी तराईमा ठूलो जनधनको क्षति पुर्‍यायो। त्यति बेलाको भूकम्पले नेपालमा झण्डै १ लाख ४ हजार घरलाई क्षति पुर्‍याएको थियो। वि.सं. २०४५ सालमा आएको ६.७ रेक्टर स्केलको भूकम्पले पूर्वीतराईका ६५ हजारभन्दा बढी घरहरु भत्काउनुको साथै ७ सयभन्दा बढी मानिसको ज्यान गएको थियो। त्यसै गरी एक वर्षअघि २०७२ वैशाख १२ गते आएको ७.६ रेक्टर स्केलको विनाशकारी भूकम्पले पनि ठूलो जनधनको क्षति पुर्‍यायो। सरकारको तथ्यांकअनुसार ६ लाखभन्दा बढी घर ध्वस्त भएका छन्।

यस्ता विनाशकारी प्राकृतिक प्रकोपलाई रोक्न सकिन्न तर समयमा नै बुद्धि पुर्‍याइएमा यसबाट हुने जनधनको क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ। विनाशपछिको सतर्कता पश्चातापबाहेक केही नहुने भएकाले क्रमबद्धरूपमा पूर्वतयारी गर्नु आजको अपरिहार्य आवश्यकता हो। पूर्वतयारीको विभिन्न प्रकारहरुमध्ये भूकम्पप्रतिरोधी भवन निर्माण गर्नु सबैभन्दा राम्रो पूर्वतयारी हो। यो कुनै नौलो कुरो होइन। घर निर्माणसम्बन्धी हाम्रो चलनचल्तीमा रहको परम्परागत शैलीलाई परिवर्तन गर्न सकिएको अवस्थामा भूकम्प प्रतिरोधी भवन निर्माण गर्न सकिन्छ। यस विषयमा आम नागरिकले चासो राख्न र सचेत हुनुपर्ने बताउँदै शहरी विकास तथा भवन निर्माण विभागको उपमहानिर्देशक मनिराम गेलालले सबैले भवनसहिता अनिवार्यरूपमा पालना गर्नुपर्ने बताउनुहुन्छ ।

शहरी विकास तथा भवन निर्माण विभागले विभिन्न समुदाय, निर्माणकर्मी, ठेकेदार, प्राविधिकलाई तालिम र नागरिक समाजलाई भूकम्प प्रतिरोधी घर निर्माणका लागि जनचतेनाका कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ। निर्माण भएका बस्तीहरुलाई सुरक्षित बनाउन र आगामी दिनमा निर्माण हुने घरलाई सुरक्षित बनाउन सरकारले भवन ऐन २०५५ र राष्ट्रिय भवन निर्माण संहिता २०६० लागू गरेको छ। २ वर्षअघि आएको भूकम्पले ठूलो मात्रामा भौतिक पूर्वाधारको क्षति पुर्‍याएपछि सरकारले भवनसहिता कडाइपूर्वक लागू गर्ने तयारी गरेको छ। विभागको उपमहानिर्देशक गेलालले भूकम्पपछि नागरिकमा घर निर्माणमा भवन संहिताको पालना गर्ने र सोहीअनुरूप घर निर्माण गर्ने चेतनामा वृद्धि भएको बताउनुभयो।

हाल विद्यमान निर्माण प्रणालीमा भएका कमी-कमजोरीहरुलाई हटाएर आर्थिक व्ययभार नबढाई नागरिकले भवन संहिताअनुसार घर निर्माण गर्नुपर्ने मापदण्ड सरकारले अगाडि बढाएको छ। प्राविधिकहरुसँग परामर्श लिई सुरक्षित र गुणस्तरीय भवनको निर्माण गरी भावी पुस्ताको सुन्दर भविष्यको सुनिश्चितताको गर्ने उद्देश्यले भवन संहिता लागू गरिएको हो।

भूकम्पको कारण हुने धनजनको विनाश कम गर्ने उद्देश्यले सरकारले भवन संहिता लागू गरेको छ। सरकारले भवन संहिता लागू गरे पनि मानिसको चेतनास्तरमा परिवर्तन आएको छ। हचुकै शैलीमा घर निर्माण गर्दा भूकम्पमा आफैंले निर्माण गरको घर नै ज्यान लिने कारण बनेपछि आम मानिस घर निर्माणप्रति सचेत र सजग भएका छन्। भवन संहिता पालना गर्नाले जीवनभरको कमाइबाट निर्माण गरिएको घर सुरक्षित र भरपर्दो हुने शहरी विकास तथा भवन निर्माण विभागअन्तर्गत रहेको भवन संहिता शाखाका प्रमुख सीडीई मनोज नकर्मी बताउनुहुन्छ। उहाँले सरकारले देशभर घर/भवन निर्माण गर्दा राष्ट्रिय भवन संहिता लागू गर्ने नीति भूकम्पपछि झन् प्रभावकारी बन्दै गएको बताउनुभयो।

हाल महानगरपालिका, उप-महानगरपालिका नगरपालिकामा भवन संहिता लागू भइरहेको छ। साथै अब गाउँपालिकामा समेत अनिवार्यरूपमा भवन संहिता लागू गर्ने तयारी सरकारले गरेको छ। भवन संहितालाई देशभर निर्माण हुने घर निर्माणको क्रममा कार्यान्वयन गर्न घरधनी डकर्मी, सिकर्मीलगायतलाई प्रेरित गर्नुपर्ने आवश्यकता रहेको छ। भूकम्पले पुर्‍याउने क्षतिभन्दा मानवनिर्मित भौतिक संरचनाले बढी क्षति पुर्‍याउने गरेको दृष्टान्त छ। भूकम्पबाट हुन सक्ने सम्भावित विपद्लाई न्यूनीकरण गर्नका लागि सबै नागरिकले सावधानी अपनाउनुका लागि अनिवार्यरूपमा भवन संहिताअनुसार घर निर्माण गर्नुपर्ने भवन संहिता शाखाका इन्जिनियर रामचन्द्र थापा बताउनुहुन्छ। भूकम्पपछि हाल भूकम्प प्रभावित १४ जिल्लामा निमाणाधीन घर निर्माणमा सरकारले प्राविधिको प्रत्यक्ष निगरानीमा भूकम्प प्रतिरोधी घर निर्माणको काम अगाडि बढाएको छ।

भूकम्प गएको २ वर्षको अवधिमा सरकारले घर एवं सरकारी भवन निर्माणका लागि अनिवार्यरूपमा भवन संहिता लागू गरेको छ। मापदण्ड नपुगेको घर तथा भवनको नक्सा नै पास नहुने प्रावधान बनाएपछि घरधनी पनि मापदण्डको अनुशरण गर्न थालेका छन्। विनाशकारी भूकम्पबाट पाठ सिक्दै सबै नागरिकले अनिवार्यरूपमा भवन संहिता पालना गरेर घर निर्माण गर्दा नै आफू बस्ने घर सुरक्षित हुने संहिता शाखाका प्रमुख नकर्मी बताउनुहुन्छ।

भूकम्पले हुनसक्ने सम्भावित विपद्लाई न्यूनीकरण गर्नका लागि शहरी विकास मन्त्रालयअन्तर्गत रहेको शहरी विकास तथा भवन निर्माण विभागकाले अनिवार्यरूपमा भवन संहिता लागू गर्ने कार्यक्रमलाई निरन्तरता दिँदै आएको छ। विभागले सरकारले अगाडि सारेको भवन संहितालाई प्रभावकारी बनाउनको लागि निरन्तररूपमा कार्यक्रमहरु सञ्चालन गर्दै आए पनि यसलाई आम नागरिकको सरोकार र चासोको विषय बनाउने काम गर्दै आएको विभागले बताएको छ। आम नागरिकमा जनचेतनाको कमीले गर्दा सरकारले अगाडि सारेको भूकम्पसम्बन्धी संहितामा भूकम्प गएपछि भने नागरिकमा चेतनाको स्तर निकै बढेको उहाँले बताउनुभयो।

अर्कातिर आवासिय तथा व्यापारिक प्रयोजनका लागि निर्माण गरिएका गंगनचुम्बी भवनहरु पनि पछिल्लो समयमा देशका विभिन्न क्षेत्रमा बढ्दै गएका छन्। यसरी निर्माण भएका कतिपय घर तथा भौतिक संरचनाहरु भवन संहिताविपरीत मनलाग्दी ढंगबाट निर्माण भइहरेका छन्। नयाँ भवन तथा भौतिक संरचना निर्माण गर्दा अपनाउनुपर्ने सावधानीलाई बेवास्था गर्दै निर्माण भएका भवनले थप जोखिम निम्त्याइरहेको हुन्छ। शहरी विकास तथा भवन निर्माण विभागले भूकम्पसम्बन्धी सञ्चालन गरेका क्रियाकलापहरुले गर्दा पछिल्लो समयमा निर्माण हुने भवनहरु भवन संहिताभित्र रहेर निर्माण हुनेक्रम पनि शुरु भएको विभागले बताएको छ।

विभागले भवन निर्माण संहिता लागू गराउनका लागि विभिन्न सीपमूलक तालिमसमेत सञ्चालन गर्दै आएको छ।

संहिताविपरीत निर्माण गरिएका भौतिक संरचनाहरुबाट आगामी दिनमा पनि भूकम्पको समयमा ठूलो जनधनको क्षति नहोला भन्न सकिन्न। आम नगरिकहरुले आफू बस्ने भौतिक संरचना निर्माण गर्दा परम्परागत शैलीलाई परिवर्तन गर्दै नयाँ प्रविधिबाट घर निर्माण गर्ने क्रम बढेको छ। भवन संहितासम्बन्धी जानकारी भए पनि कतिपय अवस्थामा प्राविधिक दृष्टिकोणले झन्झटिलो मान्ने र हचुवाकै भरमा समेत घर निर्माण परम्परमा धेरै परिवर्तन आएको संहिता शाखाका इन्जिनिर थापा बताउनुहुन्छ।

संहिता कार्यान्वयन गरेर घर नर्माण गर्दा भूकम्पको समयमा हुन सक्ने ठूलो मानवीय क्षतिको रोक्न सहयोग पुर्‍याउँछ। 'घर तथा अन्य भौतिक संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधी बनाउनका लागि दक्ष प्राविधिकको सहयोग लिई गुणस्तरीय सामग्रीहरुको प्रयोग गरी भवन संहिताको नियमलाई पालना गरी घर तथा संरचना निर्माण गर्नुपर्दछ' -उहाँले भन्नुभयो। भू-बनावटलाई मध्यनजर गर्दै घर निर्माण गर्दा भूकम्प जोखिम न्यूनीकरण गर्नका लागि भूकम्प प्रतिरोधी संरचनाहरु मात्र निर्माण गर्नु आजको आवश्यकता भएको इन्जिनियर थापाले बताउनभुयो।

विभागले घर निर्माणका लागि आवश्यक पर्ने दक्ष कामदारलाई लागि भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्ति तालिमसमेत प्रदान गर्दै आएको छ। तालिमप्राप्त डकर्मी र सिकर्मीको सहभागिता निर्माण हुने घरबाट पनि राष्ट्रिय भवन संहिता अनिवार्यरूपमा पालना हुने विभागले बताएको छ।

भवन संहितालाई प्रभावकारीरूपमा देशभर लागू गर्न घरधनी, सिकर्मी, डकर्मीलगायतलाई प्रेरित गर्नुपर्छ। सरकारको एक्लो कारणले मात्र भवन संहिता लागू गर्न सकिँदैन त्यसैले नागरिकले पनि सहयोगको खाँचो रहेको विभागले बताएको छ। अझै पनि आम नागरिकलाई भवन संहिता बुझाउन नसक्नु, नक्सापास गर्दा चर्को शुल्क हुनु, स्थानीय निकायमा पर्याप्त प्राविधिक जनशक्ति नहुनु, मानिसमा भवन संहिताअनुसार घर निर्माण गर्दा धेरै खर्च लाग्ने भ्रम हटाउन नसक्नेलगायतका चुनौती रहेका छ। भवन संहिता कार्यान्वयन गर्नका लागि नीतिगत र प्राविधिकसँगै सामाजिक र आर्थिक पक्षलाई पनि ध्यान दिनुपर्ने देखिन्छ।

इन्जिनियर थापा भन्नुहुन्छ- 'भूकम्प प्रतिरोधी घर निर्माण गर्दा दक्ष प्राविधिकको साथै तालिम प्राप्त डकर्मी र सिकर्मीको प्रयाग गर्नुपर्छ, परम्परागतरूपमा निर्माण हुने घरलाई अब विस्थापित गर्नुपर्छ, डिजाइन जति राम्रो भए पनि घर निर्माण गर्ने भनेको तालिमप्राप्त डकर्मी र सिकर्मी भएन भने राम्रो घर निर्माण हुन सक्दैन।'

## 'घर निर्माण गर्दा घरधनी सचेत हुनुपर्छ'



**मणिराम गेलाल**
उप-महानिर्देशक, शहरी विकास तथा भवन निर्माण विभाग

भूकम्पपछि नागरिकमा भूकम्प प्रतिरोधी घर निर्माण गर्नुपर्ने चेतनाको विकास भएको छ। राष्ट्रिय भवन संहिता ठूलठूला घर निर्माण गर्दा मात्र होइन गाउँघरमा निर्माण हुने घरका लागि पनि हो। गाउँघरमा मात्र एक तलाको घर निर्माण गर्दा पनि राष्ट्रिय भवन संहिता अनिवार्यरूपमा पालना गर्नुपर्छ। भूकम्पपछि भूकम्प प्रभावित जिल्लाहरुमा निर्माणाधीन घरमा अनिवार्यरूपमा भूकम्प प्रतिरोधी प्रविधिअनुसार निर्माण गरेको छ। घर निर्माणमा अनिवार्य रूपमा प्राविधिहरुले निगरानी र अनुगमन गरका छन्। मापदण्डविपरीत निर्माण हुने घरका लागि किस्ता नै निकास हुँदैन। अहिले नागरिकले भूकम्प प्रतिरोधी घर निर्माण गर्दा सुरक्षित हुन गहिरोसँग मनन गरेका छन्। घर निर्माण गर्दा अपनाउनुपर्ने विधिलाई पालना गरेका छन्। भूकम्प प्रतिरोधी घर निर्माण नगरे नक्सा नै पास नहुने बाध्यकारी नीति लागू गरेका छौं। सबै नगरपालिकामा अनिवार्यरूपमा नक्सापास गर्नुपर्ने प्रावधान छ। अब स्थानीय तहमा पनि क्रमश: यो नियम लागू होला। विभागले घर निर्माणका लागि ग्रामिण क्षेत्रको लागि १७ वटा र शहरी क्षेत्रका लागि १४ वटा गरी ३१ घरको नमुना डिजाइन पनि सम्बन्धित निकायमा पठाएको छ। घरधनीहरुले नमुना नक्सा र सोअनुरूपको घर निर्माण गर्न सक्छन्। घर निर्माण गर्दा स्वयं घरधनीहरु पनि सचेत हुनुपर्छ।

नेपाल समाचारपत्र


# महको म सार्वजनिक


रंगराज आचार्य

ख्यातिप्राप्त हास्य अभिनेता मदनकृष्ण श्रेष्ठको आत्मकथा *महको म* मंगलबार लोकार्पण गरिएको छ। उनको आत्मकथा उनकै जोडी अर्का हास्य अभिनेता हरिवंश आचार्यले विभिन्न कलाकारको उपस्थितिमा विशेष कार्यक्रमका बीच सार्वजनिक गरेका हुन्।

फाइन प्रिन्टसले बजारमा ल्याएको पुस्तक मदनकृष्णले झण्डै ६ वर्ष लामो समयको अन्तरालमा तयार भएको हो। पुस्तक लेखनको अवधिमा श्रीमती क्यान्सरबाट पीडित भएपछि समय लम्बिएको लेखक श्रेष्ठले बताए। पत्नी यशोदा सुवेदीसँग विवाह भएको ४४औं वर्षगाँठ पारेर हास्यव्यंग्य अभिनेता श्रेष्ठले मंगलबार आफ्नो आत्मकथा बजारमा ल्याएका हुन्।

कार्यक्रममा बोल्दै उनका जोडी हरिवंश आचार्यले मंगलबारका दिन मदनकृष्णको पुस्तक प्रकाशन हुनु निकै मंगलमय भएको बताए। कार्यक्रम अवधिभर निकै ठट्यौली पारामा प्रस्तुत भएका आचार्यले भने- 'म दाइ मदनकृष्ण श्रेष्ठलाई जीवनदाइको रूपमा लिन चाहन्छु र पुस्तकको सफलताको पनि कामना गर्दछु। साथी भनेको कि उखु कि चप्पल हो। मदन दाइचाहिँ उखु हो। उहाँको कुनै नराम्रो पक्ष छैन, त्यसले उहाँ गुलियो दाइ हो।' ३७ वर्ष लामो यात्राका क्रममा आफूले मदनकृष्णलाई निकै नजिकैबाट नियालेको र उनको आत्मकथालाई एउटा दस्तावेजको रूपमा लिन उपयुक्त हुने हरिवंशले चर्चा गरे।

मदनकृष्णका कलाकार पुत्र यमन श्रेष्ठले किताब लेख्नजत्तिकै गाह्रो त्यसको शीर्षक राख्न पनि भएको अनुभव सुनाउँदै *नभएको भए यहाँ माया भन्ने कुरा* बोलको गीत गाएर मनोरञ्जन प्रदान गरेका थिए। त्यस्तै मदनपुत्री सह्राना श्रेष्ठले पनि *पहिलो दिन तिमीलाई देख्दा* बोलको गीत प्रस्तुत गरिन्।

पुस्तकको समीक्षा गर्दै आख्यायानकार तथा समीक्षक डा. रवीन्द्र समीरले पछिल्लो समयमा आत्मकथा निकाल्ने प्रचलनको बाढी आए पनि *महको म* आत्मकथा नितान्त फरक र नेपाली साहित्यका लागि अनुपम उपहार हुने चर्चा गरे। '७६ परिच्छेद रहेको आत्मकथा छोटा, मीठा र गहकिला छन्। कतिपय आत्मकथामा लेखकले आफ्नो बढाई-चढाई गरेर आफूलाई उँचो देखाउन प्रयास गर्ने भए पनि यो पुस्तकमा श्रेष्ठ सानो भएर उभिएका छन्' -डा. समीरले भने। मदनकृष्णले आफ्नो आत्मकथा प्रकाशित हुनु नै सबैभन्दा ठूलो उपलब्धि भएको बताए। 'यसलाई म मेरो जिन्दगीको महत्त्वपूर्ण दस्तावेजका रूपमा लिन चाहन्छु' -उनले भने। पुस्तक लेखनका क्रममा आफूलाई सहयोग गर्ने सबैलाई सम्झिँदै उनले निकै कठिन समय र उतारचढावका बाबजुद सबैको मायाका कारण पुस्तक तयार हुन सकेको बताए। कार्यक्रममा उनले *धेरै माया नदेऊ हजुर* र *खोलावारि खोलापारि पीपल र वर* बोलको गीत प्रस्तुत गर्दा सबैले ताली बजाएर साथ दिएका थिए।

*महको म* आत्मकथामा मदनकृष्णले उनको बाल्यकाल, प्रारम्भिक संघर्ष, रुमानी प्रेम र विवाहदेखि कलाकारितामा सफल हुँदासम्मका आरोह-अवरोह, श्रीमतीको क्यान्सरसँग लडाइँ र आफ्नै स्वास्थ्यसँगको पौठेजोरी, जागिरे जीवनका बारेमा प्रकाश पारेका छन्। नेपाली भाषाको साथै नेवारी भाषाका प्रस्तुतिहरुमा पनि उत्तिकै नाम कमाएका मदनकृष्णको यो पुस्तक उनको दोस्रो कृति हो। यसअघि उनको *साझा पृथ्वी* शीर्षकको कृति बजारमा आइसकेको छ।

## दशैंलाई *मंगलम्* पनि



निर्माता छवि ओझाको ब्यानर छविराज प्रोडक्सनको ब्यानरमा नायिका शिल्पा पोखरेलद्वारा प्रस्तुत फिल्म *मंगलम्* विजया दशमीको अवसरमा रिलिज हुने भएको छ। यो फिल्म दीपकराज गिरीलगायतको निर्माण तथा दीपाश्री निरौलाद्वारा निर्देशित फिल्म *छक्का पञ्जा*सँगै आगामी असोज ११ गते रिलिज हुन लागेको हो।

गुण सिनेमा प्रालिसमेतको सहकार्यमा निर्मित पारिवारिक प्रेमकथाको यो फिल्मलाई नवल नेपालले निर्देशन गरेका छन्। दिजेन्द्र शाक्य, साकार ओझा र ओम गुरुङ निर्माता तथा छविराज ओझा कार्यकारी निर्माता रहेको फिल्म यसको फस्ट लुक्स सार्वजनिक गर्दै आगामी असोज ११ मा रिलिजमा आउने यसको निर्माण संस्थाले जानकारी गराएको छ। गोविन्द फुयालको कथा, पटकथा र संवाद निर्देशक नेपाल र गोविन्द फुयालको, दीपक शर्माको संगीत, कविराज गहतराजको नृत्य, विष्णु कल्पित घिमिरेको छायांकन, मित्रदेव गुरुङको सम्पादन रहेको फिल्ममा शिल्पा पोखरेल, साम्राज्ञीराज्यलक्ष्मी शाह, पुष्पल खड्का, पृथिवीराज प्रसाईं, नीर शाह, मिथिला शर्मा, सुशील पोखरेललगायतका कलाकारले मुख्य भूमिकामा अभिनय गरेका छन्।

## पूर्वपत्नी जेनिफरसँग माफ मागे ब्राडले



हलिउड सुपरस्टार ब्राड पिटले पूर्वपत्नी जेनिफर एनिस्टनसँग माफी मागेका छन्। यो खबरसँगै ब्राड र पिटले वर्षौंअघिदेखि बिग्रिएको सम्बन्धमा सुधार ल्याउन सक्ने अनुमान गरिएको छ।

ब्राड पिट र जेनिफर एनिस्टन कुनै बेला हलिउडका सबैभन्दा आकर्षक जोडीका रुपमा चिनिन्थे। तर, ब्राडको जीवनमा एन्जेलिना जोलीको आगमनसँगै ब्राड र जेनिफर अलग भए। त्यसपछि ब्राडले एन्जेलिनासँग १२ वर्ष लामो समय बिताई विवाह गरे।

ब्राड र जोलीको विवाहपछि यो जोडी ब्राजेलिनाको नामले पनि चिनिन थाल्यो। सन् २०१४ मा विवाह गरेको यो जोडी अन्ततः २०१६ मा अलग हुन पुग्यो। यही अवस्थामा ब्राड पिटले पनि आफ्नी पूर्वपत्नी जेनिफरसँग माफी माग्दै जोलीको कारणले अलग हुन परेको बताएका छन्। एजेन्सीले स्रोतलाई उद्धृत गर्दै जनाएअनुसार, जेनिफरले पनि सकारात्मक प्रतिक्रिया दिएकी छिन्।



सन् २००० मा विवाह गरेका ब्राड र जेनिफरले ५ वर्षसम्म वैवाहिक जीवन बिताएका थिए। यसैबीच ब्राड पिट र एन्जेलिना जोलीले फिल्म *मिस्टर एन्ड मिसेज स्मिथ*मा काम गर्दा यति नजिकिए कि जसको कारण ब्राड एनिस्टनसँग अलग भएका थिए।



# विचार

विद्यार्थीको आवाज स्यालको हुइयाँ मात्र होइन, एक कुशल सिकारीको अचुक निशाना हो।
-लेनिन

मैले नेपालको हिमाल देखेको छु र सबैभन्दा बढी त बहादुर नेपालीहरुलाई चिनेको छु।
- माओत्सेतुङ

## सम्पादकीय

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA

# तस्करी नियन्त्रण गर

नेपालभित्र गैरकानुनीरुपमा व्यापार व्यवसाय गर्नेहरुको कारण राज्यलाई ठूलो नोक्सानी हुने गरेको छ। नेपाल भित्रिने नाकाहरुमा कडाइ नगर्दा गलत धन्दा गर्नेहरुले राज्यलाई नोक्सानी गर्ने गरी अवैध ढंगले सामान भित्र्याउने गरेका छन्। केही वर्षयता सुन तस्करीमा संलग्नहरु धमाधम पक्राउ पर्न थालेका छन्। विशेष गरी चीनबाट सेटिङमा भित्रिने सुन प्रहरीको आँखा छल्दै राजधानी काठमाडौंलगायत देशका विभिन्न क्षेत्रमा पुग्ने गरेको पाइन्छ।

प्रहरीले राजधानीबाट ८८ किलो सुन बरामद गरेको छ। तिब्बतको र नेपालको नाका रसुवागढीबाट नेपाल प्रवेश गरेको सुन बोकेको गाडी बाटोमा कहीँ–कतै पनि चेकिङ नभई राजधानी आइपुगेको तथ्य प्रहरीले सार्वजनिक गरेको छ। सो नाकाबाट राजधानी भित्रिएको सुन किन बाटोमा नै पक्राउ परेन ? निकै गम्भीर प्रश्न उब्जिएको छ ? सुरक्षा निकायले कडाइ नगर्दाको परिणाम हो भन्नेमा दुईमत छैन।

रसुवादेखि काठमाडौंसम्म सुन ल्याउने गाडी निर्बाधरुपमा कसरी आइपुग्यो ? अवैध सुन भित्रिने गरेको अनुमान गर्ने प्रहरीले सुन भित्रिने नाकामा किन कडाइपूर्वक जाँच गर्दैन ? यसले कतै प्रहरीकै मिलेमतोमा नै सुन तस्करी त भइरहेको छैन ? भन्ने गम्भीर प्रश्न पनि जन्माएको छ। चीनबाट अवैधरुपमा नेपाल भित्रिने गरेको सुन भारतमा जाने गरेको तथ्य प्रहरीले सार्वजनिक गर्दै आएको छ। नेपाललाई ट्रान्जिट बनाई भारतलगायतका देशहरुमा सुन तस्करी भइरहेको तथ्य प्रहरीले सार्वजनिक गर्ने गरे पनि तस्करी रोक्न भने प्रहरीको भूमिका प्रभावकारी देखिएको छैन। किन सरकारले अवैध तस्करी रोक्न सकेको छैन ?

यसअघि पनि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट ३४ किलो सुन बरामद भएको थियो। सरकारले सुन तस्करीमा संलग्न संगठित गिरोहलाई किन पक्राउ गर्न सकिरहेको छैन ? सरकारले संगठितरुपमा तस्करी र गलत काम गर्नेहरुलाई नियन्त्रण गर्न प्रभावकारी कदम चाल्नुपर्छ। सुन तस्कर पक्राउ पर्ने र दबाबमा छुट्ने गरेका छन्। प्रहरीले पनि अहिले ८८ किलो सुन बरामद गर्नु सफलताको विषय हो। यो सँगै प्रहरीले नाकाहरुबाट सुन तस्करी नै हुन नदिन सचेत हुनुपर्छ। धाराको टुटी सफा गर्नुभन्दा मुहान नै सफा गर्न प्रहरीको ध्यान जान जरुरी छ। सुन तस्करीलगायतको कुनै पनि तस्करी हुन नदिन सरकार गम्भीर बन्नै पर्छ।

**लेखकहरुलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरु निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।

email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# औचित्यहीन सांसद विकास कोष



रुपनारायण खतिवडा

निर्वाचन क्षेत्र विकास कार्यक्रम र निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रमलाई विगतदेखि नै आमरुपमा सांसद विकास कोष भनेर चिनिने गरिन्छ। कोषबाट सञ्चालन गरिने कार्यक्रम र आयोजनाहरु तथा कोषको सदुपयोगका सन्दर्भमा केही नकारात्मक पाटाहरु रहेको भए पनि केही हदसम्म यी कार्यक्रमहरुले मुलुकभरका सबै निर्वाचन क्षेत्रका जनताको स्थानीय आवश्यकता सम्बोधनका लागि सहयोग पुऱ्याइरहेका छन्। चालू आर्थिक वर्षको बजेटमा पनि यी कार्यक्रमहरुलाई निरन्तरता दिइएको छ। तर, पछिल्लो समयमा मुलुकमा संघात्मक शासन व्यवस्थाको कार्यान्वयन भई स्थानीय तहको गठन हुनुका साथै ती तहमा जनप्रतिनिधिहरुको बहालीसमेत भइसकेको सन्दर्भमा यी कार्यक्रमहरुको निरन्तरता संघीयताको मर्म विपरीत र औचित्यहीन देखिएको छ।

आमबुझाइमा सांसद विकास कोष भनिए पनि व्यवस्थापिका संसद्का सदस्यहरुको सिफारिसका योजनामा खर्च हुने कार्यक्रम २ प्रकारका छन्। पहिलो, २०५८ सालदेखि सञ्चालनमा ल्याइएको निर्वाचन क्षेत्र विकास कार्यक्रम हो भने दोस्रो कार्यक्रम २०७१ सालदेखि सञ्चालनमा रहेको निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम हो। विगतमा स्थानीय निकायमा वर्षौंसम्म जनप्रतिनिधिहरुको रिक्तता रहँदा तत्कालीन अवस्थाका निर्विकल्प जनप्रतिनिधिहरुका रहेका सांसदहरुलाई स्थानीय जनताको आवश्यकता सम्बोधन गर्न र सानातिना विकास निर्माणलाई गति दिन सांसद विकास कोषअन्तर्गतका यी कार्यक्रमहरुको अपरिहार्यता स्वाभाविक नै रहेको थियो। लोकतान्त्रिक परिपाटीमा आफूले छनौट गरेर पठाएका जनप्रतिनिधिसँग सम्बन्धित क्षेत्रका जनताले केही माग, गुनासा एवं समस्या राख्नु र समाधानको अपेक्षा गर्नुलाई अन्यथा मान्न मिल्दैन। सत्तारुढ दलका केही प्रभावशाली सांसदबाहेकले बजेट तर्जुमाका बखत आफ्नो क्षेत्रका जनताको अपेक्षाअनुसारका आयोजना बजेटमा पार्ने र अपेक्षारत जनताका लागि केही लैजान सक्ने प्रणाली बन्न नसकिरहेको अवस्थामा कम्तीमा एक निर्वाचन क्षेत्रलाई तोकिएबमोजिमको रकम न्यूनतमरुपमा पाउन सक्ने अवस्था यो कार्यक्रमले सिर्जना गरेको थियो। कोषको सदुपयोगका सन्दर्भमा कतिपय स्थानहरुमा विभिन्न खाले समस्याहरु देखा परेता पनि समग्रमा यसले विकास निर्माणका स्थानीय आवश्यकतालाई जनप्रतिनिधिमार्फत सम्बोधन गर्ने मार्गप्रशस्त गर्नमा सहयोग पुऱ्याएको तथ्यमा दुईमत छैन। तर, अबका दिनमा अधिकारसम्पन्न स्थानीय तहको गठन हुनुका साथै जनप्रतिनिधिहरुसहित स्थानीय सरकार खडा भइसकेको छ। स्थानीय विकास निर्माणको काम स्थानीय सरकारबाटै हुने भएकोले संघीयता कार्यान्वयनका क्रममा संविधानप्रदत्त अधिकारहरुसँगै स्रोतको हिसाबले समेत ती तहहरुलाई सामर्थ्यवान् तुल्याउनु अहिलेको टड्कारो आवश्यकता हो। तर, यस खाले आवश्यकतालाई नजरअन्दाज गर्दै कोषको निरन्तरता दिइनु स्थानीय तह, तिनका जनप्रतिनिधिहरु र समग्रमा स्थानीय जनताकै अवमूल्यन गरिनु पनि हो।

> बजेटमार्फत स्थानीय तह र प्रदेशका लागि रकम छुट्याइसकेको अवस्थामा फेरि सांसदहरुका लागि कोषमार्फत रकम विनियोजन गरिँदा स्थानीय तहबाट सञ्चालन गरिने तथा सांसद विकास कोषबाट सञ्चालन गरिने कार्यक्रम/आयोजनाहरुमा दोहोरोपना देखिने खतरा उत्तिकै रहन्छ। यसो हुनु भनेकोराज्यस्रोतको विवेकशीलउपयोग नहुनु र नागरिक आवश्यकताको सही सम्बोधन नहुनु हो।

मुलुकमा २० वर्षपछि स्थानीय तहको निर्वाचन सम्पन्न भइसकेको र एउटा प्रदेशका स्थानीय तहमा निर्वाचन हुने क्रममा रहेको छ। संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचनाअन्तर्गतको एउटा तहका रुपमा रहेको स्थानीय तह विगतका तुलनामा विस्तारित अधिकारसहितका अधिकारसम्पन्न र संवैधानिक मान्यतायुक्त रहेका छन्। संविधानमा यो तहका लागि विभिन्न २२ वटा विषयक्षेत्रका अधिकारहरु लिपिबद्ध गरिएका छन्। संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा पनि १५ वटा अधिकारहरु रहेको अवस्था छ। मूलतः यी अधिकारहरु प्रशासनिक, राजनीतिक, सामाजिक, विकासात्मक र वित्तीय क्षेत्रसँग सम्बन्धित र फराकिला दायरामा रहेका छन्। यस किसिमको बृहत्तर अधिकारहरुलाई क्रियान्वित तुल्याउनका लागि चालू आर्थिक वर्षबाट केन्द्रीय बजेटको उल्लेख्य हिस्सा स्थानीय तहमा विनियोजन भइसकेको छ। आर्थिक वर्ष २०७४/७५ को बजेटमार्फत वित्तीय समानीकरण अनुदान र ससर्त अनुदानसमेत गरी २ खर्ब २५ अर्ब अर्थात् यस वर्षको कुल बजेटको करिब १८ प्रतिशत रकम सोझै स्थानीय तहमा विनियोजन भएको देखिन्छ। यसबाहेक, स्थानीय तहले प्रचलित कानुनबमोजिम विभिन्न किसिमका करलगायतबाट आर्जन गर्ने आन्तरिक आय पनि उत्तिकै रहेको हुन्छ। यसरी वित्तीय हस्तान्तरणको माध्यमबाट प्राप्त गर्ने स्रोत र स्वआर्जन गर्ने स्रोतसमेतका आधारमा सम्बन्धित गाउँसभा र नगरसभाबाट बजेट तथा कार्यक्रम पारित गरी कार्यान्वयन गर्न सक्ने अधिकार स्थानीय तहमा रहेको छ। यस वर्ष केन्द्रीय बजेटबाट विनियोजित रकमको हिस्सा स्थानीय तहका सबै खाले आवश्यकता पूरा गर्न पर्याप्त नहोला तर अबका स्थानीय तह आफैं स्वायत्त भएकोले आफ्ना विकास निर्माण सम्बद्ध योजना बनाउने र खर्च गर्ने अधिकार ती तहहरुमा नै निहित रहेको छ। तर, केन्द्रीय संसद्का सांसदहरुलाई स्थानीय स्तरका आयोजनामा खर्च गर्ने गरी बजेट उपलब्ध गराइँदा यसले केन्द्रीय नियन्त्रण प्रणालीलाई नै बढावा दिएको छ। यो स्थितिमा साबिकमा कायम रहेका निर्वाचन क्षेत्रका सांसदहरुले खर्च गर्न पाउने गरी सांसद विकास कोषमा ११ अर्ब रकम विनियोजन गरिनु आफैंमा संघीयताको मर्म र सैद्धान्तिक अवधारणा विपरीत रहेको देखिन्छ।

बजेटमार्फत स्थानीय तह र प्रदेशका लागि रकम छुट्याइसकेको अवस्थामा फेरि सांसदहरुका लागि कोषमार्फत रकम विनियोजन गरिँदा स्थानीय तहबाट सञ्चालन गरिने तथा सांसद विकास कोषबाट सञ्चालन गरिने कार्यक्रम/आयोजनाहरुमा दोहोरोपना देखिने खतरा उत्तिकै रहन्छ। यसो हुनु भनेको राज्यस्रोतको विवेकशील उपयोग नहुनु र नागरिक आवश्यकताको सही सम्बोधन नहुनु हो। यस खाले जटिलताहरुकै कारण स्थानीय तहमा जाने अनुदान र निर्वाचन क्षेत्रका लागि सांसदहरुमार्फत विनियोजन गरिने रकमलाई एउटै डालोमा हालेर एकमुष्टरुपमा सोझै स्थानीय तहमा विनियोजन गरिन लागेको चर्चा बजेट तर्जुमा चरणमा निकै चलेको थियो। स्थानीय तहको संरचना क्रियाशील भइसकेको अवस्थामा सांसद विकास कोषमा छुट्याइने रकमलाई समेत स्थानीय तहमा नै पठाउनुपर्ने सुझाव अर्थविद्हरुले मात्र हैन कतिपय सांसदहरुले समेत दिएका समाचारहरु बजेट तर्जुमाका चरणमा सार्वजनिक भएका थिए। तथापि, स्थानीय तथा ग्रामीण पूर्वाधारअन्तर्गत सांसदहरुले छनौट गरेका आयोजनाहरु कार्यान्वयन गर्ने गरी सबै सांसदहरुमार्फत उपलब्ध हुने रु. ५० लाख र प्रत्येक निर्वाचित क्षेत्रबाट निर्वाचित सांसदहरुमार्फत उपलब्ध हुने रु. ३ करोडबाट सञ्चालन हुने निर्वाचन क्षेत्र विकास कार्यक्रमलाई यथावत् राखिएको यस आर्थिक वर्षको बजेट वक्तव्यमा उल्लेख भएको र त्यही रुपमा यस वर्षको बजेटसमेत पारित भइसकेको अवस्था छ।

चालू आर्थिक वर्षमा सांसद विकास कोषबाट खर्च गर्ने सन्दर्भमा संवैधानिक र कानुनी जटिलता पनि उत्तिकै रहेको देखिन्छ। नेपालको संविधानको व्यवस्थाअनुसार आगामी माघ ७ गतेभन्दा पछि अहिलेको व्यवस्थापिका संसद् र सांसदहरु बहाल रहन सक्दैनन्। यसको अर्थ, चालू आर्थिक वर्षको आधा समय मात्रै कायम रहने र त्यसपछि वर्तमान स्वरुपमा अस्तित्वमा नै नरहने संसद् र त्यसको सदस्यका रुपमा रहेका सांसदहरुमार्फत खर्च गर्ने गरी वार्षिक बजेटमा सांसद विकास कोषमा रकम विनियोजन गरिनु संविधानको प्रावधान र बजेटको सिद्धान्तअनुसारसमेत औचित्यपूर्ण रहेको देखिँदैन। यसै गरी, विगतमा कायम रहेका २ सय ४० निर्वाचन क्षेत्रहरुलाई वर्तमान संविधानको व्यवस्थाअनुसार १ सय ६५ निर्वाचन क्षेत्रमा निर्धारण गर्नका लागि निर्वाचन क्षेत्र निर्धारण आयोगसमेत गठन भई क्रियाशील रहेको छ। यसबाट नयाँ संविधानअनुसार निर्वाचन क्षेत्र निर्धारण हुनासाथ तत्कालीन समयमा कायम रहेका र आफू निर्वाचित भएको निर्वाचन क्षेत्रको समेत अस्तित्व नरहने स्थितिमा कोषको रकम खर्च गर्ने क्षेत्रमा समेत जटिलता रहेको छ। यति मात्र हैन, निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७१ को व्यवस्थाअनुसार यो कार्यक्रमअन्तर्गत सञ्चालन हुने आयोजनाको छनौट, कार्यान्वयन र व्यवस्थापनको कार्यलाई निर्देशित गर्न प्रत्येक निर्वाचन क्षेत्रमा निर्वाचन क्षेत्र विशेष कार्यक्रम निर्देशन तथा व्यवस्थापन समिति रहने व्यवस्था छ। समितिले एक वर्षभित्र कार्यान्वयन गर्न सकिने आयोजनाहरुको कार्यान्वयन तालिकासहित आयोजना कार्यान्वयन गर्ने जिम्मेवार विषयगत कार्यालय तोकी सम्बन्धित जिल्ला विकास समितिमा हरेक आर्थिक वर्षको पहिलो चौमासिकभित्र पेस गर्नुपर्ने व्यवस्था पनि नियमावलीमा रहेको छ। यसरी तय गरिएका कार्यक्रम जिल्ला विकास समितिमा पेस भएपश्चात् जिल्ला विकास समितिले नै सञ्चालन गर्ने व्यवस्था गरिएको छ। जसअनुसार, यी कार्यक्रम गर्नका लागि विनियोजन भएको बजेट स्थानीय विकास अधिकारीलाई अख्तियारी जाने र कार्यालयको बैंक खातामार्फत रकम खर्च गर्ने व्यवस्था छ। तर, जिल्ला विकास समितिहरु भंग भइसकेको हालको स्थितिमा कोषको सञ्चालनमा शुरुवाती चरणबाटै कानुनी जटिलतासमेत देखा परिरहेको छ।

विगतमा एकात्मक स्वरुपको सरकार रहँदा अपनाउँदै आएको बजेट तर्जुमाको परिपाटीले मुलुकका सबै तह-तप्काका जनताको आवश्यकता अपेक्षितरुपमा प्रतिबिम्बित गर्न सकेको थिएन। तर पछि सानै अंशको रकम भए पनि सांसद विकास कोषअन्तर्गतका कार्यक्रमले मुलुकका सबै निर्वाचन क्षेत्रका जनताको स्थानीय आवश्यकता सम्बोधनका लागि केही हदसम्म सहयोग पुऱ्याइरहेको थियो। तर संघीय शासन प्रणालीको अवलम्बनसँगै अधिकारसम्पन्न स्थानीय तहको गठन भइसकेको अवस्थामा स्थानीय आवश्यकताको सम्बोधनका लागि छुट्याइने यो बजेटलाई सोझै सम्बन्धित तहमा नै पठाइनु सैद्धान्तिक एवं व्यावहारिक दुवै कोणबाट सान्दर्भिक हुन आउँछ। यो स्थितिमा बेलैमा यस दिशातर्फ तदारुकता देखाउन सके बजेटको सफल कार्यान्वयनका साथै नवीन शासकीय पद्धतिको दिगोपनाको अपेक्षासमेत गर्न सकिन्छ।

## पाठक पत्र

### किन रोकिन्न पैसा असुल्न ?

सरकारले बूढीगण्डकी जलविद्युत् आयोजना बनाउने जिम्मा चिनियाँ कम्पनीलाई दिएको अवस्था छ। यसो भइरहँदा पनि उपभोक्ताबाट पैसा असुल्न अझै रोकिएको छैन। बूढीगण्डकी आयोजना बनाउन भन्दै सरकारले आर्थिक वर्ष ०७२/७३ जेठ १६ गतेबाट इन्धनमा कर लगायो। सोही करबाट संकलन भएको रकम आयोजनमा खर्च गर्ने बजेटमा उल्लेख पनि थियो। ०७३/७४ सम्म उक्त कर शीर्षकमा करिब ११ अर्ब संकलन भएको समाचार आमसञ्चारमाध्यममा आइसकेका छन्। मैले यसअघि पनि समाचारपत्रमार्फत सचेत गराएको थिएँ। तर यो विषयको समाधान हुन सकेको छैन।

ऊर्जा मन्त्रालयले जेठ तेस्रो साता चिनियाँ कम्पनी चाइना गेजुवा वाटर पावर ग्रुप एन्ड कम्पनी (सीजीजीसी) लाई आयोजना निर्माण गर्न दिने सम्झौता पनि गऱ्यो। बूढीगण्डकी जलविद्युत् आयोजना इन्जिनियरिङ प्रोक्योरमेन्ट कन्स्ट्रक्सन एन्ड फाइनान्स (ईपीसीएफ) मोडलमा निर्माण गर्न ऊर्जा मन्त्रालय र सीजीजीसीबीच प्रारम्भिक सम्झौतापत्र (एमओयू) मा हस्ताक्षर भए पनि उपभोक्ताबाट रकम असुल्न रोकिएको छैन। अहिले पनि यो काम रोकिएको छैन। जलविद्युत् आयोजना बनाउने नाममा कर लगाउँदा हामीले स्वागत नै गरेका थियौं। तर, बूढीगण्डीलाई सरकारले नै अर्को कम्पनीलाई ठेक्का दिएको अवस्थामा निगमले प्रतिलिटर ५ रुपियाँ असुल्नु ठगी धन्दा हो। ठगी धन्दा तत्काल रोक्नुपर्छ। उपभोक्ताबाट ५ रुपियाँको दरले असुलेको रकम जनताको नाममा शेयरमा लगानी गर्नुपर्छ अथवा नेपाल सरकारको खातामा जानुपर्छ।

*निता पौडेल, काठमाडौं*

### अनधिकृत औषधि पसल बन्द गर

रुकुमका गाउँ-गाउँमा अधिकांश औषधि पसलहरु अनधिकृतरुपमा सञ्चालन भइरहेका छन्। त्यस्ता औषधि पसलबाट मिति सकिएका औषधिहरु बिक्री वितरण पनि हुँदै आएका छन्। कुनै औषधि पसलहरुले त एउटा रोगको लागि भनेर अर्कै औषधि दिने गरेको पनि देखिन्छ यहाँ। बिरामी भएपछि औषधि गर्न मेडिकल जान्छौं, केही थाहा हुँदैन तर कतिपय ठाउँमा समय सिद्धिएका तथा एउटा रोगको भनी अर्कैको औषधि दिन्छन्। हामीले विश्वासले खानु नै पर्छ। हामी म्यादको मिति हेर्न तथा औषधि चिन्न सक्दैनौं।

औसतमा जिल्लाका अन्य क्षेत्रभन्दा विकसित मानिएको चौरजहारी नगरपालिकामा समेत अधिकांश मेडिकल अवैधरुपमा सञ्चालन भए पनि सम्बन्धित निकाय मौन रहेको देखिन्छ। नगरपालिकाका विभिन्न ठाउँमा सञ्चालन गरिएका ८० प्रतिशत बढी मेडिकल अवैध सञ्चालन भइरहेको जस्तो मलाई लागेको छ। धेरै औषधि पसल तथा मेडिकलहरु त दर्ताविनै सञ्चालन भएका छन्। नगरपालिकाभित्र चौरजहारी बजार, मेलैनाउली, नार्जी, चन्द्रबजार, चौफा, नुवाकोट गरी २० भन्दा बढी मेडिकल सञ्चालनमा रहेका छन्। ती औषधि पसलको हालसम्म कतैबाट पनि अनुगमन भएको छैन। औषधिजस्तो संवेदनशील विषयमा मनपरि चलिरहेको तर सम्बन्धित निकाय भने मुकदर्शक बनिरहेको अवस्था छ।

जिल्लाभित्रका धेरैजसो औषधि पसलहरु सीएमए पढेकाहरुले सञ्चालन गर्दै आएका छन्। उनीहरुले आफैं बिरामीको जाँच गर्दै औषधि बेच्ने गर्दछन्। त्यति मात्रै हैन, अनुमानका भरमा औषधि दिने गरिन्छ। स्वास्थ्यजस्तो संवेदनशील क्षेत्रमा लापर्वाही आखिर कहिलेसम्म ?

*- सरोज सुनार, रुकुम*

### कर्मचारी व्यवस्थापन कहिलेसम्म ?

स्थानीय तहले पूर्णता पाएको छ। जनप्रतिनिधि हौसिएरै काममा लागेको अवस्था छ। नेपाल पूर्णता संघीय व्यवस्थामा गइसकेको अवस्था छ। प्रदेश र संघको चुनाव पनि हुने लागेको छ। संघीय राज्य व्यवस्थामा जानै नसक्ला भन्ने शंका पनि अब केही मत्थर भएको अवस्था छ। मुख्य समस्या कर्मचारी व्यवस्थापनमा आएको कुरा छर्लंग भएको छ। यसमा कोही पनि गम्भीर छैनन्। सरकारले यो विषयलाई पर फाल्दा समस्या भएको हो। कर्मचारीको कारणले संघीयता कार्यान्वयन हुन दिइएन भने जनतालाई मान्य हुनेछैन।

संघीय राज्य व्यवस्था र कर्मचारीलगायतका सम्पूर्ण संघीय संरचनाका लागि भनेर हाम्रो मुलुकका जनप्रतिनिधि र वरिष्ठ कर्मचारीहरु अहिले पनि विभिन्न बहानामा करोडौं रुपियाँ विदेश सयरमा उडाएको अवस्था छ। केन्द्रमा सचिव र उपसचिवसँगै खधिकृतदेखि सुब्बा, खरदारसम्मको सरुवाको मेला छ। तर स्थानीय तहमा कर्मचारी व्यवस्थापनमा कसैको ध्यान गएको छैन। अहिलेसम्म कर्मचारी व्यवस्थापन गर्न नसक्नु नै संघीयताका लागि अभिशाप बनेको छ।

यहाँ राजा ब्यूँताउनेदेखि जंगबहादुर शासन चलाउन खोज्नेको हाबी हुने अवस्था छ। हालिमुहालीमा पदासीन कर्मचारी जननिर्वाचित प्रतिनिधिको मातहतमा काम गर्न मन नगरेको अवस्था छ। हिजोको अवस्थामा राजनीतिक दलका नेताहरुलाई सल्लाह-सुझाव दिने कर्मचारी अहिले उनीहरुको निर्देशनमा काम गर्न सकस भएको छ। देश छाडा कर्मचारीको कारणले बिग्रिएको पनि छ, यसलाई व्यवस्थित गराउनु तत्कालको जरुरी काम भएको छ। राजनीतिक आस्थाका कारणले कर्मचारी र जनप्रतिनिधिको तालमेल नमिल्नुलगायतका तमाम कारण पनि अहिले देखिएको छ। यो विषयमा गम्भीर भएर काम गर्न जरुरी छ।

*- सुविर राना, गल्कोट, बाग्लुङ*

### गुनासो पेटिका व्यवस्थापन गर्न जरूरी

सेवाग्राहीका गुनासा संकलन गर्न कार्यालयमा राखिएका गुनासो पेटिकाहरु अहिले कार्यालयमा धमिरो लागेको अवस्थामा देखिन्छन्। गुनासाहरु आउन छाडेपछि त्यस्तो अवस्था आएको कार्यालयका कर्मचारीहरु बताउँछन्। यस्ता पेटिका थन्किनुमा जनतासँग प्रत्यक्ष सेवाप्रवाहको निरन्तर सम्पर्क नहुनु मुख्य कारण देखिन्छ। सूचना प्रविधि नपुगेका दूरदराजका गाउँहरुमा पनि यो समस्या देखिएको छ।

यहाँ सुर्खेतका विभिन्न कार्यालयहरुमा राखिएका गुनासो पेटिकाहरुमा वर्षभरिमा नगन्य मात्रामा गुनासा आएका छन्। जिल्ला समन्वय समिति सुर्खेतको कार्यालयमा राखिएको गुनासो पेटिकामा अहिले गुनासो आउने क्रम लगभग बन्द नै भएको छ। गुनासो पेटिकामा राखिएका गुनासाहरुको सम्बोधन नहुने अर्को समस्याले पनि गुनासो आउँदैनन्। अर्को कुरा, यो प्रक्रिया झन्झटिलो पनि छ। पहिले-पहिले नागरिकहरुलाई कार्यालय प्रमुखलाई भेट्नै समस्या हुन्थ्यो, त्यसैले गुनासो पेटिकाको व्यवस्था गरियो। तर आजभोलि सीधै फोन तथा एसएमएसबाट पनि गुनासो सुन्न सकिने भएकोले पनि यो सेवा सुस्ताएको छ। यसलाई धमिरो लगाएर राख्नुभन्दा नयाँ ढंगले व्यवस्थापन गरेर चलाउँदा राम्रो होला।

*- शिव शर्मा, सुर्खेत*

## सामाजिक सञ्जाल



मा. मन्त्रीज्यूहरू आफैं तार काट्न, पसलमा छापा हान्न कुदेकोमा आपत्ति छैन। सस्तो चर्चाभन्दा पद्धति बनाउने अनि जनता पनि सचेत छन् भनी बुझिदिने कि।

**Rajaram Bartaula**
**@rrbartaula**



आत्मविश्वासी बनेर अघि बढ्ने कला सिकौं, अरूको सहारामा हिंड्दा थाहै हुँदैन, कुन मोडमा गएर त्यो सहाराले धोका दिन्छ।

**Narayan acharya**
**@Narayan18697001**



यति त विश्वास छ कि तिम्रो मौनतामा पनि भावहरू पढ्न सक्छु, तर पनि शब्दरूपी जालहरू शक्तिशाली भैदिन्छ, म के गरौं ?

**Atma Guragain**
**@AtmaGuragain**

> सरकारले ५ वर्षभित्र पुनर्निर्माणको काम सक्ने भनेको भए पनि विभिन्न समस्या गर्दा अन्य भौतिक संरचनाभन्दा पनि व्यक्तिको निजी आवास निर्माणमा कठिनाइ देखिएको छ।



# एकताका लागि वैद्यदेखि मोहनविक्रमसम्म छलफलमा

**नेपाल समाचारपत्र**

काठमाडौं

कम्युनिस्ट पार्टीभित्र तीन घटकबीच एकताका लागि व्यापक गृहकार्य भइरहेको खुल्न आएको छ। विशेषतः नेकपा क्रान्तिकारी माओवादी, नेपाल कम्युनिस्ट पार्टी र नेकपा मसालबीच एकताका विषयमा शीर्षस्थ नेताबीच आन्तरिकरूपमा छलफल भइरहेको छ।

सो पार्टीबीच राष्ट्रिय मुद्दामा कार्यगत एकता हुँदै आएको छ। विशेषतः वैद्य माओवादी, नेपाल कम्युनिस्ट पार्टी र नेकपा मसालबीच कार्यगत एकता भएको छ। राष्ट्रियता जनजीविकाका सवाल र प्रत्यक्ष सरोकार राख्ने विषयमा एकता भएको सो पार्टीका शीर्षस्थ नेताहरूले बताएका छन्।

यद्यपि पार्टी नै एकता नभए पनि एकताका विषयमा अनौपचारिक छलफल भएको नेपाल कम्युनिस्ट पार्टीका नेता पूर्णबहादुर सिंहले बताउनुभयो। उहाँले भन्नुभयो- 'कार्यगत एकता भएको त छ तर पार्टी नै एकता हुने भन्ने कुरा भने यथार्थ होइन।'

यस्तै नेकपा माओवादी केन्द्रले पार्टी एकताका विषयमा चरण-चरणमा छलफल भइरहेको बताएको छ। विशेषतः पार्टीका उच्च र दोस्रोस्तरका नेताहरूबाट पार्टी एकताकै विषयमा छलफल भएको सो पार्टीले जनाएको छ।

पार्टीका प्रवक्ता पम्फा भुसालले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'पार्टी एकताकै लागि विचार मिल्नेलाई अपिलसमेत गरिसकेका छौं। उहाँहरू आउनुभएको त छैन। नयाँ शक्तिका केही नेतासँग एकता त भइसक्यो। राजावादी, फोरमलगायतका पार्टीका केही साथीहरू ध्रुवीकरणकारूपमा आउनुभएको छ।'

माओवादी केन्द्रले पार्टीलाई चुस्तदुरुस्त बनाउन आफूहरूले पहल गरिरहेको बताएको छ। पार्टीका प्रवक्ता भुसालले थप्नुभयो- 'केही समयअघि नयाँ शक्तिका बाबुराम भट्टराई र हाम्रो पार्टीका अध्यक्षबीच एकता प्रक्रियाका विषयमा छलफल भइरहेको छ। वैद्य माओवादीसँग चाहिँ पार्टीका दोस्रोस्तरका नेताहरूले छलफल गरिरहनुभएको छ। हाम्रो आह्वान छिटो एकता हुनुपर्छ भन्नेछ।'

यस्तै नेकपा क्रान्तिकारी माओवादीले राष्ट्रियताका विषयमा विप्लवनिकट नेपाल कम्युनिस्ट पार्टी र नेकपा मसालसँग कार्यगत एकता गर्दै आएको छ। वैद्य माओवादी निकट उच्च स्रोतकाअनुसार केही दलसँग कार्यगत एकता भए पनि पार्टी नै एकता गर्ने विषयमा भने छलफल नचलेको बुझिएको छ।

अनौपचारिकरूपमा शीर्षस्थ नेताहरूबीच एकताका विषयमा कुराकानी भने हुने गरेको बुझिन आएको छ। यसै गरी नेकपा मसालले पार्टी एकताको विषय ख्याल ठट्टा नभएको भन्दै नफुट्ने गरी एकताका लागि सूक्ष्म तबरले बहस भइरहेको जनाएको छ।

नेकपा मसालका महामन्त्री मोहनविक्रम सिंहले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'एकताको प्रश्नले विगतमा धेरै क्षति भयो। संघीयता संविधान, धर्मनिरपेक्षतालगायतका सैद्धान्तिक विषयमा हाम्रो अडान कायमै छ। राष्ट्रिय मुद्दामा भने नेकपा क्रान्तिकारी माओवादी, नेपाल कम्युनिस्ट पार्टी र हामीबीच कार्यगत एकता भइरहेको छ। औपचारिकरूपमा एकताको विषयले अझै प्रवेश पाएको छैन। हामीले एकताको विषयलाई हल्कारूपमा ल्याएका छैनौं।'

# शताब्दि पुरुष जोशी अभिनन्दन भदौ ३० मा हुने



काठमाडौं, (नेस)

वाङ्मय शताब्दि पुरुष डा. सत्यमोहन जोशीको भदौ ३० गते शुक्रबार अभिनन्दन गर्ने कार्यक्रम रहेको छ। नेवाः जागरण मञ्चको संयोजनमा लक्ष्मीदास मानन्धरको संयोजकत्वमा स्थापित 'वाङ्मय शताब्दि पुरुष सत्यमोहन जोशी सम्मान' समितिले उक्त अभिनन्दन कार्यक्रम भव्यरूपमा सम्पन्न गर्नका लागि उपसमिति गठन गरेको छ। डा. जोशीलाई भव्यरूपमा सम्मान गर्नका लागि वसन्तपुरबाट दिउँसो १ बजे नेपाली सेनाको बग्गी एवं ब्यान्डसहितको टोलीले ग्याली नगर परिक्रमापश्चात् राष्ट्रिय सभागृहमा अभिनन्दन गरिने कार्यक्रम रहेको छ।

काठमाडौं महानगरपालिकाको सहयोगमा हुनलागेको उक्त सम्मान कार्यक्रममा सांस्कृतिक बाजागाजाका साथ विभिन्न सांस्कृतिक झाँकीको प्रदर्शन हुने तथा धिमे, बाँसुरी, धाः बाजासहित विभिन्न सांस्कृतिक कार्यक्रम र धार्मिक विधिअनुसार सम्मान गरिने कार्यक्रम रहेको जानकारी समितिका सदस्य सुजीव वज्राचार्यले दिएका छन्। उक्त कार्यक्रममा जनकवि दुर्गालाल श्रेष्ठले वाङ्मय शताब्दि पुरुष सत्यमोहन जोशीको सेरोफेरोमा लिखित कविता वाचन गर्नुहुने छ। कार्यक्रममा सत्यमोहन जोशीको जीवनी तथा उहाँले अहिलेसम्म गर्नुभएको योगदानको झलकदेखि उहाँद्वारा लिखित पुस्तकहरूको प्रदर्शनी पनि हुनेछ।

सम्मान एवं अभिनन्दन कार्यक्रम भव्यरूपमा मनाउनका लागि गठित आर्थिक समिति, महिला परिचालन समिति, हल व्यवस्थापन समिति, संघ-संस्था प्रतिनिधिहरूसँग छलफल बैठक भइसकेको छ भने विभिन्न उपसमितिको बैठक पनि हुने भएको छ। यही क्रममा, विभिन्न संस्थाबाट सम्मान कार्यक्रममा सम्मान अर्पणको विषयमा सार्वजनिक सूचना प्रकाशित गर्ने तयारी भइरहेको छ।

# सडक अवरुद्ध हुँदा किसान मर्कामा

सुरेश तामाङ, ललितपुर

दक्षिण ललितपुरका किसानले आफूले उत्पादन गरेको दूध र तरकारी २ महिनादेखि राजधानी ल्याउन सकेका छैनन्। वर्षात्पछिको पहिरोका कारण सडकमा क्षति पुगेपछि त्यहाँ उत्पादन भएका दूध र तरकारी राजधानी आउन नसकेको हो।

जिल्लाको दक्षिण भेगबाट गोटीखेल-चन्दनपुर-ठूलादुर्लुङ-गिम्दी-भट्टेडाँडा जोड्ने सडकखण्ड वर्षात्ले अवरुद्ध पारेको थियो। पहिरोले बाटो अवरुद्ध भएपछि जिल्लाको दक्षिणी भेगमा रहेका महाँकाल र बाग्मती गाउँपालिकामा उत्पादन हुने कृषि जन्य वस्तुहरू खेर जान थालेको चन्दनपुरका स्थानीय विनोद चलाउनेले बताउनुभयो।

राजधानीमा दैनिक १० हजार लिटरको हारहारीमा यस भेगबाट दूध भित्रिने यहाँका कृषकको दाबी छ। साथै फर्सी, काउली, गोलभेंडालगायतका तरकारीहरू बाटो अवरुद्ध भएकाले २ महिनादेखि आउन सकेको छैन।

मोटर बाटो अवरुद्ध बन्दा चन्दनपुर, ठूलादुर्लुङ, गिम्दी, आश्रङ, प्युटारका साथै मकवानपुरका बेतिनी, मन्थली, थिङ्गन, इपा, काभ्रेका च्याम्राङबेंसी, मिल्चे, साल्मेचाकलका कृषक प्रत्यक्ष मारमा परेका छन्।

सडक अवरुद्ध भएको महिनौं बितिसक्दासमेत बेवास्ता गरेको भन्दै यस भेगका कृषकले जनप्रतिनिधिप्रति आक्रोश पोखेका छन्। वर्षात्ले सडक अवरुद्ध पार्दा त्यहाँ उत्पादित कृषिजन्य वस्तु राजधानी ल्याउन नसक्ने मात्रै होइन, त्यहाँ बिमारी बोक्ने एम्बुलेन्ससम्म जान नसक्दा थप समस्यामा परेका छन्।

आफ्नो गाउँपालिकाभित्र पर्ने सडकहरू मर्मत गरेर सामान्य अवस्थामा ल्याइसकेको महाँकाल गाउँपालिकाका प्रमुख रामचन्द्र दाहालले बताउनुभयो। त्यस्तै बाग्मती गाउँपालिकाका प्रमुख वीरबहादुर लोप्चनले ३ हप्ता लगाएर आफ्नो गाउँपालिकाभित्र पर्ने सम्पूर्ण सडक मर्मत सम्भार गरेको बताउनुभयो। उहाँले एक/दुई दिनपछि मर्मत भएको सडक हुँदै यहाँ उत्पादित कृषिजन्य वस्तुहरू राजधानी पुर्‍याउन सकिने दाबी गर्नुभयो।

# गुठी संस्थानका कारण भूकम्पपीडितलाई सास्ती

**नेपाल समाचारपत्र**

भक्तपुर

भूकम्प गएको ३ वर्षभन्दा लामो समय हुँदा पनि भूकम्पपीडितको समस्या भने अझै बाँकी रहेको छ। सरकारले ५ वर्षभित्र पुनर्निर्माणको काम सक्ने भनेको भए पनि विभिन्न समस्या गर्दा अन्य भौतिक संरचनाभन्दा पनि व्यक्तिको निजी आवास निर्माणमा कठिनाइ देखिएको छ।

भूकम्पपीडितलाई घरदैलोमा नै कानुनी सहायता दिने उद्देश्यकासाथ राष्ट्र निर्माण मञ्चले मंगलबार सूर्यविनायक नगरपालिका-१० मा आयोजना गरेको सामुदायिक घुम्ती क्लिनिकमा सर्वसाधारणले गुठी संस्थानले गर्दा समस्या भएको बताएका छन्।

स्थानीय रामकुमार कार्कीले नगरपालिकाले नक्सापासमा जनप्रतिनिधि आएपछि शतप्रतिशत छुट गरेको तर गुठी संस्थानले भने प्रतिस्क्वाएर फुट १४ रुपियाँको दरले नक्सापास शुल्क लिएकाले पीडितहरू मर्कामा परेको बताए। कार्कीले भने- 'वर्षौंदेखि गुठीको जग्गामा पसिना बगाउँदै आएका मोहीहरूले सोही जमिनमा घर बनाउनका लागि गुठीको सिफारिस लिन जाँदा शुल्क लिँदा पैसा लिएकाले समस्या भयो।'

साविकको चित्तपोल गाविसको वडा नम्बर ५ देखि ९ सम्म धेरै भूकम्पपीडितले गुठीको जग्गा पुस्तौंदेखि भोगचलन गर्दै आएको सोही वडाका स्थानीय बासिन्दाले बताए।

उक्त कार्यक्रममा अधिवक्ता अनिल श्रेष्ठले विपद्पछि यो समय पुनर्निर्माणको चरण भएका भूकम्पपीडितले सरकारी नियम र मापदण्ड पालन गरेर घर बनाउनुपर्ने बताए। उनले यसरी पुनर्निर्माण घर भूकम्पको जोखिम नहुने र राज्यले दिएको अनुदानसमेत लिन सजिलो हुने बताए।

कार्यक्रममा संस्थाका अध्यक्ष निर्मलकुमार उप्रेतीले भूकम्पपछिको पुनर्निर्माणको क्रममा आएका कानुनी जटिलताको समाधान गर्न काठमाडौं, ललितपुर, भक्तपुर, गोरखा र सिन्धुपाल्चोकमा यस्ता सामुदायिक घुम्ती क्लिनिक आयोजना हुँदै आएको बताए। २०६९ चैतमा शुरू भएको संस्थाले अघिल्लो वर्ष विभिन्न जिल्लाका ९२ र यो वर्ष ३० स्थानमा यस्तो क्लिनिक आयोजना भइसकेकोसमेत बताए।

# भूकम्पपीडितको पुनः सर्वेक्षण हुने

भक्तपुर, (नेस)

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण जिल्ला समिति (एनआरए) भक्तपुरले लाभग्राहीको सूचीमा नपरेका भूकम्पपीडितलाई गाउँ-गाउँमा आएका पुनःसर्वेक्षण टोलीमार्फत् सूचीकृत हुन आग्रह गरेको छ।

समितिले जिल्लाको चारवटै नगरपालिकाको प्रत्येक वडामा लाभग्राहीको सूचीमा नपरेका र गुनासो फाराम भरेका वास्तविक भूकम्पपीडितको पुनः जाँच तथा सर्वेक्षण गर्न सामाजिक परिचालक तथा सहजकर्ता सात र इन्जिनियर सात गरी १४ जनालाई तालिम दिई खटाएको छ।

टोलीले भदौ महिना भरी जिल्लाको भक्तपुर नगरमा ७ सय १९, मध्यपुर थिमिमा ३ सय ४, सूर्यविनायकमा ५ सय ४८, र चाँगुनारायणमा ४ सय ९२ भूकम्पपीडितको पुनः जाँच गर्नेछ। राष्ट्रिय पुनर्निर्माण प्राधिकरण जिल्ला समिति (एनआरए) भक्तपुरका प्रमुख मुरारी वस्तीले जिल्लामा २ हजार ६३ को पुनः जाँच र ८ सय भूकम्पपीडितको पुनः सर्वेक्षण हुने बताउँदै टोलीलाई सघाउन आग्रह गर्नुभयो।

नेपाल सरकार
कृषि विकास मन्त्रालय
उच्च मूल्य कृषि वस्तु विकास आयोजना (HVAP)
आयोजना व्यवस्थापन कार्यालय, सुर्खेत

सूचना ! सूचना !! सूचना !!!

यस आयोजना व्यवस्थापन कार्यालयको लागि आवश्यक सामाजिक परिचालकहरुको करारमा नियुक्तीका लागि मिति २०७४/४/१५ गतेको स्थानीय र १६ गतेको राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार यस आयोजनाको व्यवस्थापन कार्यालय, सुर्खेत र सम्पर्क कार्यालय मानभवन, ललितपुरमा दरखास्त दिएका उम्मेदवारहरुको संक्षिप्त सूची प्रकाशित गरिएको छ । उक्त संक्षिप्त सूचीको विवरण आयोजना व्यवस्थापन कार्यालय, सुर्खेत, आयोजना सम्पर्क कार्यालय, मानभवन ललितपुरको सूचना पाटीमा र कार्यालयको वेब साइट www.hvap.gov.np मा हेर्न सकिनेछ ।

**Invitation for Sealed Quotation**
**Namobuddha Municipality**
**Bhakundebesi,kavre**
**Date of First Publication: 2074/05/21**

Name of Contract: **Computer and Printer**
Contract Identification No: **NM/G/SQ/ME-1.1**

The Namobuddha Municipality invites sealed quotations from interested eligible bidders for **Computer and Printer.** Eligible bidders may obtain further information and inspect the Namobuddha Municipality bidding document at the, Bhakundebesi,kavre.

1. Eligible bidders may obtain further information and inspect the bidding document at the Namobuddha Municipality office within the office hours up to 2074/06/04
2. Bidding documents can be purchased from Namobuddha Municipality office by interested eligible bidders upon submission of a written application, along with the copy of company and firm registration certificate,Vat/pan certifiacte, Authorization letter and upon payment of **non-refundable fee of NRs. 1000/-** on or before office hours up to the 2074/06/04.
3. Sealed Bids must be submitted to the Namobuddha Municipality office, Bhakundebesi,kavre on or before **12:00 hours** up to 2074/06/05 . Documents received after this deadline shall not be accepted.
4. Bids shall be opened at **13:00 hours** at Namobuddha Municipality office on the last date of bid submission in presence of the bidder or their representatives who choose to attend.
5. Bids must be valid for a period of 45 days counting from the day of bid opening and must be accompanied by bid security (i.e. bid bond or receipt of deposits) amounting to a minimum of **NRs. 57400/00 (In words NRs. Fifty seven Thousands four hundred only),** which shall be valid for 30 days beyond the bid validity period **(i.e., 75 days).**
6. If the bidder wishes to submit the bid security in form of cash, the cash should be deposited in Namobuddha Municipality office **Deposit A/c No.1040303007103 with office code No. 30-365-16 at Rastriya Banijya Bank kavre** and submit the receipt of the deposited amount of cash along with the sealed quotation document.
7. If the last date of purchasing, submission and opening of bid falls on a government holiday then the next working day shall be *considered* as the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
8. The Bid should be submitted in accordance with the "Instructions to the Bidders" issued by the Namobuddha Municipality office. Bidder failing to supply required information and documentation will be considered as non-responsive and will not be considered for evaluation.
9. The Namobuddha Municipality office reserves the right to accept or reject wholly or partly, any or all the bids without assigning any reasons whatsoever.
10. Other related rules and regulations are as per public procurement act-2063 and public procurement regulations-2064.

## सिनेमा कर्नर










**माउन्ट मकालु यातायात सेवा**
**काठमाडौं-बिर्तामोड-ताप्लेजुङ**
**प्रस्थान दिउँसो २ बजे**
**केन्द्रीय कार्यालय, कलंकी**
**सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३**

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : आर्थिक लाभ, खाद्यान्न प्राप्ति, पारिवारिक सुख-सन्तोष।
**वृष** : सानो प्रयासले पनि काम बन्ने, हर्ष वृद्धि।
**मिथुन** : राज्यबाट लाभ, मान-प्रतिष्ठा वृद्धि, पढाइमा सफलता।
**कर्कट** : स्वास्थ्य समस्या, खर्च वृद्धि, काममा बाधा।
**सिंह** : धन लाभ, कार्य सफल, उपहारादि वस्तु प्राप्ति।
**कन्या** : आर्थिक लाभ, प्रतिस्पर्धात्मक क्षेत्रमा विजय, शत्रुहानि।
**तुला** : कार्य सिद्धि, धन प्राप्ति, पारिवारिक सुख, रोमाञ्च।
**वृश्चिक** : वायुजन्य रोगको सम्भावना, व्यर्थको दौडधुप, तनाव।
**धनु** : राम्रो आम्दानी, मान-सम्मान, अधुरा कार्य पूरा।
**मकर** : धन-सम्पत्ति प्राप्ति, रोमान्टिक यात्रा, जोश-जाँगर वृद्धि।
**कुम्भ** : मिष्ठान्न भोजन, कतैबाट स्वागत-सत्कार, हर्षविभोर।
**मीन** : आर्थिक नोक्सानी, स्वास्थ्य समस्या, वादविवाद।

# नेपाल

सुरक्षाका दृष्टिले ज्यादै संवेदनशील क्षेत्र मानिने विमानस्थल नै चरम असुरक्षाका बीच सञ्चालन भइरहेको छ। कुनै पनि विमानस्थल सुरक्षित राख्न अग्नि नियन्त्रक उपकरण र जनशक्ति अत्यावश्यक हुन्छन। विमानस्थलमै गएर जहाजमा इन्धन भर्ने सुविधा भए पनि वारुण यन्त्र अहिलेसम्म राखिएको छैन।

## प्रहरीको बास पालमुनि

विमल विष्ट, डोटी

जिल्ला प्रहरी कार्यालय डोटीका प्रहरी कर्मचारी राति सुत्दा पाल टागेर सुत्न बाध्य भएका छन्। राति पानी पर्दा होस् वा दिउँसोको चर्को घाममा प्रहरीहरू पालको सहारामा दिन रात बिताउन थालेका छन्।

ब्यारेक नहुँदा प्रहरी कर्मचारीहरूलाई राति सुत्न समस्या उत्पन्न भएको जिल्ला प्रहरी कार्यालय डोटीका प्रहरी प्रमुख (एसपी) मधुसूदन लुईंटेलले बताउनुभयो। उहाँले भन्नुभयो- 'प्रहरी सुत्ने ब्यारेक भवन छैन, डीएसपी,इन्सपेक्टर सापहरू जिल्ला प्रशासनमा सुत्छन्, अन्य कर्मचारी भान्सा कोठामा सुत्नुपरेको छ।' लामो समयदेखि भान्सा कोठालाई ब्यारेक भवन बनाएर प्रहरीहरू रात बिताउन बाध्य भएका छन्। राति ठूलो पानी पर्दा प्रहरीहरू पाल,प्लास्टिक ओढेर सुत्ने गरेको बताइएको छ।

आफ्नो सुत्ने ब्यारेक भवन नहुँदा कतिपय प्रहरीहरू दिनभरि डिउटी गरेर राति साथीभाइ तथा आफन्तको घर तथा कोठामा गएर सुत्नुपर्ने अवस्था सृजना भएको बताइएको छ। जिल्ला प्रहरी कार्यालय डोटीमा प्रहरी सुत्ने ब्यारेक भवन नभएको जानकारी सबै तहमा भए पनि भवन बनाउन कसैले पनि पहल नगरेको प्रहरी कर्मचारीहरूको गुनासो छ।

उनीहरू भन्छन्- 'निरीक्षणमा आउँदा सबै हाकिमले हाम्रो अवस्था हेरेर जानुहुन्छ तर पहल कसैले गर्नुहुन्न, दिनभरि काम गर्दा राति सुखले आराम गर्न नि मिल्दैन।' जिल्ला प्रहरी कार्यालयमा ७० जना कर्मचारीहरू भान्साकोठालाई सुत्ने ब्यारेक बनाएर कोचाकोच गरेर रात बिताउने गर्छन्। त्यस्तै २०५१ सालमा निर्माण गरिएको जिल्ला प्रहरी कार्यालय डोटीको कार्यालय भवन पनि जीर्ण अवस्थामा रहेको छ। उक्त भवनमा डीएसपी तथा इन्सपेक्टर बस्ने कार्यालय कक्षसमेत नहुँदा दिनमा काम काज गर्न पनि समस्या हुने गरेको प्रहरी अधिकारीहरू बताउँछन्।

करिब ७ कोठाको निर्माण गरिएको उक्त भवनमा एक महिला, एक पुरुष हिरासत, एक एसपी अफिस तथा एक सञ्चार शाखाका लागि गरी ४ कोठा छुट्याएको छ भने अन्य ३ कोठाहरूमा डीएसपीदेखि अन्य दर्जाका प्रहरीहरू मिलेर काम काज चलाइरहेका छन्। प्रहरी प्रधान कार्यालयबाट एक वर्ष पहिले भवन निर्माणका लागि निर्देशन भई बजेट आए पनि उक्त भवन बझाङ जिल्लामा बनाउने भन्ने हेडक्वाटरको अर्को आदेश भएपछि डोटी प्रहरीको समस्या ज्यूँका त्यूँ रहेको हो। यो वर्ष प्रहरीको योजनाबाट भवन बनाउने बजेट आउन सक्नेमा डोटी प्रहरी प्रमुख निकै आशावादी हुनुभएको छ।

'यो वर्ष भवनका लागि बजेट आउनसक्छ, बजेट आए हाम्रा समस्या हल हुनेछन्' प्रहरी प्रमुख (एसपी) लुईंटेलले भन्नुभयो- 'ब्यारेक भवनका लागि माग गरेका छौं,सायद बजेट आउनसक्छ।' जिल्लाका ग्रामीण क्षेत्रमा रहेका प्रहरीका भवनहरू सुधार भए पनि जिल्ला प्रहरी कार्यालय भवन तथा ब्यारेकको अवस्था भने कहिल्यै सुधार हुन सकेन।

यतिमात्र नभई डोटीमा जिल्ला प्रहरी प्रमुख (एसपी) बस्ने निवास पनि छैन। आफनो भवन नहुँदा जिल्ला प्रहरी प्रमुखले नगर विकास समिति डोटीको भवन लामो समयदेखि निवासका रुपमा प्रयोग गर्दै आउनुभएको छ। उता सेती अञ्चल प्रहरी प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) दानसिंह बोहराले डोटीमा ब्यारेक भवन नहुँदा प्रहरीलाई समस्या भएको आफूकहाँ पनि जानकारी आएको बताउनुभयो। उहाँले भन्नुभयो 'भवन नहुँदा प्रहरीलाई समस्या छ, हेडक्वाटरबाट केही मर्मतका लागि रकम आउनसक्छ, तर ब्यारेक भवनकै लागि भनेर सरकारले न छुट्टयाउँदासम्म रकम आउन मुस्किल देख्छु।'

### जहाज पार्किङमा समस्या

## अत्यावश्यक बारुणयन्त्रसमेत छैन

हेमन्त पौडेल, कैलाली

धनगढी विमानस्थलमा जाहाजको उडान संख्या थपिँदै गएपछि पार्किङमा समस्या देखिन थालेको छ। विमानस्थल कालोपत्रे भएको समयमा दैनिक एक उडान मात्र हुँदै आए पनि पछिल्लो समयमा दैनिक ६ वटासम्म उडान भएपछि जाहाज पार्किङ गर्ने एप्रोन साँघुरो हुन थालको हो। हाल एप्रोनमा दुईवटा जहाज राख्न सकिन्छ। दुई जहाज पार्किङमा रहेको बेलामा अर्को जहाज आएमा पार्किङ गर्ने स्थान नहुँदा अवतरणको अनुमति दिन सक्ने अवस्था नरहको धनगढी विमानस्थलका प्रमुख छबिसिंह ठकुल्लाले बताउनुभयो। आफूहरूले भोगेको समस्या आफ्नो माहततका निकायलाई जानकारी गराएको उहाँले बताउनुभयो।

धनगढी विमानस्थलमा उडानहरू बढ्दै गए पनि अत्यावश्यक पूर्वाधारहरूको अभाव हुन थालेको छ। दुई जहाज पार्किङ भएको अवस्थामा अर्को कुनै भीआईपीको भ्रमण भएमा हेलिकप्टर राख्ने ठाउँसमेत नरहेको उहाँको भनाइ छ। तर स्रोतका अनुसार नागरिक प्राधिकरण उड्यनका अधिकारीहरूले एप्रोन नयाँ बनाउने भन्दा पनि जहाजलाई अवतरण अनुमति नदिने अथवा होल्डमा राखेर काम चलाउनुपर्ने जस्तो गैरजिम्मेवार कुरा गर्ने गरेको बुझिएको छ।

यस्तै धनगढी विमानस्थलबाट दैनिक ४ सयदेखि ५ सयजना यात्रुहरूले विमानमार्फत् ओहोरदोहोरो गरिरहे पनि उडान संख्या बढेसँगै अरू पूर्वाधारका समस्याहरू पनि देखिन थालेका हुन्। सुरक्षाका दृष्टिले ज्यादै संवेदनशील क्षेत्र मानिने विमानस्थल नै चरम असुरक्षाका बीच सञ्चालन भइरहेको छ। कुनै पनि विमानस्थल सुरक्षित राख्न अग्नि नियन्त्रक उपकरण र जनशक्ति अत्यावश्यक हुन्छन। विमानस्थलमै गएर जहाजमा इन्धन भर्ने सुविधा भए पनि वारुण यन्त्र अहिलेसम्म राखिएको छैन। त्यस्तै सुरक्षा चेकजाँचका लागि अत्याधुनिक एक्सरे मेसिन दक्ष जनशक्ति नभएकाले प्रयोगमा आउन सकेको छैन।

धनगढी विमानस्थलमा रात्रीकालीन सेवा सुचारु गर्ने हल्ला चलेको वर्षौं भइसकेको छ। त्यो सेवा शुरू गर्न आवश्यक उपकरण जडान गर्नका लागि अहिले जग्गा अधिग्रहणको काम भइरहेको छ। रात्रि उडानका लागि पथ प्रदर्शक उपकरण, रन वे लाइट र पार्किङ लाइटको प्रबन्ध नभएकै कारण सेवा शुरू हुन नसकेको विमानस्थल प्रशासनले जनाएको छ। बढ्दो हवाइ सेवाअनुसार नै पूर्वाधार र अत्यावश्यक स्रोधसाधनको व्यवस्थापन पनि हुनुपर्ने टुर्स एन्ड ट्राभल्स एसोसिएसन सुदूरपश्चिमका अध्यक्ष मायाप्रकाश भट्टले बताउनुभयो। उहाँले, धनगढी विमानस्थलबाट सुदूरपश्चिमका पहाडी जिल्लाका लागि पनि उडान गर्नुपर्ने बताउनुहुन्छ।

दैनिक रूपमा काठमाडौं-धनगढी-काठमाडौं ४ वटा उडान भइरहेको अवस्थामा शुक्रबारदेखि सौर्य एयरलाइन्सको उडान थप गरेको छ। सोमबारदेखि श्री एयरलाइन्सले अर्को थप उडान गर्नेभएपछि धनगढीमा दैनिक ६ वटा उडान हुने भएका छन्। निजी वायु सेवा कम्पनी सौर्य एअरलाइन्सले सीआरजे २०० सिरिजको जहाजबाट शुक्रबारदेखि काठमाडौं-धनगढी दैनिक उडान शुरू गरेको हो। जेट इन्जिनयुक्त जहाजबाट सौर्यले पनि ४५ मिनेटमै काठमाडौंबाट धनगढी पुऱ्याउनेछ।

यसअघि बुद्ध एयरले दैनिक दुई उडान, नेपाल एयरलाइन्सले एक र श्री एयरलाइन्सले एक गरी दैनिक चार उडान भइरहेका थिए। यसअघि विराटनगर, भद्रपुर भैरहवा र नेपालगन्ज उडान भर्दै आएको सौर्य एयरलाइन्सले धनगढीमा सेवा थप गरेको हो। लामो समयदेखि धनगढी उडान भर्ने तयारी भइरहेको भए पनि जहाज आउन ढिलो भएकाले सेवा विस्तारमा पनि अलि ढिलाइ भएको एयरलाइन्सका माकेटिङ प्रमुख मुकेश खनालले जानकारी दिनुभयो। सौर्यले यसअघि वैशाखदेखि नै धनगढी उडान भर्ने जनाएको थियो।

एयरलाइन्स ब्यवस्थापनले धनगढी आफूहरूका लागि आकर्षक गन्तव्य भएको बताएको छ। आफूहरूले धनगढी सेवालाई प्रभावकारी बनाउने सौर्य एयरलाइन्सका प्रबन्ध निर्देशक गोपाल भट्टराईले बताउनुभयो। उहाँले, सीआरजे २०० सीरिजका जहाज लामो दूरीका लागि भएकाले धनगढी आफूहरूको राम्रो गन्तब्य भएको बताउनुभयो। श्री एयरलाइन्सले पनि आफ्नो सेवाबारे जानकारी दिन र यस क्षेत्रका बासिन्दासंग आगामी शुक्रबार अन्तर्क्रिया कार्यक्रमको आयोजना गर्न लागेको श्री एयरलाइन्सका धनगढी प्रमुख गजेन्द्र शाहीले बताउनुभयो।

## हेटौंडालाई राजधानी बनाउन ज्ञापनपत्र

नेपाल समाचारपत्र

हेटौंडा

मध्य क्षेत्रको एक प्रसिद्ध उपमहानगर हेटौंडालाई प्रदेश नम्बर नम्बर ३ को राजधानी बनाउन प्रधानमन्त्री शेरबहादुर देउवालाई ज्ञापनपत्र बुझाइएको छ। मकवानपुरका प्रमुख जिल्ला अधिकारी चक्रबहादुर बुढामार्फत् पत्र पठाउँदै यस्तो माग गरिएको हो।

मकवानपुरका प्रमुख राजनीतिक दलहरूको सहभागितामा जन दबाब समूहले प्रदेशको राजधानी हेटौंडा बनाउनुपर्ने भन्दै जिल्ला प्रशासन कार्यालय मकवानपुरमार्फत् प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको हो।

ज्ञापनपत्रमा प्रदेशको राजधानी हेटौंडा सबभन्दा उपयुक्त स्थान हुने प्रमाणहरू पेश गरिएको छ। नेपाली कांग्रेस मकवानपुरका कार्यवाहक जिल्ला सभापति विष्णु लामिछाने, नेकपा एमालेका उपाध्यक्ष बद्री लम्साल, नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रेमबहादुर पुलामी, राप्रपा जिल्ला नेता सीताराम बर्तौला, नयाँशक्ति पार्टी नेपालका तर्फबाट युवा नेता राजन मैनाली र जनदबाब समूहका संयोजनकर्ता अधिवक्ता ध्रुवप्रसाद चौलागाईंले पत्र बुझाएका हुन्।

देशको बदलिँदो परिस्थिति र देशलाई वर्तमान अवस्थाको संक्रमणकालबाट उन्मुक्ति दिएर निकास दिने र संघीयता कार्यान्वयनका क्रममा तत्काल गर्नुपर्ने प्रमुख कार्यमध्ये एक ३ नम्बर प्रदेशको राजधानीका विषयमा हतारमा निर्णय गर्दा त्यसले नकारात्मक प्रभाव पार्ने उल्लेख छ। 'हालको अवस्थामा आम जनताको हितमा हुने काम गर्नु नै उपयुक्त हुने हुँदा हेटौंडालाई प्रदेशको राजधानी बनाउनुपर्छ,' पत्रमा हाल हेटौंडा ३ नम्बर प्रदेशको मुख्य स्थान भएको उल्लेख छ।

मकवानपुर प्रदेश नम्बर ३ को धादिङ, ललितपुर, काठमाडौं, काभ्रे, सिन्धुली र चितवन जिल्लासँग जोडिएको, मकवानपुर भएर पूर्वपश्चिम लोकमार्ग, एसियन राजमार्ग, हेटौंडा-धरान-चतरामार्ग, निर्माणाधीन निजगढ-काठमाडौं द्रुतमार्ग, कान्तिराज पथ राष्ट्रिय राजमार्गहरूले आवागमनमा सहज र पहुँच वृद्धि हुने तथा निजगढ-काठमाडौं द्रुतमार्गबाट डेढ घण्टामा काठमाडौं पुग्न सकिने, देशको आयात निर्यात गर्ने प्रमुख नाका वीरगन्ज हेटौंडाबाट निकट रहेको र राजधानी प्रवेशको मूलद्वारका रूपमा रहेको हेटौंडालाई उपेक्षा गर्नु भविष्यमा पनि गलत ठहर्ने हुँदा हेटौंडालाई प्रदेशको राजधानी बनाउन दलहरूले सरकारको ध्यानाकर्षण गराएका छन्।

'प्रशासन र सुरक्षासँग सम्बन्धित कार्यालयहरू, शिक्षा, स्वास्थ्य, वन, नेपाली सेनाको मध्य पृतना हेडक्वार्टर र प्रदेश स्तरीय प्रहरी प्रमुखको कार्यालयसमेत हेटौंडामा रहेकाले प्रदेशको राजधानी बनाउन आवश्यक छ भन्नेमा कसैको विमति हुँदैन र छैन,' पत्रमा लेखिएको छ।

## मृत्यु दाबी रकम भुक्तानी

डोटी, (नेस)

एसियन लाइफ इन्सोरेन्स कम्पनी दिपायल शाखाले मृत्यु दाबी रकम भुक्तानी गरेको छ। सो कम्पनीका दिपायल प्रमुख नवराज पण्डितले शिखर नगरपालिका ६ कपल्लेखीका विष्णुबहादुर नेगीको मृत्यु दाबी रकम उनकी श्रीमती शारदादेवी नेगीलाई सोमबार एक कार्यक्रमका बीच हस्तान्तरण गर्नुभएको हो।

गएको साउन २० गते डोटीको गगुडास्थित काटैगाउँको धारमा भएको जीप दुर्घटनामा परी विष्णु नेगीको मृत्यु भएको थियो। मृतक नेगीले एसियन लाइफ इन्सोरेन्स कैलाली शाखामा २०७३ सालमा १ लाख ५० हजार रकमको १५ वर्षे बीमा भरी पहिलो किस्ता १२ हजार मात्र तिरेको एसियन लाइफ इन्सोरेन्स कम्पनी दिपायल शाखाले जनाएको छ।

बीमा गर्ने ग्राहकको दुर्घटनामा परी मृत्यु भएमा बीमा भरिएको रकमको दोब्बर तथा १ वर्षबराबरको ब्याज दिइने एसियन लाइफ इन्सोरेन्स कम्पनीको नियम रहेकाले सोहीअनुसार मृतक विष्णु नेगीका श्रीमतीलाई ३ लाख बीमा रकम तथा ८ हजार ५ सय ५० ब्याज हस्तान्तरण गरिएको शाखा प्रमुख पण्डितले बताउनुभयो। २०६४ सालमा दिपायलमा स्थापन भएको उक्त शाखाको बीमा कोष १० अर्ब पुगेको शाखा प्रमुख पण्डितले बताउनुभयो।

## अझै टुकीको भरमा रात बिताउँछन् चेपाङ

लमजुङ, (नेस)

लमजुङलाई लोडसेडिङ मुक्त जिल्ला घोषणा गरिएको दशक अवधि पुग्न लाग्दा पनि यहाँको चेपाङहरू अझै पनि टुकीको भरमा रात बिताउन बाध्य छन्। उनीहरू लमजुङको जिल्ला सदरमुकामस्थित बेसींशहर नगरपालिका- ११ वरबोटका बासिन्दा पनि हुन्।

आँगनैमा बगेको मर्स्याङ्दी नदीबाट मध्यमर्स्याङी जलविद्युत् आयोजनाले सेवा दिन शुरू गरेको १ दशक पुग्न लाग्यो। तर, यो चेपाङ वस्तीका नागरिक बिजुली बाल्ने धोको पूरा गर्न पाएका छैनन्।

'मध्यमर्स्याङ्दीको बाँध गृहमा बालिएको बिजुलीको उज्यालो आफ्नो आँगनसम्म आइपुग्छ' स्थानीय अगुवा अमृता चेपाङले बताउनुभयो। उहाँका अनुसार हामी भने बत्तीमुनिको अँध्यारो जीवन जिउन बाध्य छौं।' 'धेरैपटक विद्युत् उपभोक्ता संस्था र नेपाल विद्युत् प्राधिकरणको ढोकामा पुग्दा पनि कुनै सुनुवाइ भएन। अब त जहिले दिन्छन् दिऊन् भनेर माग्न जान पनि छाड्यौं' -उहाँले दुःखेसो पोख्दै भन्नुभयो। बिजुली बत्ती नहुँदा गाउँघरमा टिभी रेडियोको सेवा तथा मोबाइल चार्जजस्ता कार्यसमेतमा दुःख छ सीता चेपाङले बताउनुभयो। उहाँका अनुसार बत्ती नहुँदा बेलुकीको खाना पकाउन छोराछोरीको पढाइमा समेत निकै कठिन भएको छ।

लमजुङमा २०५३ सालमा सामुदायिक विद्युतीकरण शुरू गरिएको हो। मध्यमर्स्याङ्दी जलविद्युत् आयोजनाले २०६५ सालबाट विद्युत् उत्पादन गरेको हो। सो आयोजनाको बाधस्थल उक्त चेपाङ बस्ती रहेको साविकको चिती गाविसमै पर्छ। ०५३ सालमा स्थापना भएको विद्युत् उपभोक्ता संस्थाले हाल लमजुङ र तनहुँ गरी २८ हजारभन्दा बढी ग्राहकलाई विद्युत् वितरण गरेको छ। तर जिल्ला सदरमुकामसँगै जोडिएको वरबोटमा रहेको चेपाङ बस्तीमा भने कसैको आँखा पुग्न सकेको छैन। उक्त गाउँमा चेपाङका १२ घर परिवार बस्दछन्।

## स्थापना दिवसमा ६८ रक्तदातालाई सम्मान

ताप्लेजुङ, (नेस)

नेपाल रेडक्रस सोसाइटीको ५५औं स्थापना दिवसको अवसरमा ताप्लेजुङमा ब्लड ग्रुप र ब्लड प्रेसर परीक्षण गर्नुका साथै ६८ जना रक्तदातालाई सम्मान गरिएको छ। सदरमुकामस्थित वीरेन्द्र चोकमा सोमबार इच्छुकको निःशुल्क ब्लड ग्रुप र ब्लड प्रेसर परीक्षण गरिएको नेपाल रेडक्रस सोसाइटी शाखा ताप्लेजुङले जनाएको छ।

शाखाले ब्लड ग्रुप जाँच गर्ने स्थानीयलाई चाहिएको अवस्थामा रक्तदान गर्नसमेत आग्रह गरेको गरेको शाखाका मन्त्री इन्द्रबहादुर गुरुङले बताउनुभयो। सो कार्यक्रममा तीन दर्जन बढी स्थानीयले प्रेसर र ब्लड ग्रुप जाँच गरेको आयोजकले बताएको छ।

यसैबीच सो शाखाले सोमबार विभिन्न समयमा दुईपटक भन्दा बढी रक्तदान गर्ने ६८ जना रक्तदातालाई प्रमाणपत्रसहित सम्मानसमेत गरेको छ। नेपाल रेडक्रस सोसाइटीको तथ्याङ्कअनुसार ताप्लेजुङमा छ सयभन्दा बढी रक्तदाताहरू रहेका छन्।

अस्पतालमानै पुगेर आवश्यक परेको समयमा रक्तदान गर्ने मात्रै ५ सय ८८ रहेको र विभिन्न समयमा चलाइएका रक्तदान कार्यक्रममा सहभागी रक्तदातासमेत जोड्दा करिब ७ सयको हाराहारीमा जिल्लामा रक्तदाता रहेको नेपाल रेडक्रस सोसाइटी ताप्लेजुङ शाखाका मन्त्री इन्द्रबहादुर गुरुङले बताउनुभयो।

ताप्लेजुङमा ब्लड बैंक नहुँदा बिरामीलाई आवश्यक परेको समयमा रक्तदाता खोज्नुपर्ने बाध्यता रहेको छ। नेपाल रेडक्रस सोसाइटीले विभिन्न समयमा रक्तदान कार्यक्रम चलाउने र रक्तदाताको तथ्याङ्कसहित फोन नम्बरसमेत राख्ने हुँदा आवश्यक परेको समयमा बोलाई रक्तदान गराउनुपर्ने अवस्था रहेको छ।

## मुस्कानसहितको न्याय दिन प्रधानन्यायाधीशको निर्देशन

बझाङ, (नेस)

अब जनतालाई मुस्कानसहितको न्याय दिनुपर्ने प्रधानन्यायाधीश गोपालप्रसाद पराजुलीले बताउनुभएको छ। बझाङ जिल्ला अदालतको भवनको शिलान्यास गर्न बझाङ पुगेका प्रधानन्यायाधीश पराजुलीले जनतालाई खुसी पार्ने सके मात्र हाम्रो न्यायलयको प्रगति हुने बताउनुभएको हो।

हामीले जनतालाई न्याय दिन ढिला गर्नुहँदैन जति सक्यो चाँडो दिनुपर्छ। न्याय बलियो भए राष्ट्र बलियो हुन्छ। जनता बलिया बनाउन न्यायलयले निष्पक्ष जनतालाई न्याय दिन सक्नुपर्छ भन्दै कुनै पनि निकायले कमीकमजोरी गरे जनताले दुःख पाउने हुन्छ। त्यस्तो नगर्नसमेत जिल्ला अदालत बझाङका न्यायाधीशलगायत कर्मचारी र बार एसोसिएसनलाई निर्देशन दिएका छन्।

बझाङ जिल्ला अदालतको अहिले ३ तले ३७ कोठाको पक्की भवन बन्दै छ कुनै पनि पक्षबाट कमजोरी भए त्यस्तो व्यक्ति वा ठेकेदारलाई नछोडनसमेत अपिल गरेका छन्। ८ करोड ३० लाख ७८ हजार ९४ रुपियाँ ४ पैसा भ्याट र कन्टिजेन्सिबाहेकको रहेको छ। दुई वर्षभित्र सम्पन हुने गरी ठेकेदारसँग सम्झौता भएको छ।

कार्यक्रमको सञ्चालन जिल्ला न्यायाधीश पूर्णप्रसाद बास्तोलाले गर्नुभएको थियो। जिल्ला प्रहरी कार्यालय बझाङ प्रहरीले सम्मानको सलामीसमेत गरेका थिए। नेपाली सेनाको हेलिकप्टरबाट बझाङ पुगेको प्रधानन्यायाधीशलगायतको टोली शिलान्यासपछि दश मिनेट बसेर सुदूरपश्चिम क्षेत्रीय सदरमुकाम दिपायल फिर्ता भएको थियो।

## बुढेसकालको सहारा सियो र धागो

ललित सिहं, बझाङ

भनिन्छ, बुढेकालमा छोरा बुहारीको सहारा चाहिन्छ उमेर छँदा गरेको कमाइले बुढेसकालमा बसेर खान पाइन्छ। यसको ठीक उल्टो यहाँकी एक वृद्ध महिला भने बुढेकालमा सियो र मेसिनको सहारामा जीवन चलाइरहेकी छन्।

दुर्गाथली गाउँपालीका ७ की ७३ वर्षीया किटिदेवी दर्जी आरामले बस्ने समयमा पनि सियो र मेसिनको सहारा लिएर बुढेसकालमा आत्मानिर्भिर बन्दै जीवन चलाइरहेकी हुन्।



काम नगरे बिहानबेलुका हातमुख जोडन पाइँदैन । सँगैका सहेंली कतिजनाको मृत्यु भइसकेको छ भने कोही थलिएका छन्। मैले भने ७३ बसन्त पार गर्दासमेत जीवन सहाराको रूपमा तोतेबोली बोल्दै बोल्ने उमेरमा माइतमा सिकेको सिपको प्रयोग गर्न सियोमा धागो राख्दै मेसिन जोत्न थालेको किटिदेवी दर्जीले बताइन्।

उनले भनिन्- 'सिप भएको मान्छे कहीं भोकै बस्नुपर्दैन अहिले पनि दिनमा ३ सयदेखि ५ सम्म कमाइ गर्ने गरेकी छु। मेरो कमाइ देखेर छोराबुहारीले पनि हेला हैन माया गर्ने थालेका छन्। काम गर्दैमा मान्छे सानो हुँदैन। बुढेसकालमा काम गर्दा रगत सञ्चालन भएर निरोगी पो भइन्छ। आँखा निकै तेजिला छन् उमेर छँदै सियोमा धागो जोडन सक्छु।'

बाल्यकालमा सिकेको सिप र बिहान धो एको मुख कहिले खेर जाँदैन भन्ने उक्तिलाई आत्मासाथ गर्दै किटिदेवी दर्जीले ५ वर्षीया नातिनीलाई कपडा सिलाउन थालेकी छन्, पढे लेखेको भए अक्षर चिनाउने थिएँ पढेलेखेको छैन आफूसँग भएको सिप नातिनीलाई सिकाउने गरेको उनको भनाइ छ। छोरोले कपडा काटिदिन्छ मैले सिलाउने गरेकी छु कहींकतै टाँक लगाउनुपरे नातिको सहारा चाहिने हुन्छ।

७ जनाको परिवार छ जग्गा जमीनबाट उब्जेको अन्नले १ महिना खान पुग्दैन सिलाइ कटाइबाट आएको पैसाले परिवारको खर्च चलेको उनका छोरा ४२ वर्षीया तुलाराम दर्जीले बताए। उनले भने- 'घर अरुको हो महिनामा १ हजार भाडा तिर्ने गरेका छौं। आमाको मिहेनेत देखेर सबैजनालाई अचम्म लाग्ने गरेको छ।'

कसैलाई बरदान हुन्छ कसैलाई सराप ।मैले लौरोको सहारा लिन थालेको १३ वर्ष भयो कमाइ नहुने भएपछि घरमा सधैं कलह हुन्छ तर किटि दर्जीले भने उमेर छिपिँदासमेत आफ्नै मिहेनेतले जीवन चलाइरहेको देख्दा खुसी लागेको स्थानीय ७१ वर्षीया चक्र दौल्याले बताए। उनले भने- 'सिप भएको मान्छे उमेर छिपिँदासमेत सम्मान पाउँदोरहेछ।'

२०७४, भदौ
बुधबार
२१

# नेपाल

> धार परिवर्तन गरेर फैलिंदै गएको राप्ती नदी पुरानो ठाउँबाट धेरै टाढा पुगिसकेको छ। लक्ष्मणपुर बाँध पीडित संघर्ष समिति, बाँकेका संयोजकसमेत रहेका सिंहले नदी अन्यत्र मोडिंदा आफ्नो जग्गा नदीबाट छुटिंदै आएको बताउनुभयो।

## खेतीयोग्य जमिनमा 'राप्ती नदी'

**कुमार श्रेष्ठ, बाँके**

होलियाका जगदीशबहादुर सिंह परिवारको डेढ सय बिघा खेतीयोग्य जमीन राप्ती नदी आसपासमा (अहिले त्यहाँ नदी छ) थियो। यतिका जग्गाले सिंह परिवारलाई जमिन्दारको पगरी गुथाएको मात्रै थिएन, खान लाउन ढुक्क थियो।

भारतले १९८० देखि राप्ती नदीमा लक्ष्मणपुर बाँध निर्माण थाल्यो। पाँच वर्षमा बाँध निर्माण भयो। त्यसपछि सन् १९९९ देखि २००० मा राप्ती नदीमा कलकलवा तटबन्ध निर्माण गर्‍यो। नदीको प्राकृतिक बहावलाई बाँधको ढोकासँगै साढे बाइस किलोमिटर लामो, ५ मिटर चौडाई र ५ मिटर उचाईको तटबन्धले रोक्यो।

अन्तर्राष्ट्रिय मापदण्ड विपरीत भारतले एकतर्फी बनाएको बाँध र तटबन्धले गर्दा सिंह परिवारको डेढ सय बिघा जमीन विस्तारै नदीमा विलीन हुन थाल्यो। प्राकृतिक बहाव रोकिदा नदी दायाँ-बायाँ फैलियो। नदीले धार नै परिवर्तन गर्‍यो। सिंह भन्नुहुन्छ - 'मेरो खेतीयोग्य जमिनमा नदी बग्न थाल्यो।'

धार परिवर्तन गरेर फैलिँदै गएको राप्ती नदी पुरानो ठाउँबाट धेरै टाढा पुगिसकेको छ। लक्ष्मणपुर बाँध पीडित संघर्ष समिति, बाँकेका संयोजकसमेत रहेका सिंहले नदी अन्यत्र मोडिँदा आफ्नो जग्गा नदीबाट छुट्टिदै आएको बताउनुभयो। 'अहिले त मेरो जग्गामा नदी बग्न कम भएको छ। बालुवा भने धेरै थुप्रेको छ,- सिंहले भन्नुभयो।

बैजापुरका बरुलाल थारुको १३ बिघा जमीन थियो। त्योमध्ये पाँच बिघा जमिन राप्ती नदीमा मिसियो। नदीमा मिसिने, धार परिवर्तन गरेपछि छुट्टिने क्रम चलिरहेको छ। १३ बिघामा अनाज उत्पादन हुँदा थारू परिवारलाई खानाको चिन्ता थिएन, बरु बेच्थे। तीन भाइको नाममा रहेको जग्गा कटानमा पर्दै गएपछि अहिले खाना पुग्ने जमीन बचेको थारूले बताउनुभयो। 'तीनपल्ट नदीले कटान गर्‍यो र छोड्यो, फेरि हामीले बालुवा फालेर उत्पादनशील बनायौं, फेरि उस्तै बनाउने गर्‍यो, थारूले थप्नुभयो,- 'यस्तै चलिरहेको छ।'

भारतको हेपाहा नीतिका कारण बनाइएको बाँध र तटबन्धले राप्ती नदीको २८ किलोमिटर तटीय क्षेत्रको ४ हजार बिघा बढी खेतीयोग्य जमीन मरुभूमि बनेको छ। अहिलेसम्म ६० हजारबढी मानिस डुवान, कटान र पटानबाट प्रभावित भई प्रत्यक्ष रुपमा खाद्य अधिकार तथा सुरक्षित जीविकोपार्जनको अधिकारबाट बञ्चित भएको संघर्ष समितिले जनाएको छ।

संघर्ष समितिले यसपटक नदीले कटान, पटान र डुवानमा पारेको जमीनलाई बैंकमा धितो राख्ने व्यवस्था मिलाइदिन लबिङ थालेको छ। प्रमुख जिल्ला अधिकारीदेखि प्रधानमन्त्रीसमक्ष पीडितहरूले यो माग पुर्‍याएका छन्। समितिले नदीको कटान, पटान र डुवानका कारण खेती गर्न योग्य नभएको जमीनको क्षतिपूर्ति माग गरेको छ। 'सरकारले त्यो जमिन लिएर हामीलाई अर्को ठाउँमा दिए हुन्छ,'-समितिका अधिकारीहरू भन्छन्। सयौं परिवारको बिघौं बिघा जमीन नदीमा परेको छ। धनीमानीले त अन्यत्र घर रहेकाले बसेका छन्। थोरै जमीन भएका र नदीमा परेकाहरूको बिचल्ली परेको छ।

सन् २००३ मा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको भारत भ्रमणमा राप्ती नदीको दुवै किनारमा २८ किलोमिटर लामो पक्की तटबन्ध बनाउने भारतसँग सहमति भए पनि त्यो कार्यान्वयन नहुँदा नेपालको खेतीयोग्य जमीन मरुभूमिमा बढ्ने क्रममा चलिरहेको छ। सरकारले भारतसँग सहमति कार्यान्वयन गराउन सकेको छैन। उसले बरू बर्खाअघि तटबन्धका नाममा वर्षेनी लाखौं रकम खर्च गरेर पानीमा बगाउने गरेको छ।

## बढ्यो सुन चोरी र अवैध ओसारपसार

**रोशन पराजुली, हेटौंडा**

मकवानपुरमा रहेर सुनचाँदी किनबेच गर्नुहुन्छ भने होसियार भएर किनबेच गर्नुहोला। केही दिनअघि मात्र दिउँसै सुन पसलबाट केही सेकेण्डमै सुन हराएको छ। '२ महिलाले एकैदिन २ वटा पसलबाट सुन लिएर फरार भएका छन्।

ती महिला तपाईंको पसलमा किनबेचका लागि आउन सक्छन्, सचेत र सावधान रहनुहोला।' प्रहरीले माथि उल्लेखित वाक्यांश प्रयोग गर्दै सुन व्यवसायीलाई सावधान रहन आग्रह गरिरहेको छ। मकवानपुरका डीएसपी दिलीपराज झाले जिल्लामा सञ्चालित सबै सुन पसललाई सचेत र सावधान रहन भनिएको जानकारी दिए। 'हामीले सबै सुन पसललाई सचेत भएर बिक्री गर्न र कतैबाट सुन किनबेचका लागि ल्याए सावधान रहन सूचना दिएका छौं,' डीएसपी झाले भने-'चाडपर्व नजिकिएसँगै बजार क्षेत्रमा यस्ता गिरोह सक्रिय छन्, त्यस्ता गिरोहबाट व्यापारी सचेत हुनु आवश्यक छ।'

हिन्दू नेपालीको महान् चाडपर्व दसैं, तिहार र छठ नजिकिएसँगै हेटौंडा बजारमा चाप बढेको छ। सुन क्रेताका रुपमा पसलभित्र छिरेका महिलाले कुनै सामान तोडफोड नगरी राखिएको स्थानबाट सुन झिकेका छन्। बजारमा बढ्दो चाप र चोरीडकैतीका घटना बाहिर आउन थालेपछि प्रहरीले सुरक्षा व्यवस्थालाई थप मजबूत बनाउने रणनीति अवलम्बन गरिरहेको छ। सामान्य चोरीदेखि दिउँसै ठगी गर्नेको जमात बजार क्षेत्रमा सक्रिय हुँदा व्यापारीलाई सचेत रहन प्रहरीलगायत सरोकारवाला संस्थाले आह्वान गरेका छन्।

वर्षेनी चाडपर्वको समयमा चोरी, ठगीका घटना नरोकिँदा प्रहरीले सक्रियता बढाएसँगै अनुसन्धानमा जोड दिन आवश्यक छ। यस्ता घटनालाई मध्यनजर गरिरहँदा बिहीबार हेटौंडा बजार क्षेत्रमा सञ्चालित २ वटा सुन पसलमा दिउँसै ठगी भएको छ।

प्रहरीले जनाएअनुसार हेटौंडा-१० र १ मा रहेको दुई वटा सुनपसलमा बिहीबार दिउँसो दुई महिलाले सुन ठगी गरेका छन्। सुनपसलमा रहेका प्रोप्राइटरलाई झुक्याएर दुई महिला सुन ठगेर भाग्न सफल भएका छन्।

हालसम्म प्रहरीले ती महिलालाई पक्राउ गर्न सकेको छैन। हेटौंडा-१ मा रहेको अनमोल सुनचाँदी पसलबाट सुन ठगेको सीसीटिभी फुटेजमा देखिएको छ। फुटेजमा दुई महिला ग्राहक बनेर सुन खरिदका लागि गएको र सुन राखेको ठाउँबाट निकालेको देखिन्छ। उनीहरूमध्ये एक जनाले प्रोप्राइटरलाई भुलाउँदै अर्की महिलाले तीन वटा सुनको औंठी झिकेको प्रहरीले जनाएको छ। औंठी झिकेपछि एकले अर्कीलाई जाने संकेत गर्दै उनीहरू फरार भए।

उनीहरू अनमोलबाट हेटौंडा-१० मा रहेको श्रीराम सुनचाँदी पसलबाट पनि त्यसैगरी सुन लिएर फरार भएका छन्। सुन ठगी भएको विषयमा प्रतिक्रिया दिँदै अनमोल सुनचाँदी पसलका प्रोप्राइटर राजकुमार घिमिरेले आफ्नो पसलबाट करिब डेढतोला सुन हराएको बताए। बिक्रीका लागि तयार पारिएको तीन वटा औंठी हराएको उनको भनाइ छ।

सुन चोरीसँगै अवैध ओसारपसार पनि भइरहेको छ। विशेष सूचनाका आधारमा इलाका प्रहरी कार्यालय पशुपतिनगरबाट खटिएको प्रहरीले करिब साढे ९ लाख मूल्य बराबरको अवैध सुनसहित एक भारतीय नागरिकलाई पक्राउ गरेको छ।

हेटौंडा-१५ स्थित रातोमाटे चेकपोष्टमा हेटौंडाबाट वीरगन्जतर्फ जाँदै गरेको ना. १ ज ४०५२ नम्बर सुमो चेक गर्ने क्रममा सुमोका यात्री ४० वर्षीय भारतीय नागरिक अशोककुमार शर्माको साथबाट करिब ९ लाख ६१ हजार मूल्य पर्ने १ सय ९५ ग्राम सुन फेला पारेको हो। उनलाई आवश्यक कारबाहीका लागि राजस्व अनुसन्धान कार्यालय पथलैया बारामा पठाइएको छ।

## गहुँ र मकैको घट्यो, धानको बढ्यो

**नेपाल समाचारपत्र**

काभ्रे

कृषिका प्रमुख अन्नबालीहरू गहुँ, मकै, धानलगायतको उत्पादन र मूल्य दुवै घट्दै गएको तथ्यांकले देखाएको छ। जिल्ला तथ्यांक कार्यालय काभ्रेले जिल्लाको कृषि उत्पादनको वार्षिक औषत उत्पादक मूल्य प्रकाशन गर्दै मुख्य बालीहरूको उत्पादन र मूल्य दुवै घट्दै गएको तथ्यांक प्रस्तुत गरेको हो।

आर्थिक वर्ष २०७०/२०७१, २०७१/२०७२, २०७२/२०७३ र २०७३/२०७४ को प्रति केजी वार्षिक औषत मूल्य प्रकाशन गरेको तथ्यांक अधिकृत दीनानाथ लम्सालले जानकारी दिए। गहुँको मूल्य ३१ रुपियाँबाट घटेर २७ रुपियाँमा आएको छ भने वर्षे मकैको मूल्य २६ रुपियाँबाट घटेर २३ रुपियाँमा आएको छ। धान मोटोको २९ रुपियाँबाट बढेर ३१ रुपियाँ पुगेको छ। बीचका वर्षमा पनि धानको मूल्य खासै बढेको छैन। उब्जनीका लागि मलिलो जमिनहरू मासिँदै जानु, प्लटिङ तथा विभिन्न खालका विषादीहरू प्रयोग हुनुले पनि उत्पादनमा ह्रास हुँदै गएको छ। नेपालमा उत्पादन भएका कृषि उपजहरूको मूल्य लागत धेरै हुने र छिमेकी देशहरूबाट आउने अन्नबालीहरूको मूल्य कम हुने भएकाले पनि नेपालको उत्पादनलाई खासै महत्व दिन छाडिएको छ।

धान मध्यमको २५ रुपियाँबाट बढेर चार वर्षको अवधिमा ३७ रुपियाँ पुगेको छ। मसिनो धान ३७ रुपियाँबाट बढेर ५७ रुपियाँ पुगेको छ भने कोदो २१ रुपैयाबाट बढेर ३८ रुपैया पुगेको छ। रातो आलु २९ रुपैया केजीबाट घटेर २७ रुपियाँमा आएको छ। यो मूल्य बजारमा स्थिर छैन तर पनि कृषकले आलुको उचित मूल्य पाउन सकेका छैनन्। सेतो आलु २५ बाट घटेर २२ मा आएको छ। सबैभन्दा धेरै मूल्य मासको भएको छ। १ सय १८ रुपियाँबाट २ सय ३८ रुपियाँ पुगेको छ भटमास ७० रुपियाँ प्रति केजीबाट ८२ पुगेको छ भने सिमी, केराउ, मस्याङ, बोडीको खासै उत्पादन हुन छाडेको छ।

तोरी र तिल दुवैको मूल्य वृद्धि भएको छ। तोरी ७५ बाट ९४ पुगेको छ। फलफूलको मूल्य बढेको भन्दा घटेको धेरै छ। केही वर्षदेखि केराको मूल्य अस्थिर छ। आपँ, अम्बा, लिची, कागती, सुन्तला, नास्पाती, जुनारको मूल्य बढेको भन्दा घटेको धेरै छ। तरकारीहरूमध्ये बन्दागोभी, काउली, रायो, भिँडेखुर्सानी, कांक्रो, भण्टा, गोलभेडा, करेलो, फर्सी, लौका, भिन्डी, स्कुस, मटरकोसा, बोडी, मुला, गाजरको मूल्य प्रति केजी २/४ रुपियाँबाहेक तलमाथि भएको छैन।

राँगाको मासु, खासी बोका र सुगुँरको मासुमा वृद्धि भएको छ। कुखुरा र हाँसको मासुको मूल्य पनि विगतका वर्षहरूभन्दा केही वृद्धि भएको छ। गाईको दूधको मूल्य ४१ रुपियाँबाट ४९ पुगेको छ भने भैसीको दूधको मूल्य ५६ बाट ६९ पुगेको छ। अण्डा स्थानीय कुखुराको २१ रुपियाँसम्म पुगेको छ भने उन्नत जातका कुखुराको अण्डा ९ रुपियाँबाट १५ रुपियाँसम्म पुगेको छ। हाँसको अण्डाको खपत कमै हुने गरेको तथ्यांकले देखाएको छ।

## विशेष उपचार

बाँके (नेस)

बाँकेका अस्पतालहरूले सिजनल इन्फ्लुएन्जा आशंकित बिरामीलाई विशेष तरिकाले हेर्ने गरेका छन्। देशका अन्यत्र ठाउँमा एन्फ्लुएन्जाका बिरामी बढेको र केहीको मृत्यु भएको पाइएमा बाँकेमा त्यस्ता आशंकित बिरामीलाई विशेष तरिकाले हेर्ने गरिएको हो।

हुन त बाँकेमा अहिलेसम्म दुई जनामा मात्रै इन्फ्लुएन्जा देखिएको छ। ६ वटाको स्याम्पल काठमाडौं पठाउदा दुई जनामा पोजिटिभ देखिएको थियो। त्यसपछि फेरि आशंकित ८ जनाको स्याम्पल काठमाडौं पठाइएको छ। भेरी अञ्चल अस्पताल, नर्सिङहोम नेपालगञ्ज र शिक्षण अस्पताल कोहलपुरमा आएका बिरामीलाई एन्फ्लुएन्जा आशंकित भए विशेष तरिकाले उपचारको व्यवस्था गर्ने परिपाटी मिलाइएको जिल्ला जनस्वास्थ्य कार्यालय, बाँकेका फोकलपर्सन रामबहादुर चन्दले बताउनुभयो। 'एन्फ्लुएन्जा आशंकितको स्याम्पल काठमाडौं पठाउँछौं, अस्पतालमा पनि अरुभन्दा छुट्टै राखेर उपचारको व्यवस्था मिलाएका छौं,'-चन्दले भन्नुभयो।

बाँकेका अस्पतालमा सिजनल बिरामीको चाप अझै रहेको छ। त्यसमा एन्फ्लुएन्जा आशंकित पनि आइरहेका छन्। बाँकेमा एन्फ्लुएन्जासँगै स्क्रब्स, डेंगु, मलेरिया, कालाजारको जोखिम पनि रहेको छ। जिल्ला जनस्वास्थ्य कार्यालयले किटजन्य रोग हुन नदिन विभिन्न ठाउँमा स्प्रे छर्किन शुरु गरेको छ। जनस्वास्थ्यले एन्फ्लुएन्जा सम्बन्धमा तिनै वटै अस्पतालका चिकित्सकलाई अभिमुखीकरण गरिसकेको छ।

## पार्टीले अझै निर्वाचन खर्च विवरण बुझाएनन्

**विनोद विष्ट, बैतडी**

बैतडीमा स्थानीय तहको निर्वाचनमा भाग लिएका आधाभन्दा बढी उम्मेदवारले निर्वाचन खर्च बुझाएका छैनन्। असार १४ गते सम्पन्न दोस्रो चरणको स्थानीय तहको निर्वाचन लडेका बनेका बैतडीका उम्मेदवारले खर्च विवरण बुझाएका अटेरी गरेको जिल्ला निर्वाचन अधिकारी माधव प्रसाद फुँयालले जानकारी दिनुभयो।

निर्वाचन भएको एक महिनाभित्र चुनावी खर्च बुझाउनुपर्ने कानुनी व्यवस्था रहेको भए पनि दुई महिना बढी भइसक्दा पनि अधिकांश उम्मेदवारले खर्च विवरण नबुझाएको जिल्ला निर्वाचन कार्यालय बैतडीले जनाएको छ। हालसम्म ७ सय ५ जना उम्मेदवारले मात्रै खर्च विवरण पेस गरेको जिल्ला निर्वाचन अधिकारी फुँयालले बताउनुभयो। ४ नगरपालिका र ६ गाउँपालिकामा ४४० पदका लागि १ हजार ६ सय ८० उम्मेदवार चुनावी मैदानमा उत्रिएका थिए।

जित्ने धेरैजसो उम्मेदवारले निर्वाचन खर्च विवर पेस गरेको छ जिल्ला निर्वाचन अधिकारी फुँयालले भन्नुभयो-'बैतडीमा अझै ९ सय ७५ जना उम्मेदवारले निर्वाचन खर्च बुझाउन बाँकी छ', निर्वाचनमा भाग लिने सबै उम्मेदवारहरूले स्थानीय तह निर्वाचन ऐन २०७३ को दफा ६४ को उपदफा ४ बमोजिम र स्थानीय तह निर्वाचन नियमावली २०७३ को नियम ४० को अनुसूची ३० मा निर्वाचन परिणाम घोषणा भएको ३० दिनभित्र निर्वाचन खर्च बुझाउने कानुनी व्यवस्था रहेको छ।'

खर्च बुझाउने उम्मेदवारले हालसम्म निर्वाचन आयोगले खर्च गर्न पाउने भनी तोकेको खर्चको सीमाअनुसार नै विवरण पेस गरेको जिल्ला निर्वाचन कार्यालय बैतडीले जनाएको छ। निर्वाचनको खर्च विवरण पेस नगर्ने उम्मेदवारलाई ५ सय रुपियाँ जरिवाना हुने र अर्को कुनै पनि चुनावमा भाग लिन नपाइने जिल्ला निर्वाचन अधिकारी फुँयालले बताउनुभयो।

जिल्ला निर्वाचन कार्यालय बैतडीले पटक-पटक विभिन्न सञ्चारमाध्यमबाट सूचना प्रसारण तथा प्रसारण गरी निर्वाचन खर्च पेस गर्न अनुरोध गरेको भए पनि उम्मेदवारले अटेरी गरेका छन्। निर्वाचन खर्च पेस नगरेका उम्मेदवारलाई छिटोभन्दा छिटो पेस गर्नसमेत जिल्ला निर्वाचन कार्यालय बैतडीले पुन:अनुरोध गरेको छ।

स्थानीय तहको चुनावमा नगरपालिकाका मेयर र उपमेयरले ४ लाख रुपियाँ तथा वडाअध्यक्ष र सदस्यहरूले २ लाख रुपियाँसम्म खर्च गर्न पाउने सीमा निर्वाचन आयोगले तोकेको थियो।

## गाँजा फाँड्न प्रहरी सक्रिय

गुल्मी (नेस)

जिल्ला प्रहरी कार्यालय गुल्मीले गाँजा फडानी गर्ने अभियान शुरु गरेको छ। अभियानको शुरुवात सदरमुकामबाटै भएको छ। प्रहरीले बाखेछेडा, उदिनढुंगा र बसपार्कमा गरेर दुई क्विन्टल गाँजा नष्ट गरेको जनाएको छ।

केही सार्वजनिक स्थल र व्यक्तिले आफ्नो बारीको डिलमा हुर्काएका गाँजाका बोटहरू नष्ट गरेको जिल्ला प्रहरी कार्यालय गुल्मीले जनाएको छ। जिल्लामा लागुऔषध प्रयोगकर्ता बढ्दै जान थालेपछि अभियान सञ्चालन गरेको प्रहरी नायव उपरीक्षक गंगा थापाले बताए।

विस्तारै सबै स्थानमा सबैको सहयोगबाट गाँजालाई मुक्त गरिने प्रहरीले जनाएको । आफ्नो वरिपरि कहींकतै व्यक्ति वा सार्वजनिक स्थलमा गाँजा खेती गरिएको भए प्रहरीलाई तुरुन्त जानकारी दिन प्रहरी नायव उपरीक्षक थापाले आग्रह गरे। गाउँमा पशुचौपाय बिरामी हुँदा गाँजा खुवाउँदा ठीक हुने भएकाले गाँजाको बोट हुर्काएको स्थानीय बताउँछन्, तर प्रहरीले पशुचौपायका लागि भन्ने बाहाना मात्रै भएको र गाँजाका बोट राख्नु र हुर्काउनु अवैध भएकाले काट्नुपर्ने बताएको छ।

जिल्लामा व्यवसायीक रुपले गाँजा खेती नगरिएको भए पनि हरेक घरधुरीमा गाँजाका बोटहरू रहेको प्रहरीले जनाएको छ। ग्रामीण क्षेत्रमा स्थानीयले अचारको दाउन बनाउन, औषधि बनाउन, तथा शिवरात्रिमा प्रसाद बनाउन गाँजा अर्थात् भाँगोको प्रयोग गर्ने गर्दछन्।

## उत्कृष्ट निजी विद्यालय

**नेपाल समाचारपत्र**

पर्वत

पर्वत सदरमुकाम कुश्मा बजारमा सञ्चालित नमुना अंग्रेजी आवासीय मावि प्रदेश नं. ४ अन्तर्गत सञ्चालित संस्थागत विद्यालयमध्ये उत्कृष्ठ विद्यालयका रुपमा पुरस्कृत हुने भएको छ। शिक्षा मन्त्रालयले देशभरका सामुदायिक तथा निजी (संस्थागत) विद्यालयमध्ये उत्कृष्ट २० विद्यालयलाई पुरस्कृत गर्ने कार्यक्रम अनुसार नमुना छनोट भएको हो।

अघिल्ला तीन वर्षका परीक्षामा प्राप्त नतिजा विश्लेषण, परीक्षामा सहभागी विद्यार्थी संख्या तथा तहअनुसार अध्यापन गराइएका विषयका आधार मानेर विद्यालय छनोट गरिने मन्त्रालयले जनाएको छ। देशका करिब ३० हजार सामुदायिक र करिब ७ हजार निजी विद्यालयमध्ये २० छानिएका हुन्। मन्त्रालयका अनुसार सामुदायिकतर्फ ११ र निजीतर्फ ९ लाई छनोट गरिएको हो। कक्षा ११ र १२ को उत्कृष्ट नतिजाका आधारमा सामुदायिकतर्फ त्रिपुरेश्वरस्थित विश्व निकेतन मावि र निजीतर्फ बागबजारस्थित काठमाडौं मोडेल मावि छनोट भएका छन्।

कक्षा १० को पुरस्कारका लागि राष्ट्रिय स्तरमा सामुदायिकतर्फ बुटवलको कालिका मावि र निजीतर्फ विराटनगरको बालकल्याण विद्यामन्दिर छनोट भएका छन्। दुवै विद्यालयलाई सिल्ड, प्रमाणपत्र र नगद २ लाख रुपियाँ प्रदान गरिनेछ। प्रदेश स्तरमा उत्कृष्ट प्रदर्शन गरेबापत सामुदायिकतर्फ प्रदेश नम्बर १, २ र ३ बाट क्रमश: ओखलढुंगाको वरुणेश्वर मावि, रौतहटको ओम मावि र चितवनको नारायणी मोडेल मावि छनोट भएको छ। पुरस्कार राशि १ लाख रुपियाँ छ।

यसपटक निजीतर्फ प्रदेश स्तरमा दिइने पुरस्कारका लागि प्रदेश नम्बर १, २, ३ र ४ बाट क्रमश: विराटनगरको एभरेस्ट बोर्डिङ स्कुल, रौतहटको मुनलाइट एकेडेमी, ललितपुरको जेम्स एकेडेमी र पर्वतको नमुना अंग्रेजी आवासीय मावि परेका छन्। निजीतर्फ नै प्रदेश नम्बर ५, ६ र ७ बाट क्रमश: गोरखा युनाइटेड पब्लिक स्कुल, सुर्खेतको छिन्छु इङलिस बोर्डिङ स्कुल र कञ्चनपुरको इन्टरनेसनल पब्लिक स्कुल छन्। प्रदेश स्तरमा छानिएका सबै विद्यालयलाई सिल्ड, प्रमाणपत्र र नगद १ लाख रुपियाँ प्रदान गरिने भएको छ।



छन्। सामुदायिकतर्फ नै प्रदेश नम्बर ४, ५, ६ र ७ बाट क्रमश: कास्कीको बालमन्दिर मावि, बुटवलको कान्ति मावि, कालिकोटको मस्टो सरस्वती मावि र डोटीको सीताराम मावि छन्। दुर्गमबाट सामुदायिकतर्फ हुम्लाको महाबुद्ध मावि

पुरस्कारका लागि विद्यालय छनोटको प्रकाशित सूचनामा आफ्नो विद्यालयको नाम पुरस्कृत हुने सूचीमा परेपछि नमुना अंग्रेजी आवासीय माविका अध्यक्ष यमप्रसाद शर्माले भने-'विद्यालयले गरेको मिहिनेतअनुसार प्रतिफल पाउँदा खुसी लागेको छ। यसको श्रेय सम्पूर्ण मिहिनेती र इमान्दार सहकर्मी, व्यवस्थापन समिति, अभिभावक र शुभचिन्तकलाई दिन चाहन्छु।'

सारा नेपाली मिलेर अन्याय, अत्याचारको विरुद्धमा लड्नु पर्छ र यस्ता अन्याय, अत्याचारबाट मुक्त हुनु पर्छ भन्ने आजको मागलाई हामी सबैले बुझ्नु पर्दछ ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
**सूचना विभाग**

# विश्व

**अभ्यास**

उत्तर कोरियाको हाइड्रोजन बम परीक्षणको कारणले दक्षिण कोरियाले सैनिक अभ्यास तीव्र पारेको छ।



**उपचार**

शिशुको मस्तिष्कमा क्षति पुऱ्याउन सक्ने जिका भाइरस वयस्कहरूको मस्तिष्क क्यान्सर उपचारमा प्रयोग गर्न सकिने अमेरिकी वैज्ञानिकहरूले पत्ता लगाएका छन्।



2017, AUG
Wednesday
6

विश्व २ मिनेट

## जापान

### आपत्कालीन अवतरण

टोक्यो, (एजेन्सी)

अमेरिकाको न्युयोर्कतर्फ उडेको जापान एयरलायन्सको एक यात्रुवाहक विमान मंगलबार टोक्यो विमानस्थलमा आपत्कालीन अवतरण गराइएको छ। सम्भवत: पन्छीसँग ठोकिएको कारण अचानक इन्जिनमा खराबी आएकाले त्यसलाई अवतरण गराइएको हुनुपर्ने सो एयरलायन्सले जनाएको छ। स्थानीय समयअनुसार बिहान ११ बजे टोक्योको हानेदा विमानस्थलबाट उडेको २ सय ३३ जना यात्रु र १५ जना चालकदलका सदस्य सवार सो विमानलाई एक घन्टापछि पुन त्यहीँ फर्काइएको थियो। सरकारी टेलिभिजन एनएचकेले देखाएको फुटेजमा सो विमान सुरक्षित ढंगले विमानस्थलमा अवतरण भएको देखिन्छ।

## भारत

### केरलमा गोमांस वैध

नयाँदिल्ली, (एजेन्सी)

भाजपा सरकारले भारतमा गाईको मासु प्रतिबन्ध लगाउनुपर्ने पक्षमा वकालत गरिरहेकै बेला मोदीको क्याबिनेट हेरफेरमा प्रवेश पाएका पर्यटन मन्त्री अलफाँस कन्नथानमले केरलमा गाईको मासु खान नरोकिने बताए। अलफाँसले भाजपाले कहिले पनि गोमांस खान नपाउने नभनेको पनि दाबी गरे। उनले गोवाका मुख्यमन्त्री मनोहर परिकरले उसको राज्यमा गाईको मासु उपभोग गर्न सक्ने बताइसकेको र त्यसै गरी केरलमा पनि त्यसको उपभोग जारी रहने बताए। उनले गाईको मासु खान पाउँदैन भन्ने अधिकार भाजपालाई नभएको र देशको कुनै पनि हिस्सामा जनताको खानपान आचरण तय गर्न नसक्ने बताए।

## अस्ट्रेलिया

### पिसाब पिएर बाँचे

सिड्नी, (एजेन्सी)

अस्ट्रेलियामा गाडी दुर्घटनापछि एक व्यक्ति सय किलोमिटर पैदल हिँडेर आफ्नो ज्यान बचाउन सफल भएका छन्। २१ वर्षीय थोमस मेसन गत बुधबार एक दुर्गम इलाकामा गइरहेका बेला उनको गाडी ऊँटसँग ठोक्किएर दुर्घटना भएको अधिकारीहरूले बताए। थोमस घाइते नभए पनि दुर्गम इलाकामा फसेका थिए। त्यहाँबाट नजिकको बस्ती १ सय ५० किलोमिटरको दूरीमा थियो। उनी दिनभरिजस्तो पैदल हिँडेको र शरीरको पानी कमी पूरा गर्न उनले आफ्नै पिसाब पिएका थिए। त्यहीँ बसिरहेको भए मर्ने कुरा आफूलाई थाहा भएको र हाइवेसम्म पुग्न सकेमा कसै न कसैले आफूलाई देख्ने भएकाले त्यहाँबाट हिँड्न थालेको उनले बताए।

## क्याम्बोडिया

### राष्ट्रघातीको आरोप

नोमपेन्ह, (एजेन्सी)

क्याम्बोडियाको एक अदालतले विपक्षी राजनीतिक नेता केम सोखालाई मंगलबार राष्ट्रघातीको आरोप लगाएको छ। क्याम्बोडियाली सरकारलाई अधिनायकवादी बन्दै गइरहेको आरेप लागिरहेका बला अदालतले यो अभियोग लगाएको हो। सोखालाई अमेरिकासँग मिलेर क्याम्बोडियाली सरकारविरुद्ध षड्यन्त्र गरिरहेको आरोप लगाइएको हो। यदि उनीमाथि लगाइएको आरोप सही ठहर भएको खण्डमा उनलाई अधिकतम ३० वर्ष लामो कारवास सजाय हुन सक्छ। सरकारले आम चुनाव सम्मुख आफ्ना विरोधी र पत्रकारहरूलाई व्यापक दमन गर्ने क्रममा आइतबार केम सोखालाई पक्राउ गरेको थियो।

# सि र मोदीबीच महत्त्वपूर्ण भेटवार्ता

बेइजिङ, (एजेन्सी)



सीमा विवादपछि पहिलो पटक मंगलबार भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र चिनियाँ राष्ट्रपति सि जिनपिङबीच भेटवार्ता भएको छ। चीनको बन्दरगाह शहर सियामेनमा ब्रिक्स सम्मेलनको दौरान तिनीहरूबीच महत्त्वपूर्ण भेटवार्ता भएको थियो।

केही दिनअघि मात्र भारत र चीनबीचको तीन महिना लामो सीमा विवाद सल्टिएको थियो। चिनियाँ सरकारी सञ्चारमाध्यमले सि र मोदी दुवैले चीन र भारतबीचको स्वस्थ र स्थिर सम्बन्धको आवश्यकतामाथि जोड दिएको बताएको छ।

चीनपछि म्यान्मारको औपचारिक भ्रमण सकेर स्वदेश फर्कने मोदीको कार्यक्रम रहेको छ। सरकारी समाचार निकाय सिन्हवाले एक घन्टा लामो बैठकपछि सिले मोदीलाई चीनसँगको आपसी सम्बन्धलाई सही स्थानमा राख्न आग्रह गरेको जनाएको छ।

दोक्लाम सीमा क्षेत्रमा भारतीय र चिनियाँ फौजबीच बढेको मतभेदका कारण द्विपक्षीय कूटनीतिक सम्बन्ध प्रभावित हुन पुगेको थियो।

साथै मोदीले तीन दिने ब्रिक्स सम्मेलन सफलतापूर्वक सम्पन्न भएकोमा सिलाई बधाई तथा शुभकामना व्यक्त गरेका छन्।

पत्रकारहरूसँगको कुराकानीको क्रममा भारतका विदेश सचिव एस जयशंकरले दुवै राष्ट्रले एकले अर्कालाई सम्मान गर्दै अघि बढ्नुपर्ने बताएका छन्।


Government of Nepal
Ministry of Urban Development

**Department of Urban Development & Building Construction**
**Division Office Dhanusha**
**Invitation for Bids (IFB)**

**Invitation for Bids for the Works Under DUDBC**

**IFB Number: 01/074-075/NCB**

1. First date of Publication: ***2074/05/21( September 6, 2017)***
2. The Ministry of Urban Development, Department of Urban Development and Building Construction (DUDBC) ***Division Office Dhanusha*** invites sealed bids from eligible and qualified bidders for the construction of ***Works as stated below***.
3. Bidding will be conducted through the National Competitive Bidding (NCB) procedures.
4. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Department **of Urban Development and Building Construction, *Division Office Dhanusha.***
5. A complete set of Bidding Documents in English may be purchased from the address below before **17:00 hrs (30th day from first day of notice published)** 20th Ashwin 2074 by interested bidders on the submission of a written application, along with the copy of ***company/firm registration*** certificate, and upon payment of a non-refundable fee mention below in Description of contract for each set Payment shall be in the form of cash deposit certificate in ***revenue account No*.Ka1.1.001,** of Rastriya Banijya ***Bank Branch Office Janakpur,*** **Dharauti account no: 1220203000000** of Rastriya Banijya Bank Janakpur branch .If so requested, the Bidding Documents can also be sent by post/courier services upon payment of additional non-refundable fee of NRs. **3000.*00***. However, the Employer will not be responsible for delay or non-delivery of the documents so sent.
6. Sealed Bids must be submitted to the address below on or before**12:00 hrs(31th day from first day of notice published)on 22th Ashwin 2074**. All bids must be accompanied by a Bid Security as stated below. Late bids will be rejected. Bids will be opened in the presence of Bidders' representatives who choose to attend in person at the address below immediately after the submission deadline at **14:00 hrs on 22th Ashwin, 2074. The bidding procedure will be single stage two envelope.**
7. In case, the last date of purchase, submission or opening of Bid happens to be a holiday, the next working day will be deemed as the due date but the time will be the same as stipulated.
8. Information or data submitted by the bidder which is either incomplete or unclear or not substantiated by supporting documents shall not be considered for evaluation.
9. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid. Pre-bid meeting will be held on **12th Ashwin**, 2074 at the address below.
10. The Employer reserves the right to accept or reject any bid, and to annul the process and reject all bids at any time prior to contract award.
11. The address referred to above is as follows

Employer: ***Division Chief***
Full Address of Employer: ***Department of Urban Development and Building Construction Division Office Dhanusha; JanakpurDham***
Telephone No.: ***041-520013***
Fax No.: ***041-521177***
Email Address: ***dudbcdhanushanepal@gmail.com***

**Description of Contract**

| Contract No. | Description of Work | Minimum Bid security NRs. | Price of Bid Document (NRs.) | Estimate Amount (Excluding VAT) NRs |
|---|---|---|---|---|
| DUDBC/Dhanusha/ Work/ NCB/ 1-074/075 | Construction of road and drains in Bardibas, Mahottary | 1130000.00 | 5000.00 | |
| DUDBC/Dhanusha/ Work/ NCB/2-074/075 | Construction of roads and drains at Manara, Mahottary | 711900.00 | 5000.00 | |
| DUDBC/Dhanusha/ Work/ NCB/3-074/075 | Construction of roads and drains, Iswarpur, Saralahi | 580000.00 | 5000.00 | |
| DUDBC/Dhanusha/ Work/ NCB/4-073/074 | Construction of roads and drains, Brahampuri, Sarlahi | 711900.00 | 5000.00 | |

***Division Chief***


## कोरियाली प्रायद्विप विवाद

# उत्तर कोरियाले घाँस खान्छ, तर परमाणु कार्यक्रम छोड्दैन : पुटिन

सियामेन, (एजेन्सी)




रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले उत्तर कोरियाविरुद्ध थप प्रतिबन्ध लगाउनु व्यर्थ भएको प्रतिक्रिया दिएका छन्।

उनले भने- 'उत्तर कोरिया घाँस खाएर गुजारा गर्छ तर आफ्नो परमाणु कार्यक्रम छोड्दैन।'

अमेरिकाले सोमबार उत्तर कोरियामाथि थप कडा प्रतिबन्ध लगाउनका लागि संयुक्त राष्ट्र संघमा नयाँ प्रस्ताव ल्याउने जनाएको थियो। हालै मात्र उत्तर कोरियाले शक्तिशाली हाइड्रोजन बम परीक्षण गरेको थियो।

पुटिनले सैन्य उन्मादलाई उत्कर्समा पुऱ्याउनु विश्वमा विध्वंश निम्तिन सक्ने चेतावनी दिँदै उत्तर कोरिया संकटको समाधान कूटनीतिक मात्र भएको उनले बताए।

यसैबीच उत्तर कोरियाका मुख्य सहयोगी चीनले प्योङयाङसँग वार्ताका लागि फर्कनुपर्ने बताए। पुटिनले चीनको सियामेनमा आयोजना भइरहेको ब्रिक्स सम्मेलनका क्रममा पत्रकार सम्मेलनमा उक्त कुरा बताएका थिए। उनले उत्तर कोरियाको परमाणु परीक्षण 'उक्साउने' खालको भएको बताए। 'अब कुनै प्रकारको प्रतिबन्ध बेकार र निस्प्रभावी हुनेछ', उनले अगाडि भने- 'उसले जबसम्म सुरक्षित महसुस गर्दैन तबसम्म परमाणु कार्यक्रम रोक्नुको सट्टा घाँस खान मन पराउनेछ। सुरक्षाको भावना कसरी स्थापित हुनेछ त? अन्तर्राष्ट्रिय कानुनको बहाली गरेर हामी सबैले वार्तालाई बढावा दिनुपर्छ।'

मानवीय पक्षको प्रसंग जोड्दै कडा प्रतिबन्धले लाखौं नागरिक प्रभावित हुने उनले बताए।

सोमबार संयुक्त राष्ट्रमा अमेरिकाको राजदूत निक्की हेलीले उत्तर कोरियाविरुद्ध कडा प्रतिबन्धबाट कूटनीतिकरूपमा समस्या हल गर्न मदत मिल्ने बताएकी थिइन्। अमेरिकाको उक्त प्रस्तावलाई जर्मनीले समर्थन गरेको थियो।

जर्मन चान्सलर एन्जेला मर्केले पनि मंगलबार उत्तर कोरियाबाट लगातार अन्तर्राष्ट्रिय कानुनको उल्लंघन भइरहेकाले ऊमाथि कडा प्रतिबन्ध आवश्यक भएको बताएकी थिइन्।

**'ट्रम्प मेरो दुलही होइन'**

रुसी राष्ट्रपति म्लादिमिर पुटिन अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको आलोचना गर्नबाट पछि हटेको जनाइएको छ। मंगलबारको पत्रकार सम्मेलनमा ट्रम्पको अपरिपक्वताबाट निरास भएको हो भन्ने प्रश्नको जवाफ पुटिनले दिएनन्।

रुसी समाचार एजेन्सीले दिएको समाचारमा पुटिनले 'ट्रम्प मेरो दुलही होइन, र म उसको दुलाहा होइन' टिप्पणाी गरेको उल्लेख गरेको छ।

ट्रम्पविरुद्ध महाअभियोग लगाइएमा रुसले कस्तो महसुस गर्छ भन्ने प्रश्नको जवाफमा अमेरिकाको आन्तरिक राजनीतिलाई लिएर छलफल गर्नु रुसका लागि पुरै गलत कुरा भएको पुटिनले बताए।

गतवर्ष ट्रम्प विजय भएपछि रुसी अधिकारीहरू खुसी भएका थिए र पुटिनले उनलाई रुससँग सम्बन्ध सुधार गर्न इच्छुक व्यक्ति भएको बताउँदै प्रशंसा गरेका थिए। यद्यपि रुसमाथि थप अमेरिकी प्रतिबन्ध र रुसी कूटनीतिक नियोगहरू बन्द गर्ने अमेरिकी निर्णयले दुई देशबीचको दूरी अझै बढेको महसुस गरिएको छ।

**अमेरिकाका लागि थप 'उपहार प्याकेज' तयार छ**

उत्तर कोरियाको पछिल्लो र अहिलेसम्मको सबैभन्दा ठूलो परमाणु परीक्षणलाई लिएर अन्तर्राष्ट्रियस्तरमा हल्लीखल्ली मच्चिरहेका बेला उसका कूटनीतिज्ञहरूले मंगलबार अमेरिकामा पठाउन 'थप उपहारको प्याकेज' तयार रहेको बताएका छन्।

जेनेभामा राष्ट्र संघ कार्यालयका लागि उत्तर कोरियाका राजदूत हान ताय सोंगले उसको देशले परमाणु परीक्षण गरेको दुई दिनपछि राष्ट्र संघको प्रायोजनमा भएको निशस्त्रीकरण सम्मेनलमा सम्बोधन गरेका थिए।

सम्मेलनमा हानले भने- 'दुई दिनअगाडि मात्रै सेप्टेम्बर ३ मा डीपीआरकेले सामरिक परमाणु शक्ति निर्माणका लागि अन्तरमहाद्विपीय ब्यालेस्टिक रकेटका लागि एक हाइड्रोजन बमको सफल परीक्षण गरेकोमा म गौरन्वान्वित छु।'

'मेरो देश डीपीआरकेले हालै चालेको आत्मसुरक्षाको कदम अरूलाई नभएर अमेरिकाकै लागि उपहार प्याकेज हो।' -हानले भने।

डीपीआरकेलाई दबाब दिन निरर्थरक उक्साहटजन्य क्रियाकलापका लागि अमेरिकाले आफ्नो देशबाट थप 'उपहार प्याकेज' पाउने पनि उनले बताए।

# अजरबैजानको गोप्य कोषको दुरुपयोग



बाकु, (एजेनसी)

अजरबैजानको सत्तारूढ अभिजात्य राजनीतिक समूहले दुई वर्षभित्र युरोपेली राजनीतिज्ञहरूलाई महँगा विलासिताका वस्तुहरू खरिद गर्न २ अर्ब ८० करोड अमेरिकी डलर दुरुपयोग गरेको हालै भएको एक अनुसन्धानले जनाएको छ।

सो रकम बेलायतस्थित अपारदर्शी कम्पनीमार्फत परिचालन गरिएको बताइएको छ। अजरबैजानी सरकारप्रति सहयोगी र सकारात्मक दृष्टिकोण राख्ने राजनीतिज्ञहरूलाई यसरी खर्च गरिएको हो।

साथै यसरी पैसा र उपहार प्राप्त गर्नेहरू त्यसको मूल स्रोतबारे जानकार नरहेको पनि बताइएको छ। अनुसन्धानका अनुसार अजरबैजान लाउन्ड्रोम्याट उपनाम दिइएको सो गोप्य कोष सन् २०१४ सम्म सञ्चालित रहेको थियो।

उक्त अनुसन्धानको प्रतिवेदन संगठित अपराध तथा भ्रष्टाचार प्रतिवेदन परियोजनामा उल्लेख गरिएको छ।

उक्त कोषमा खास कहाँबाट पैसा आउँछ भन्ने आधिकारिक पुष्टि नभए पनि त्यहाँका राष्ट्रपति इल्हाम अलियभको परिवारसँग सरोकार रहेको प्रमाणहरू भेटिएको बताइएको छ। यसबारे अजरबैजान सरकार र राष्ट्रपति अलियभबाट कुनै प्रतिक्रिया बाहिर आएको छैन।

यसरी पैसा दुरुपयोग हुने गर्दा तेलका लागि निकै धनी मानिने पूर्वसोभियत गणराज्य अजरबैजानको सरकारमाथि शृंखलाबद्ध भ्रष्टाचार, चुनावमा धाँधली र अनियमितता, विपक्षी राजनीतिज्ञ र मानवअधिकारवादी अभियन्ता तथा पत्रकारहरूको व्यापक गिरफ्तारीजस्ता आरोप लाग्ने गरेको थियो। सो कोषको अधिकांश रकम राजनीतिक सहजकर्ता, पत्रकार, राजनीतिज्ञ र व्यापारीहरूलाई खर्च गरिएको थियो।

बीमा कम्पनीले क्षति भएको तरकारी एवम् अन्न बालीको जाँच गरी ६ लाख क्षतिपूर्ति दिए पनि स्थानीय कृषकले ३७ लाख माग गरेर सडक निर्माण कार्यमा अवरोध गरेपछि समस्या आएको डिभिजन सडक कार्यालय भक्तपुर प्रमुख इन्जिनियर गुरुप्रसाद अधिकारीले बताउनुभयो।



## ‘म घूस खान्नँ’ अभियान हुने

हेटौंडा, (नेस)

आउँदो शुक्रबार बिहान हेटौंडामा ‘म घूस खादिनँ र अरुलाई पनि खुवाउँदिन’ भन्ने नारासहित न्याली निकालिने भएको छ।

सरकारी कार्यालयका कर्मचारी, स्थानीय तहका जनप्रतिनिधि र नागरिकलाई सचेत गराउने उद्देश्यले न्याली निकाल्न लागिएको हो। हेटौंडा उपमहानगरपालिका कार्यालयबाट शुरु हुने न्याली मानस चोक, लोकप्रिय चोक, मकवानपुर उद्योग वाणिज्य संघ हुँदै बुद्धचोकमा गएर टुंगिनेछ।

न्यालीमा आम सर्वसाधारण, कर्मचारी, स्थानीय जनप्रतिनिधि, गैरसरकारी संस्था, वन उपभोक्ता महासंघलगायत क्षेत्रका प्रतिनिधिको सहभागिता रहनेछ। डीईसी नेपाल, गैरसरकारी संस्था महासंघ, वन उपभोक्ता महासंघ, खानेपानी उपभोक्ता महासंघ, दलित महिला संघ, पत्रकार महासंघको अगुवाइमा कार्यक्रम गर्न लागिएको डीईसी नेपाल मकवानपुर प्रमुख ज्योति बम्जनले बताए। बिहान साढे सात बजे हुने कार्यक्रममा सबै क्षेत्रका प्रतिनिधिले बुद्धचोकमा ‘म घूस खादिनँ र अरुलाई पनि घूस दिन्नँ’ भन्ने ब्यानरमा हस्ताक्षर गर्नेछन्।

सबै क्षेत्रका कर्मचारी, नागरिक, जनप्रतिनिधिले हस्ताक्षर गर्ने कार्यक्रम तय भएको गैरसरकारी संस्था महासंघ मकवानपुर सचिव बोलबहादुर कार्कीले बताए।

# बेलायतका राजदूत महोत्तरीमा

**नेपाल समाचारपत्र**

महोत्तरी

महोत्तरीमा बेलायतका राजदूत रोबर्ट मोरिसले दुई दिने स्थलगत भ्रमण गरेका छन्। नेपालका लागि बेलायतका राजदूत रोबर्ट मोरिसले २ दिने महोत्तरीको लोहारपट्टी नगरपालिका र जलेश्वर नगरपालिकाको स्थलगत भ्रमण गरेका छन्।

महोत्तरीमा गत साउन २८ गते आएको अबिरल बाढीका कारणले प्रभावित क्षेत्रहरूको स्थलगत भ्रमण गरी पीडितहरूलाई सान्त्वना दिँदै आगामी दिनमा बेलायत सरकारको सहयोग मिल्नेछ भनी जनाउँदै जलेश्वर नगरपालिकामा बाढीपीडितहरूलाई राहत तथा उद्धार कार्यमा संलग्न जिल्ला दैवी प्रकोप उद्धार समिति, विभिन्न सरकारी गैरसरकारी संघ संस्थाहरू तथा नागरिक समाजसँग अन्तर्क्रिया गरी पछिल्लो अवस्थाबारे बुझ्नेसमेत जनाएको छ।

बेलायत सरकार नेपालको विकास साझेदारका रूपमा सधैं पहिलो पंक्तिमै रहेर काम गरिरहेको तथा यस्तो विपद्को घडीमा पनि सँगै काम गरिरहेको भन्ने जानकारी दिए। विपद्बाट ठूलो क्षति भएको लोहारपट्टी नगरपालिकास्थित डठोरा गाउँका लगभग १ सय ७५ विस्थापितहरूको अस्थायी शिविरमा भ्रमण गरेर स्थितिको अवलोकनसमेत गरेका थिए।

सो अस्थायी शिविरमा नेपाल रेडक्रस सोसाइटी महोत्तरी र आरआरएन महोत्तरीको सहकार्यमा गैरखाद्य सामग्रीहरू त्रिपाल, कम्बल, म्याट्रेस, भाँडाकुँडा, लताकपडाजस्ता सामग्रीहरू राहतका रूपमा उपलब्ध गराइएको आरआरएन महोत्तरीका जिल्ला संयोजक विशाल तिमल्सेनाले जानकारी दिए। राजदूतका साथमा डीएफआईडी तथा अन्तर्राष्ट्रिय रेडक्रसका प्रतिनिधिहरूसमेत सहभागी रहेका थिए। कार्यक्रमको स्थानीय संयोजन जिल्ला रेडक्रस सोसाइटी महोत्तरीले आरआरएन महोत्तरीसँगको सहकार्यमा जिल्ला दैवी प्रकोप उद्धार समिति महोत्तरीसँग समन्वय गरेर गरेको थियो।

## रेडपान्डाको छालासहित पक्राउ

काठमाडौं, (नेस)

नुवाकोट खोलेगाउँका रामकुमार तामाङ, नुवाकोट गुर्जुभन्ज्याङका सन्तोष तामाङ, नुवाकोट उर्लेनी-७ का अशोक तामाङ, नवीन तामाङ र उर्लेनी-५ घर भएका शिव तामाङलाई प्रहरीले रेड पान्डाको छालासहित पक्राउ गरेको छ।

महानगरीय प्रहरी वृत्त बालाजुबाट खटिएको प्रहरी टोलीले सोमबार मनमैजु शिवनगर र तार्केश्वर नगरपालिकाको नयाँपुलबाट रामकुमार तामाङ र सन्तोष तामाङलाई १ थान रेड पान्डाको छाला तथा बा ३४ प ६६८१ नम्बरको मोटरसाइकलसहित र सोही ठाउँबाट अशोक, नवीन र शिव तामाङसमेतलाई १ थान रेड पान्डासहित पक्राउ गरेको हो।

## बोडे–मूलपानी सडक पुनर्निर्माणमा समस्या

भक्तपुर, (नेस)

भक्तपुरको बोडेबाट काठमाडौंको मूलपानी जोड्ने बोडे-मूलपानी सडक पुनर्निर्माण अलपत्र परेको छ। आर्थिक वर्ष २०७२/७३ मा थिमिको बाहाखा बजार, पुरानो बाटो हुलाक मार्ग र नगरपालिका भवन हुँदै मिलरोड, बोडे हुँदै मनोहरासम्म जोड्ने २ दशमलव ८ किलोमिटर सडक निर्माण सम्पन्न गर्न समस्या आएको छ।

बीमा कम्पनीले क्षति भएको तरकारी एवम् अन्न बालीको जाँच गरी ६ लाख क्षतिपूर्ति दिए पनि स्थानीय कृषकले ३७ लाख माग गरेर सडक निर्माण कार्यमा अवरोध गरेपछि समस्या आएको डिभिजन सडक कार्यालय भक्तपुर प्रमुख इन्जिनियर गुरूप्रसाद अधिकारीले बताउनुभयो।

उहाँले सडक विस्तारका क्रममा नीलबाराही चेकपोस्ट नजिकै गतवर्ष निर्माण भइरहेको ‘रिटेनिङ वाल’ अर्थात् टेवा पर्खाल भत्किएर स्थानीय बासिन्दाको तरकारी एवम् अन्नबाली नष्ट भएपछि विवाद शुरू भएको बताउनुभयो।

विवादले सडक विस्तारमा समस्या आएपछि उक्त सडक निर्माण ठेकेदार कम्पनी ‘सन्तोषी पीआर जेभी ललितपुर’ ले बाली क्षति भएका कृषकलाई नष्ट भएको तरकारी, अन्नबालीको क्षतिपूर्तिस्वरूप ६ लाख रूपियाँ दिएको थियो।

त्यस्तै सात मिटर फराकिलो कालोपत्रे एवम् फुटपाथसहित निर्माण हुने उक्त सडक मापदण्डभित्र परेका घरटहरा, बिजुली, टेलिफोनको पोल नहटाउँदासमेत सडक विस्तारमा समस्या आएको अधिकारीले बताउनुभयो।

उक्त सडकमा मापदण्डभित्र ३८ वटा घरटहरा, ३५ बिजुलीको पोल, ३२ टेलिफोनको पोल, २ मन्दिर र ढुंगेधारा, २ वटा कम्पाउन्ड पर्खाल नहटाइदिँदा सडक विस्तारमा समस्या परेको हो।

# अधिकारका लागि बन्दुक उठाउन तयार : विप्लव

कालीबहादुर मल्ल, कालिकोट

नेपाल कम्युनिस्ट पार्टीका महासचिव नेत्रबिक्रम चन्द (विप्लव) ले अधिकारका लागि बन्दुक उठाउन तयार रहेको बताएका छन्। कालिकोटको नरहरीनाथ गाउँपालिका-६ माल्कोटमा आयोजित आमसभालाई सम्बोधन गर्दै उनले सो कुरा बताएका हुन्।

अधिकारका लागि आवश्यक पर्‍यो भने हामी बन्दुक उठाउन तयार रहेको आफूहरूले युद्धको कुरा नगरेको अधिकार कुरा गरेको अधिकारका लागि आफूहरू बुन्दुक उठाउन तयार रहेको चन्दले बताए।

‘हामीले कहिल्यै युद्धको कुरा गरेका छैनौं।’ उनले भने- ‘अधिकारका लागि हामी बन्दुक उठाउन तयार रहेका छौं।’ नेपालका कुनै पनि नेता विदेशीको इसरामा चल्ने गरेको दिल्लीको विषेश भूमिका रहेको नेपाल कम्युनिष्ट पार्टीका महासचिव विप्लवले बताए। ‘यो देशका सबै नेताहरू दिल्लीको इसरा चल्ने गरेको छन्।’ उनले भने- ‘यो देशका कुनै पनि नेता त्यस्तो जो काठमाडौंबाट चल्ने हिक्मत राख्दैन्।’

चन्दले देशमा शान्ति नआएको देशमा अहिले पनि द्वन्द्व भइरहेको बताए। ‘देशका ठूलाबडाहरूलाई शान्ति भएको होला।’ उनले भने- ‘यो देशका दलित गरीब सुकुम्बासीहरूको बस्तीमा शान्ति आएका छैन।’

नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) र नयाँ शक्ति नेपालका संयोजक बाबुराम भट्टराईले जनतालाई धोका दिएको र उनीहरूलाई जनताले माफ नदिने चन्दले बताए। ‘(प्रचण्ड) र नयाँ शक्ति नेपालका संयोजक बाबुराम भट्टराईले जनतालाई धोका दिए।’

उनले भने- ‘यिनीहरूलाई जनताले माफ दिनेवाला दिने छैनन्।’ अहिले चुनाव संविधान आफूहरूले नमान्ने त्यसका विरुद्ध जनसत्ता ब्युँताउने तयारी गरेको चन्दले बताए।

सभालाई सम्बोधन गर्दै नेपाल कम्युनिस्ट पार्टीका प्रवक्ता खड्कबहादुर विश्वकर्माले जनयुद्धकालपछि शान्तिमा आउँदा माओवादीसँग हजारौं मानिस भएको र अहिले माओवादी झिंगाले पनि हेर्न छोडेको बताए।

‘माओवादी शान्तिवार्ता आउँदा माओवादीसँग लाखौं मानिस थिए।’ उनले भने- ‘प्रचण्डले जनतालाई धोका दिएँ अहिले माओवादी झिंगाले पनि हेर्न छोडे। प्रचण्ड माओवादी खस्कँदै गएको छ।’

# स्थानीय समानान्तर सत्ता सञ्चालन गरिने

**नेपाल समाचारपत्र**

दोलखा

सरकारमा सहभागी माओवादी केन्द्रले संविधानलाई समेत चुनौती दिँदै सशस्त्र द्वन्द्वमा जस्तै समानान्तर सत्ता सञ्चालनको प्रयास गरेको छ। माओवादी केन्द्र, दोलखाले जिल्ला जनपरिषद् गठन गरेर समानान्तर सत्ता सञ्चालनको प्रयास गरेको हो।

आइतबार माओवादी केन्द्र दोलखाले पत्रकार सम्मेलनको आयोजना गरी जिल्ला जनपरिषद्को अवधारणापत्र सार्वजनिक गर्दै कुलबहादुर बुढाथोकीलाई जनपरिषद्को संयोजक घोषणा गरेको छ।

जिल्ला जनपरिषद्को अवधारणापत्रमा जिल्लामा हुने विकास निर्माणको अनुगमन गर्ने, अनियमितताको खोजी गरी त्यसलाई सार्वजनिक गर्ने र भ्रष्टाचारलाई उन्मुलन गर्न हस्तक्षेपकारी भूमिका खेल्ने, गैरसरकारी संघसंस्थालाई पारदर्शी बनाउन जनस्तरमा अभियान सञ्चालन गर्नेजस्ता कुरा उल्लेख गरी विगतमा जनसरकारले गरेकै कामलाई निरन्तरता दिने झल्को दिएको छ।

अवधारणापत्रमा जिल्ला जनपरिषद्ले पार्टीको सहायक संगठन वाईसीएलसँग प्रगाढ सम्बन्ध रहने उल्लेख गरिएकोले पनि यो जनसरकारकै निरन्तरता हो भन्न सक्ने अवस्था रहेको राजनीतिक विश्लेषकको भनाइ छ।

आइतबार पत्रकार सम्मेलनमा माओवादी केन्द्रको दोलखा इन्चार्ज देवी खड्काले वाईसीएललाई लडाकू चरित्रको बनाउने उद्घोष गरेकी थिइन्। पत्रकार सम्मेलनमा दोलखा इन्चार्ज खड्काले जिल्ला जनपरिषद् सशस्त्र द्वन्द्वकालको जनसरकारजस्तो नभएको प्रष्टिकरण दिनुभयो। खड्काले जिल्ला जनपरिषद्ले जनताको साथमा रहेर जनताको समस्यालाई समाधान गर्न सहयोगी भूमिका खेल्ने बताउनुभयो।

## सप्तरी अति सम्वेदनशील र सम्वेदनशील

राजविराज, (नेस)

असोज २ गते हुने तेस्रो चरणको स्थानीय तह निर्वाचनका लागि सप्तरीको सबै स्थानीय तहको मतदानस्थल अति संवेदनशील र संवेदनशील रहेका छन्।

जिल्ला सुरक्षा समिति सप्तरीले सम्रग सुरक्षा अवस्थालाई विश्लेषण गर्दै सुरक्षाको दृष्टिकोणले यहाँको २ सय ७ मतदानस्थल अतिसम्वेदनशील र ८८ मतदानस्थल सम्वेदनशील गरी जिल्लामा कायम गरिएको २ सय ९५ मतदान स्थल नै सुरक्षाको दृष्टिकोणले अति सम्वेदनशील र सम्वेदनशील रहेको सुरक्षा स्रोतले जनाएको छ।

अन्तर पार्टी सम्बन्ध राम्रो नदेखिएको, पार्टी-पार्टीबीच द्वन्द्व देखिएको तथा जिल्लाका अधिकांश मतदानस्थल भारतीय सिमासँग जोडिएकोले पनि ती मतदान स्थलहरूमा हुन सक्ने अपराधिक गतिविधि र उच्छृखंल कार्यलाई ध्यानमा राखि मतदान केन्द्रलाई वर्गीकरण गरिएको सप्तरीका प्रहरी प्रमुख एसपी मुकेशकुमार सिंहले बताउनुभयो।

उहाँले जिल्लामा चुनाव लक्षित सुरक्षा व्यवस्था मजबूत पार्न जिल्लाको विभिन्न मतदानस्थल र मतदान केन्द्रलाई वर्गीकरण गरी सोहीअनुसार ४ हजारभन्दा बढी सुरक्षाकर्मी खटाइने जानकारी दिनुभयो।

### उम्मेदवार...

निर्वाचनका लागि ३१ हजार ५० सय कर्मचारी परिचालन हुने आयोगले जनाएको छ।

यस पटक हुने निर्वाचनमा आयोगले ४४ वटा संस्थाका करिब २ हजारभन्दा बढी पर्यवेक्षकलाई निर्वाचन पर्यवेक्षणको अनुमति दिएको छ। यस्तै विदेशी कूटनीतिक नियोगका प्रमुखलाई जनकपुर, बर्दिबास, वीरगन्ज र सिमरामा मतदान अवलोकन भ्रमण गराउने भएको छ।

साथै आयोगले निर्वाचन आचारसंहिता २०७२ तथा स्थानीय तह निर्वाचन आचारसंहिता २०७३ पूर्णरूपमा पालना गर्न र गराउन सम्बन्धित निकायलाई निर्देशनसमेत दिएको छ।

### टिकटका...

यसैबीच नेकपा एमालेले पनि २ नम्बर प्रदेशका उम्मेदवारको टुंगो लगाएको घोषणा गरेको छ। मंगलबार पार्टी मुख्यालयमा आयोजित पत्रकार सम्मेलनमा २ नम्बर प्रदेशबाट प्रतिनिधित्व गर्ने उम्मेदवारको नाम सार्वजनिक गरेको हो।

### निर्वाचन...

प्रमुख निर्वाचन आयुक्त डा. अयोधिप्रसाद यादव भने को सचिव पठाउने? कसलाई सरुवा गर्ने भन्ने काम सरकारको रहेको बताउनुभयो। ‘सचिवहरूको किन सरुवा भइरहन्छ ? भन्ने प्रश्न मलाई भन्दा पनि मुख्यसचिव वा सरकारलाई सोध्नुपर्ने प्रश्न हो’ -डा. यादवले भन्नुभयो। प्रमुख निर्वाचन आयुक्त डा. यादवको भनाइलाई प्रतिवाद गर्दै एक सचिवले आचारसंहिता लागू भइसकेको अवस्थामा सरकारले चाहेर मात्र एकलौटी तवरले सरुवा नहुने तर्क गरे।

## शैक्षिक सुधारमा सक्रिय जिशिअलाई सडकमै सम्मान

खोटाङ, (नेस)

खोटाङमा खस्कँदो शैक्षिक स्तर सुधार गर्नका लागि नयाँ शैक्षिक अभियान सञ्चालन गरी महत्त्वपूर्ण योगदान पुर्‍याएको भन्दै जिल्ला शिक्षा अधिकारी ज्ञानमणी नेपाललाई नागरिक सम्मान गरिएको छ। जिल्लामा शैक्षिक सुधार अभियानलाई तीव्र रूपमा चलाइरहेको जिशिअ नेपालको जिल्लाबाट सरुवा भएपछि सोमबार दिक्तेल बजारस्थित त्रिवेणी चोकमा सम्मान गरिएको हो।

शैक्षिक सुधारका क्षेत्रमा हरहमेसा प्रयत्नरत जिल्ला शिक्षा अधिकारीको जिल्लाबाट १० महिनामै सरुवा भएपछि खोटाङ नागरिक समूहले सडकमै आयोजना गरेको विशेष कार्यक्रममा नागरिक सम्मान गरेको हो। जिल्लाबाट बिदाई हुने पलमा नेपाललाई दोसल्ला ओढाएर सम्मानपत्रसहित सम्मान गरिएको हो।

जिशिअ नेपालले जिल्लाको शैक्षिक स्तर सुधारका लागि गरेको प्रयत्न तथा समन्वय सह्रानीय भएको खोटाङ नागरिक समूहका संयोजक हरि राजभण्डारीको भनाइ थियो। जिशिअ नेपालले खस्कँदो शैक्षिक स्तरलाई सुधार गर्दै ‘नमूना’ विद्यालयका रूपमा स्थापित गर्नका लागि जिल्लाका ३० माविमा शैक्षिक सुधारात्मक कार्यक्रम शुरु गरेका थिए।

## वडासचिवमाथि कारवाही

रौतहट, (नेस)

राज्यबाट पाउने राहत रकम गैरबाढिपीडितलाई सिफारिस गरेको भन्दै रौतहटका एक वडा सचिवलाई कारवाही गरिएको छ। रौतहटको राजदेवी नगरपालिका-९ ब्रम्हपुरीका वडासचिव शिवशंकर सिंहले बाढी र डुवानबाट पीडित नभएका व्यक्तिलाई राहत रकमका लागि सिफरिस गरेको भन्दै जिल्ला प्रशासन कार्यालय रौतहटले कारबाही शुरु गरेको छ।

सरकारले बाढीपीडितका लागि प्रतिव्यक्ति ७० रुपियाँ प्रदान गर्ने भएपछि वडासचिव सिंहले घर नभत्केकाहरूलाई समेत पीडित भन्दै सिफारिस गरेपछि गैरपीडितले राज्यको रकम राहत भन्दै लिएपछि उनीमाथि छानविन थालिएको जनाइएको छ।

जिल्ला प्रशासन कार्यालय रौतहटका अनुसार वडासचिव सिहसंग पचास हजार असुल उपर गरेर कारवाही थालिएको छ। प्रमुख जिल्ला अधिकारी उद्धवबहादुर थापाले गैरपीडितलाई राहत रकमका लागि सिफारिस गर्ने सचिवमाथि कारवाही थालिएको बताउनुभयो।

## प्रसिद्ध निङ्गलाशैनी मन्दिरमा ठूलीजात

बैतडी, (नेस)

बैतडीको प्रसिद्ध निङ्गलाशैनी भगवती मन्दिरमा अनन्त चर्तुदशीको अवसरमा लाग्ने मेलामा भक्तजनहरूको घुइँचो लागेको छ।

अनन्त चतुर्दशीको अवसरमा लाग्ने ठूलीजातका अवसरमा निङ्गलाशैनी भगवती मन्दिरमा बिहानैदेखि मेला भर्नेहरूको घुइँचो लागेको मेला व्यवस्थापन समिति अध्यक्ष रनबहादुर बोहराले बताउनुभयो।

निङ्गलाशैनी भगवती मन्दिरमा विशेष पूजा लाग्ने अनन्त चतुर्दशीको दिनलाई महत्त्वपूर्ण दिनका रूपमा लिइने पूजारी देवदत्त भट्टले बताउनुभयो।

जातको अवसरमा मन्दिरमा ३ रात बस्ने उभिएर बत्ती बाल्ने महिला भक्तजनहरूको घुइँचो लागेको हो। निङ्गलाशैनी भगवती मन्दिरमा ३ रात बसेमा तथा उभिएर बत्ती बालेमा मनोकामना पूर्ण हुने जनविश्वास रही आएको छ।

अनन्त चतुर्दशीको अवसरमा आइतबारदेखि लागेको मेलामा मंगलबार मन्दिरमा विशेष पूजाआजा सम्पन्न भएको छ। यो मेलालाई स्थानीय भाषामा ठूलीजात भन्ने चलन रही आएको छ।

अनन्त चतुर्दशीको अवसरमा लाग्ने मेलामा नेपालसहित भारतका विभिन्न स्थानबाट दर्शनार्थीहरू आउने गरेको बताइएको छ। यो जात्रामा बलि नहुने र यो जातलाई ठूलीजातका रूपमा मनाउने गरेको उहाँले बताउनुभयो।

## मेयरमा सहमति हुन नसक्दा कार्यकर्ता निराश

रौतहट, (नेस)

मनोनयन दर्ता गर्न एक दिन बाँकी रहँदासमेत रौतहटको चन्द्रपुर नगरपालिकामा नेपाली कांग्रेस र एमालेले मेयर पदको उम्मेदबार टुंगो नलगाउँदा कार्यकर्ता निराश भएका छन्।

नेपाली कांग्रेसले तालमेल गर्ने होकी उम्मेदवार चयन गर्ने हो यसैमा अल्झिएको छ भने एमालेको दुई जनाको हातमा टिकट परेको चर्चाले कार्यकर्ता अन्यौलमा रहेका छन्। नेपाली कांग्रेसको चन्द्रपुर नगरसमितिले नगर र क्षेत्रले सिफारिस गरेको भन्दा बाहेककालाई टिकट दिए या तालमेल गरेमा चुनाव बहिष्कार गर्ने घोषणासमेत गरेको छ।

नेपाली कांग्रेसको चन्द्रपुर नगरसमिति र क्षेत्रीय समितिले चन्द्रपुर नगरपालिकाको मेयर पदका लागि धनलाल ठोकरको नाम सिफारिस गरे पनि उनले अझै टिकट पाउन सकेका छैनन्।

सिफारिस विपरीत रामचन्द्र चौधरीले टिकट पाउने सम्भावना रहेको स्रोतले बतायो। उता एमालेको बाबुराम दाहाल र उद्धब रेग्मी दुबैको हातमा चन्द्रपुर नगरपालिकाको मेयर पदको उम्मेदवारीको टिकट हात परेको छ। एमालेको चन्द्रनिगाहपुरस्थित पार्टी कार्यालयमा जानकारी दिन आयोजित कार्यक्रममा दुई पक्षबीच हात हालाहालसमेत भएको छ।

उता नेपाली कांग्रेसले मंगलबारसम्म पर्ख र हेरको नीति लिएको नेपाली कांग्रेस रौतहटका सभापति कृष्ण यादबले बताउनुभयो।

पार्टीको संगठन कमजोर रहँदा गौर नगरपालिकामा नेपाली कांग्रेसले मेयर पदमा उठाउने ब्यक्ति नै नपाएको एक कार्यकर्ताले बताए।

उता एक महिनाअघि मात्र नेपाली कांग्रेस परित्याग गरी एमाओवादीमा प्रवेश गरेका गरुडा नगरपालिकाका कन्तमणी जैयसवाले टिकट नपाएपछि उनी नाराबाजीमा उत्रेका छन्। उनी भन्छन् आफूले प्रचण्डको हातबाट टिका लगाएर पार्टी प्रवेश गर्दा नै मेयरको उम्मेदवार बनाउने भनिए पनि अन्तिममा आएर धोखा पाएको गुनासो गरेका छन्। उनले टिकट पाउने आशामा बाढीपीडितलाई राहत र पार्टीका उच्च नेतालाई सम्मानसमेत गर्दै आएका थिए।

# आचारसंहिता उल्लंघन गर्दै राजनीतिक दल

लक्ष्मीकुमार साह, महोत्तरी

महोत्तरीमा उम्मेदवारी दिन १ दिन मात्र बाँकी रहँदा पनि प्रमुख राजनीतिक दलहरू नेपाली कांग्रेस, माओवादी केन्द्र, एमालेलगायत साना दलहरूले पनि निर्वाचन आचारसंहिता उल्लंघन गरिरहेका छन्। महोत्तरीमा १० नगरपालिका र ५ गाउपालिकामा हुने १५ स्थानीय तहमा निर्वाचनमा भाग लिइरहेका अधिकांश राजनीतिक दलहरूले आचारसंहिता उल्लंघन गरिरहेका छन्।

निर्वाचन कार्यालयअनुसार १४ भदौदेखि नै निर्वाचन आचारसंहिता लागे पनि महोत्तरीका अधिकांश दलहरू प्रायः सबैजसो सार्वजनिक स्थललगायत मठ, मन्दिर, पोल, भित्ताहरूमा ब्यानर, पोस्टर, झन्डा लगाई आचारसंहिता उल्लंघन गरिरहेका छन्।

नेपाली कांग्रेसको भ्रातृसंगठन नेपाल विद्यार्थी संघका युवाहरूले पार्टीको चिह्न अंकित टिसर्ट लगाएर सार्वजनिक स्थलमा घुमी प्रचार-प्रसार गरिरहेका छन् भने नेकपा एमालेले सार्वजनिक स्थानहरूमा पार्टीको चिह्न अंकित झन्डा लगाएर मत मागिरहेका छन्।

राजनीतिक दलहरूले जलेश्वरको शंकर चौक, दुर्गा चोक, बस स्टेन्ड, अस्पताल चोकको मुख्य सार्वजनिक स्थान, सरकारी कार्यालयको परिसरमा पार्टीका झन्डा र ब्यानर, चुनाव चिह्न अंकित झण्डासमेत लगाइएको छ भने राजनीतिक दलहरूले चुनावी आचारसंहिता उल्लंघन गर्दै प्रचारप्रसारसमेत भड्किलो बनाइरहेका छन्। बर्दिवास नगरपालिका, रामगोपालपुर नगरपालिका, औरही नगरपालिका, सम्सी गाउँपालिका, जलेश्वर नगरपालिका र पिपरा गाउँपालिकामा नेपाली कांग्रेस, एमाले, माओवादी, राजपा, फोरम लोकतान्त्रिक नेपाल, संघीय लोकतान्त्रिक फोरम नेपाललगायतका दलहरूले सार्वजनिक स्थानहरूमा प्रचारप्रसार भड्किलो बनाउँदै गइरहेका छन्। निर्वाचन आयोगले राजनीतिक दललाई चुनावी चिह्न भएको टिसर्ट र झोला वितरण नगर्नु भन्ने आदेश जारी गरेकोपश्चात पनि यसलाई लत्याउँदै अहिले जिल्लाका राजनीतिक दलहरूले चुनाव चिह्न भएको टिसर्ट लगाई आचारसंहितको उल्लंघन गर्दै हिँडेका छन्।

**आचारसंहिता पालना गर्न निर्देशन**

जिल्ला निर्वाचन कार्यालयका निर्वाचन अधिकृत पिंकी रायले राजनीतिक दललाई चुनावी आचारसंहिता पालना गर्न निर्देशन दिएको बताइन् साथै सर्वदलीय बैठक बसेर यसबारे दलको ध्यानाकर्षण गराउँने बताइन्।

यता मुख्य निर्वाचन अधिकृत किरणकुमार पोखरेलले आचारसंहिता विपरीत यसरी झन्डा राख्न नपाइने बताए। उनले आचारसंहिता उल्लंघन भएनभएको अनुगमनका लागि अधिकृत खटाएको र आचारसंहिता विपरीतका काम रोक्ने प्रतिबद्धता जनाए।

# अर्थ

{ व्यवसायघाटा हुँदा कर तिर्न नपर्ने बताउनु हुँदै व्यवसायीले लुकाउने, छल्ने जस्ता गलत काम गर्न नहुने हो।


ज्योति
हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

JAGDAMBA STEEL
देशको मेरुदण्ड
बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ७६ | ७३ | ७६ | ७६ |
| सिमरा, बिरगंज, कलैया | ७४/४० | ७१/४० | ७४/४० | ७४/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७५/४० | ७२/४० | ७५/४० | ७५/४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ७६/९५ | ७३/९५ | ७६/९५ | ७६/९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ७५/१० | ७२/१० | ७५/१० | ७५/१० |
| पोखरा, स्याङ्जा | ७५/६० | ७२/६० | ७५/६० | ७५/६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।
JAGDAMBA E Fe 500 NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।

नेपालको नं. 1 मारुती सिमेन्ट
हामी बनाउँदैछौं नेपाललाई...


## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७४ भदौ २१ सेप्टेम्बर ६ २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० का रु. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रु. | १०२।३० | १०२।९० |
| युरो १ का रु. | १२१।५९ | १२२।३१ |
| पाउन्ड स्टर्लिङ १ का रु. | १३२।५३ | १३३।३१ |
| स्विस फ्रन्क १ का रु. | १०६।५३ | १०७।१६ |
| अस्ट्रलियन डलर १ का रु. | ८१।५३ | ८२।०१ |
| क्यानाडियन डलर १ का रु. | ८२।५५ | ८३।०३ |
| सिङ्गापुर डलर १ का रु. | ७५।४६ | ७५।९० |
| जापानी यन १० का रु. | ९।३५ | ९।४१ |
| चिनियाँ युआन १ का रु. | १५।६२ | १५।७१ |
| साउदी अरब रियाल १ का रु. | २७।२८ | २७।४४ |
| कतारी रियाल १ का रु. | २७।७६ | २७।९३ |
| थाई भाट १ का रु. | ३।०८ | ३।१० |
| सं. अरब इमिरट दिराम १ का रु. | २७।८५ | २८।०२ |
| मलसियन रिङ्गिट १ का रु. | २४।०२ | २४।१६ |
| दक्षिण कारियन वन १०० का रु. | ९।०५ | ९।११ |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रानर १ का रु. | १२।८४ |
| डनिस क्रानर १ का रु. | १६।३५ |
| हङकङ डलर १ का रु. | १३।०७ |

**नोट:** वर्तमान व्यवस्था अन्तर्गत वणिज्य बैङ्कहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# चालू आवको राजस्व संकलन सन्तोषजनक देखिएन

**नेपाल समाचारपत्र**

काठमाडौं

अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले सन् २०२२ सम्ममा अति कम विकसित राष्ट्रबाट विकाशसील राष्ट्मा र सन् २०३० सम्म मध्यम आय भएको राष्ट्रमा स्तरोन्नतिको लागि ठूलो आन्तरिक स्रोतको परिचालन आवश्यकता हुने बताउनु भएको छ। आन्तरिक राजस्व विभागद्वारा आयोजित व्यवस्थापन गोष्ठीलाई सम्बोधन गर्दै अर्थमन्त्री कार्कीले सो कुरा बताउनु भएको हो।

मुलुकलाई समृद्धितर्फ लानका लागि निजी क्षेत्र, उद्योगी, व्यवसायी र कर प्रशासनबीच समन्वयको आवश्यकता रहेको भन्दै विभागलाई तोकिएका राजस्वलगायत थप राजस्व संकलन गर्न गोष्ठी सफल हुने अपेक्षा गर्नुभयो। नीतिगत सुधारका कारण अर्थतन्त्रमा सकारात्मक प्रभाव परेको उल्लेख गर्दै अर्थमन्त्रीले कर कानुनको कडा रूपमा परिपालना र प्रभावकारी अनुगमन गर्न निर्देशन दिनुभयो।

कार्यक्रममा अर्थराज्यमन्त्री उदयशमसेर राणाले स्थानीय तहको निर्वाचन भइसकेको तथा संघ र प्रादेशिक निर्वाचन हुन लागेकाले आर्थिक भार पर्ने हुँदा कर प्रशासनलाई जुन लक्ष्य दिइएको छ, त्यो पूरा गर्न निर्देशन दिनुभयो। करदातालाई कर तिर्ने सहज वातावरणको सिर्जना गर्न निर्देशन दिनुहुँदै करदाताले बिल जारी गर्दा केन्द्रीय सिस्टममा तुरुन्तै देखिने पद्दतिको विकास गर्नुपर्नेमा जोड दिनु भएको थियो।

अर्थसचिव डा. शान्तराज सुवेदीले व्यवसायीले व्यवसायघाटा भयो भन्ने तर उसको रहन सहन र जीवनशैली उच्चस्तरको हुँदै जाँदा तालमेल हुन नसकेको बताउनुभयो। उहाँले विगतमा गरिएका घोषणापत्रका प्रतिबद्धताहरू कति पूरा भए ? त्यसबाट कति नतिजा प्राप्त भयो ? व्यवस्थापन गोष्ठीमा समीक्षा गर्न निर्देशन दिनुभयो। कर परीक्षण र अनुसन्धान तथा छानविन कार्यलाई गुणस्तरीय बनाउनसमेत निर्देशन दिनुभयो। व्यवसायघाटा हुँदा कर तिर्न नपर्ने बताउनु हुँदै व्यवसायीले लुकाउने, छल्ने जस्ता गलत काम गर्न नहुने बताउनुभयो। व्यवसायीबाट उठाइएको करको ठूलो हिस्सा शिक्षा, स्वास्थ्य, जेष्ठ नागरिक भत्तालगायतका सामाजिक क्षेत्रमा खर्च गरिरहेको बताउनुभयो।

अर्थसचिव सुवेदीले कर प्रशासनले प्रभावकारी भूमिका खेल्नुपर्ने बताउनु हुँदै आर्थिक गतिविधि वृद्धि हुँदै जाने पर्यटन क्षेत्र, उद्योग व्यवसाय, ठेकेदारले काम गरिरहने तर तदनुसार राजस्व दाखिला नहुने गरेको बताउनुभयो।




उहाँले लामो समय बक्यौता राख्ने करदाताको विवरण सञ्चारमाध्यममार्फत् सार्वजनिक गर्न निर्देशन दिनुभयो।

त्यस्तै राजस्व सचिव शिशिरकुमार ढुंगानाले गत आर्थिक वर्षमा संकलन भएको राजस्वमध्ये कर प्रशासनकै मेहनतले कति संकलन भएको हो समीक्षा गर्न निर्देशन दिनुभयो। चालू आवको साउन र भदौ महिनाको राजस्व संकलनको अवस्था सन्तोषजनक नरहेको बताउनुहुँदै कसरी लक्ष्यभन्दा बढी संकलन गर्न सकिन्छ भन्नेतर्फ अग्रसर हुन निर्देशन दिनुभयो।

महालेखा नियन्त्रक राजेन्द्रप्रसाद नेपालले व्यवस्थापन गोष्ठीले आगामी कार्ययोजना बनाउन महत्वपूर्ण भूमिका खेल्नेछ भन्ने अपेक्षा गर्नुभयो। आन्तरिक राजस्व विभागका महानिर्देशक किशोरजंग कार्कीले आन्तरिक राजस्व विभागले प्रत्येक वर्ष आयोजना गर्दै आएको व्यवस्थापन गोष्ठीले राजस्व प्रशासन र कर प्रणालीमा भए गरेका कार्यको विस्तृत रूपमा लेखाजोखा गर्ने, मूल्यांकन तथा समीक्षा गर्ने र आगामी वर्षको लागि कार्य योजना बनाई अगाडि बढ्ने एउटा महत्त्वपूर्ण व्यस्थापकीय औजारको रूपमा प्रयोग गर्दै आएको बताउनुभयो। स्वेच्छिक कर सहभागिताको माध्यमबाट कर सहभागितामा अभिवृद्धि गर्नका लागि नीतिगत, प्रक्रियागत, संरचनागत र व्यवस्थापकीय एवम् व्यवहारगत सुधार गर्दै करदातामैत्री कर प्रशासनको अवधारणाबाट निर्देशित भई कार्य सम्पादन गरिँदै आएको कार्कीले बताउनुभयो।

महानिर्देशक कार्कीले आर्थिक वर्ष २०७३/७४ मा करको दायरा बिस्तार भई १ लाख ९२ हजार ७७६ करदाता थप भई कुल करदाताको संख्या १६ लाख २३ हजार ७८ पुगेको, ८ वटा कार्यालयमा बैंक काउन्टर स्थापना गरिएको, अन्त:शुल्क, शिक्षा सेवा शुल्क र स्वास्थ्य सेवा करको सफ्टवेयर तयार गरी विद्युतीय प्रणालीमा आबद्ध गरिएको जानकारी दिनुभयो।

कार्कीले चालू आर्थिक वर्षको लागि राजस्व संकलनको कुल ७३० अर्बको लक्ष्यमध्ये तीन सय अर्ब विभागको जिम्मेवारीमा परेको, जसलाई हासिल गर्ने कार्य आफैंमा चुनौतिपूर्ण रहेको र सो चुनौति पूरा गर्न सक्ने गरी विभाग तथा मातहत कार्यालयले व्यावसायिक कार्ययोजना निर्माण गरी कार्य सम्पादन शुरु गरिसकिएको समेत जानकारी दिनुभयो।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंका वरिष्ठ उपाध्यक्ष शेखर गोल्छाले करको दायरा वृद्धि भएकाले लक्ष्य पूरा गर्न सफल भएको बताउनुहुँदै करदाता शिक्षालाई अझै प्रभावकारी बनाउनुपर्ने बताउनुभयो।

# विल गेट्स र वरेन वाफेटभन्दा पनि पुटिन धनी !

**नेपाल समाचारपत्र**

काठमाडौं

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको कुल सम्पत्ति



कति छ भन्ने कुरा कतै पुष्टि हुनसकेको छैन। तर, पुटिन बिल गेट्स र वरेन वाफेटभन्दा धनी छन् भने खबर पढ्दा धेरैलाई अचम्म लाग्न सक्छ। विश्व जगतमा मुलधारको व्यापारलाई नै परिवर्तन गर्ने मात्र होइन व्यापार र नाफाको परिभाषामा पनि परिवर्तन नै गरेका विल गेट्सभन्दा पुटिन कसरी धनी भए त ?

चर्चित अन्तर्राष्ट्रिय पत्रिका 'द रिचेस्ट' का अनुसार पुटिनसँग २ खर्ब अमेरिकी डलरभन्दा बढी सम्पत्ति रहेको छ। उक्त पत्रिकाले रुसका राष्ट्रपतिको सम्पत्ति विश्वका महा धनाढ्यहरूको भन्दा बढी रहेको र पुटिन विश्वका सबैभन्दा धनाढ्य राजनीतिज्ञ रहेकोमा पनि दुईमत नरहेको उल्लेख गरेको छ। पुटिनको सबैभन्दा ठूलो लगानी इन्धन, ऊर्जा, हतियार र जग्गामा लगानी रहेको छ।

अर्को पत्रिका न्युजविकले पनि पुटिनको सम्पत्ति २ सय अर्ब अमेरिकी डलरभन्दा बढी रहेको उल्लेख गरेको छ। न्युजविकका अनुसार पुटिनले वार्षिक १ लाख ३५ हजार ७ सय ३६ अमेरिकन डलर र मासिक ११ हजार ३ सय ११ अमेरिकी डलर तलब बुझ्ने गरेका छन्। यसरी हेर्दा दैनिक ३ सय ७२ अमेरिकी डलर हुन जान्छ। उनले सन् २०१५ मा आफू र आफू मातहतका कर्मचारीले तलबको १० प्रतिशत नलिने घोषणा गरेका थिए। तर, वार्षिक तलबले मात्र उनको सम्पत्ति कसरी खर्बौं रुपियाँ पुग्यो भने स्रोत भने खुलाइएको छैन।

गत जुलाई महिनामा हर्मिटेज क्यापिटल म्यानेजमेन्ट कम्पनीका प्रमुख कार्यकारी अधिकृत बिल ब्राउडरले अमेरिकी सिनेटमा दुई अमेरिकी धनाढ्य विल गेट्स र जेफ बेजोजको सम्पत्ति जोड्दा पनि भ्यादिमिर पुटिनको सम्पत्ति बढी छ भनेपछि उक्त भनाइ निकै चर्चित भएको थियो। लामो समय रुसमा व्यवसाय गरेका ब्राउडरले सरकारी कम्पनी ग्याजपोर्म, ओएओ युनिफाईड इनर्जी सिस्टम अफ रसियासँग समन्वय गरेर व्यवसाय गरेका थिए। तर, सन् २००० मा उनको कम्पनीलाई रुसी सरकारले कालोसूचीमा राखेपछि अमेरिका फर्किएका थिए। ब्राउडरको भनाइलाई आधार मान्ने हो भने पुटिनले आफ्ना आफन्त, नातेदारका नाममा दर्जनभन्दा बढी व्यावसायिक क्षेत्रमा लगानी रहेको छ। ती कम्पनीहरूका लागि युरोपका विभिन्न मुलुकमा १० हजारभन्दा बढी रसियन अफिसरहरू काम गरिरहेका छन्। सन् १९९९ देखि सन् २००० सम्म रुसका प्रधानमन्त्री बनेका पुटिनको राट्रपतिको रूपमा यो तेस्रो कार्यकाल हो।

(विभिन्न समाचार एजेन्सीहरूको सहयोगमा)

# कृषि व्यापार तथा लगानी प्रदर्शनी हुँदै

काठमाडौं, (नेस)

कृषिमा उद्यमकर्ताहरूलाई समर्थन गर्न प्राविधिक, वित्तीय, आपूर्ति बजारीकरण र बिक्री वितरण गर्न सहयोग पुऱ्याउन भदौ २९ गतेदेखि ३१ गतेसम्म कृषि व्यापार तथा लगानी प्रदर्शनी हुने भएको छ।

कृषि व्यापार, लगानी प्रदर्शनी र सम्मेलन २०१७ हाउस अफ राजकर्णिकारद्वारा आयोजना लागिएको हो। मेलामा कृषि विभाग, पशुपंक्षी विभाग, अन्तर्राष्ट्रिय श्रम संगठन, नेपाल कृषि व्यवसाय केन्द्र, नेपाल डेरी संघ, नेपाल चिया र कफी बोर्डलगायतको सहयोग रहेको छ।

नयाँ लगानीकर्तालाई कृषि व्यवसायमा आकर्षित गर्न, कृषि उत्पादनको बजार विस्तार, प्रवर्द्धन गर्न र कृषि व्यवसायको लागि उपयुक्त नीतिको बारेमा जागरुक गराउन कृषि व्यापार तथा लगानी प्रदर्शनी सम्मेलन गर्न लागिएको हाउस अफ् राजकर्णिकारका प्रबन्ध निर्देशक वीरेन्द्र राजकर्णिकारले बताउनुभयो। कृषि मेला एवम् लगानी प्रदर्शन सम्मेलनले दुई आधारभूत रणनीतिमार्फत् लक्ष्य हासिल गर्नेछ। उक्त मेलाले व्यावसायिक कृषिका लागि प्राविधिक, वित्तीय जानकारी जनचेतना जनाउन सहयोग पुग्ने राजकर्णिकारले जानकारी दिनुभयो। मेलामा सहभागी उपभोक्ता, विज्ञ, व्यसायी, आयात तथा निर्यातकर्तालगायतलाई आपसी ज्ञान र सीप बाढ्न र आदान प्रदान गर्न उपयुक्त थलो हुने विश्वास लिइएको छ। १ सय २० वटा कृषि, बागवानी, वनस्पती, पोल्ट्री, पशु र नगदलेबाली लगायत कृषि उपज वस्तुहरूको बारेमा जानाकारी पाइनेछ। नेपाल प्रज्ञा प्रतिष्ठानमा हुन लागेको मेलामा करिब ३० हजारले अवलोकन गर्ने अपेक्षा राखिएको आयोजकले जनाएको छ।

# क्यालिबर ब्रान्डका जुत्ता बजारमा




काडमाडौं, (नेस)

केडी सुजले क्यालिबरअन्तर्गतका विभिन्न प्रकारका स्पोर्ट्स, पार्टी, बुट र क्याजुअल जुत्ता उत्पादन र बिक्री वितरण गर्दै आएको छ। क्यालिबरका डिजाइनहरू लोफर, विङटिप, डर्बी, ब्रग, नाइलन ग्रिप स्पार्डिल्स र स्केटर छन्।

हाल काठमाडौंका ३० आउटलेट र देश भरका मुख्य शहरमा १२० आउटलेटमार्फत् बिक्री भइरहेको कम्पनीले जनाएको छ। साथै आगामी दिनमा अन्य आउटलेट थप गर्दै लैजानेछ र कम्पनीको भावी योजना बमोजिम विदेशमा समेत बजार विस्तार गर्दै लैजाने लक्ष्य लिएको छ। कम्पनीले ग्राहकबर्गलाई मध्यनजर राख्दै नयाँ-नयाँ मोडलका उच्चस्तरीय जुत्ता उत्पादन गर्दै सबै जुत्तामा ६ महिनाको वारेन्टी दिएको छ।

ग्राहकको चाहनालाई मध्यनजर गर्दै यस कम्पनीका उत्पादनहरू समय परिमार्जन र परिस्कृत गर्दै लैजाने उद्धेश्य रहेको कम्पनीले जनाएको छ। क्यालिबर जुत्ता प्रयोग गर्दा आन्नदायक महशुस गराउने दाबी कम्पनीको छ। २३ वर्षदेखि विभिन्न ब्रान्डका जुत्ता उत्पादन गर्दै आएको केडी सुज इन्डस्ट्रिज काठमाडौंस्थित हात्तिगौंडा तल्लो भंगालबाट वातावरणमैत्री जुत्ता उत्पादन गर्दै आएको कम्पनीका प्रबन्ध निर्देशक प्रशन्न गौतमले जनाएको छ।

बाढी प्रभावित जिल्लामा कृषि क्षेत्रमा भएको क्षतिको मूल्यांकन गर्दै मन्त्रालयले विभिन्न १० वटा छु छु राहत प्याकेज सार्वजनिक गरेको थियो।

# अर्थ

## बजाजको नयाँ शोरुम टीकापुरमा



काठमाडौं, (नेस)

बजाज, पल्सर मोटरसाइकलको नेपालका लागि अधिकृत बितरक हंशराज हुलासचन्द एन्ड कम्पनीले नयाँ शोरुम 'जैमिनी आटोमोटिभ्स कम्पनी प्रालि' कैलालीको टीकापुरमा सञ्चालनमा ल्याएको छ।

हंशराज हुलासचन्द एन्ड कम्पनीले ग्राहकलाई बाइकको स्पेयर पार्टस तथा एसेसरिज खरिदका लागि नयाा शोमरुमल सहज बनाउने जनाएको छ।

नयाँ शोरुम शुभारम्भ भएको अवसरमा हंशराज हुलासचन्द एन्ड कम्पनीका जेनेरल म्यानेजर योगेन गुरुङले हामी कैलालीको टीकापुरमा नयाँ शोरुम सञ्चालन भएको घोषणा गर्दा निकै खुशी छौं। ग्राहकहरूको बढ्दो मागका कारण हामीले टीकापुरमा नयाँ शोरुम स्थापना गर्न उत्साहित बनाएको हो, जसले ग्राहकहरूलाई विभिन्न फाइदा दिने छ। हामी देशभरी रहेका हाम्रा ग्राहकका लागि उच्च गुणस्तरको सेवा प्रदान गर्न प्रतिबद्ध रहेको बताए।

## कृषि राहत प्याकेज योजना आयोगबाट स्वीकृत

काठमाडौं, (नेस)

कृषि विकास मन्त्रालयले बाढी, डुबान, कटान तथा पहिरोका कारण भएको क्षतिको मूल्यांकन गर्दै तत्काल सञ्चालन गरिने पुनर्स्थापना लागि ल्याएको १ अर्ब २५ करोड ५ लाख रुपियाँबराबरको राहत प्याकेज कार्यक्रमले राष्ट्रिय योजना आयोगबाट स्वीकृति पाएको छ।

बाढी प्रभावित जिल्लामा कृषि क्षेत्रमा भएको क्षतिको मूल्यांकन गर्दै मन्त्रालयले विभिन्न १० वटा छुट्टाछुट्टै राहत प्याकेज सार्वजनिक गरेको थियो। मन्त्रालयले किसानलाई तत्काल राहत उपलब्ध गराउने भने पनि आयोग र अर्थ मन्त्रालयको स्वीकृतिका लागि फाइल पठाएको थियो। तर, योजना आयोगबाट कार्यक्रम स्वीकृत भईसके पनि अर्थ मन्त्रालयबाट स्वीकृत हुन अझै केही समय लाग्ने कृषि विकास मन्त्रालयका प्रवक्ता डा. योगेन्द्रकुमार कार्कीले बताउनुभयो। योजना आयोग र अर्थ मन्त्रालयबाट योजना स्वीकृतको प्रक्रिया र प्रभावित जिल्लामा पीडित कृषकको नामावली संकलनको काम सँगसँगै गरिरहेको प्रवक्ता कार्कीले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो। वास्तविक क्षति र पीडित किसानको पहिचानका लागि सम्वन्धित जिल्लाका कृषि विकास कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला दैवी प्रकोप उद्धार समितिले स्थानीय निर्वाचित प्रतिनिधिको सहयोगमा नामावली संकलनको काम गरिरहेको प्रवक्ता कार्कीले बताउनुभयो।

कृषि विकास मन्त्रालयले बाढीका कारण तराईका ३० जिल्लामा कृषि क्षेत्रमा ५ अर्ब ८४ करोड रुपियाँ बराबरको क्षति पहिचान गरेको थियो। धान, तरकारी, मकै, दलहन र तेलहन, माछापालन, बेसार, उखु लगायतका बालीमा भएको क्षतिको मूल्यांकन गर्दै राहतका कार्यक्रम ल्याएको थियो। प्रवक्ता कार्कीका अनुसार अर्थमन्त्रालयको स्वीकृतिपछि तत्काल राहत वितरणका लागि कार्यान्वयन गर्ने निकायका रूपमा सम्बन्धित जिल्ला कृषि विकास कार्यालयहरू, सहयोगी निकाय र स्थानीय तहलाई परिचालन गरिनेछ। राहत कार्यक्रम सम्बन्धी अन्तिम निर्णय भने सम्बन्धित जिल्लाको जिल्ला राहत व्यवस्थापन समितिले गर्नेछ। किसानले आफ्नो कृषि बालीमा भएको क्षतिमार्फतको अनुदान रकम व्यक्तिगत, कृषक समूह वा कृषि सहकारीले उनीहरूकै खातामा पाउने गरी प्राप्त हुनेछ। क्षतिको ७५ प्रतिशतदेखि शतप्रतिशतसम्म किसानले राहत स्वरूप अनुदान पाउने प्रवक्ता कार्कीले बताउनुभयो।

## ताम्राकार हाउसमा मोबाइल मेला

काठमाडौं, (नेस)

न्यूरोडस्थित ताम्राकार मोबाइल कम्प्लेक्सले दशैं तिहारको बहार ताम्राकारमा मोबाइल किन्दा उपहार नै उपहार योजना ल्याएको छ। भदौ २२ गतेदेखि गरिन लागेको मोबाइल मेलाको मुख्य प्रायोजनमा मोटोरोला र लेनेभो मोबाइलले साथ दिएका छन्। यो महोत्सवमा सबै मोबाइल कम्पनीको साथ पाएको जानकारी दिँदै ताम्राकार मोबाइल व्यापार संघका अध्यक्ष जगत साउदले ताम्राकार मोबाइल बजारले मोबाइलको मोडल हेरेर ५ देखि ६० प्रतिशतसम्म छुटको व्यवस्था गरेको बताउनुभयो। सामसुङ एस फोर र एस फाइभमा ६० प्रतिशत, डीटीसी टचमा ६० प्रतिशत, हुवावे अनर होलीमा ४० प्रतिशत छुट दिइएको छ। यसैगरी लेनेभोका मोबाइलको खरिदमा मोडल हेरी ३० देखि ५० प्रतिशतसम्म छुटको व्यवस्था गरिएको छ।

ताम्राकार मोबाइल बजारमा न्यूनतम ९ सयदेखि १ लाख ३० हजार रूपैयाासम्मका विभिन्न ब्रान्डका मोबाइल सेट उपलब्ध छन्। दशैं तथा तिहारको अवसर पारी विभिन्न ब्रान्डका मोबाइल फोनको खरिदमा मोटरसाइकल, टिभी, स्मार्ट फोन वितरण गरिनेछ। यसैगरी दैनिक २ वटा मोबाइल, १० वटा ब्लुटूथ तथा पावर बैंक लक्की ड्र मार्फत वितरण गरिने व्यवस्था गरिएको छ भने साप्ताहिक रूपमा एउटा सामसुङको ३२ इन्चको टिभी लक्की ड्र मार्फत नै वितरण गरिने छ।

## कोका-कोलाको 'मन खोलौं कोकसँग' अभियान

काठमाडौं, (नेस)

कोका-कोला नेपालले दशैं र तिहारको अवसरमा 'मन खोलौं कोकसँग' अभियान ल्याएको छ। यो




अभियान भदौ २० गतेदेखि असोज ३० गतेसम्म सञ्चालन हुनेछ। कोका-कोलाले, ा दैनिक जीवनमा विभिन्न ८ फरक सम्बन्ध दर्शाउने लोगोका साथमा नयाँ प्याक ल्याएको छ, जसमा विभिन्न फरक सम्बन्ध दर्शाउने सन्देशहरू लेखिएका छन्।

यी लेबलहरू नेपालीमा लेखिएका छन्, जसले यो उत्सवमय मौसममा हाम्रा सम्बन्धहरू र परिवारलाई नजिक ल्याउँदै सम्मान गर्दछ। यी प्याकले उपभोक्तालाई आफ्ना मनपर्नेहरूलाई उपहार दिने अवसर सिर्जना गरेको छ जसमा सिर्जनात्मक सन्देशहरू राखिएको छ र विशेष भावनालाई कोकका साथमा बाँड्न सकिन्छ। अभियानको नामले भने जस्तै, यो उत्सवमय मौसममा कोका-कोलाले सबै परिवारका सदस्यलाई कोका-कोलाका साथमा आफ्ना भावना एकआपसमा दर्शाउन र नजिकपना ल्याउन उत्साहित गर्दछ।

कोका-कोला नेपालका देशीय निर्देशक अम्बुज सिंहले भन्नुभयो-'दशैं, आशिर्वाद दिने र सँगसँगै मनाउने उत्सव हो, कोका-कोलाले उपभोक्ताका साथी र परिवार लाई जोड्न सहयोग गर्दछ। हामी यो वर्ष, तपाईंको परिवारमा भएका निकै आत्मीय सम्बन्धहरूलाई 'परिवार' सहित ८ यूनिक लेबलका साथमा खुशीयाली बाँड्दै छौं। यसले हामी प्रत्येकको जीवनलाई प्रभावित गर्ने विशेष सम्बन्धलाई सम्मान गर्न सहयोग गर्दछ। हामी आशा गर्दछौं, हाम्रा उपभोक्ताले आफ्ना मनपर्ने व्यक्तिलाई विशेष सन्देश भएको कोका-कोला उपहारको रूपमा प्रदान गर्नेछन्।'

## शरद र किरण पल्सर वर्ष खेलाडीमा

पल्सर स्पोर्टस् अवार्डको वर्षको उत्कृष्ट पुरुष खेलाडी बन्ने दौडमा पाँच खेलाडी परेका छन्। यस विधामा परेका पाँच खेलाडीमा नेपाली क्रिकेट टिमका ब्याट्सम्यान शरद भेषावकर र नेपाली राट्रिय फुटबल टिमका गोलकिपर किरण चेमजोङ विशेष चर्चामा छन्। यसविधामा त्रिभुवन आर्मीका ब्याडमिन्टन खेलाडी रत्नजित तामाङ, धावक सोमबहादुर कुमाल र भलिबल खेलाडी मान बहादु श्रेष्ठ पनि परेकाले प्रतिश्पर्धा अझ रोमाञ्चक बनेको छ।

फर्ममा रहेका क्रिकेट खेलाडी शरद भेषावकर यस विधाको ठुलो नाम मानिएको छ। भेषावकर नेपाली क्रिकेटका भरपर्दा मध्यक्रम ब्याट्सम्यान हुन्। फिनिसरको रूपमा तीन काम जिताएका उनले तीनवटा अर्धसतक पनि प्रहार गरेका थिए। गत वर्ष उनको नाममा २ सय ६४ अन्तराष्ट्रिय रन तथा ४ विकेट पनि समावेश छ।

त्यस्तै नेपाली राष्ट्रिय टोलीका गोलकिपर किरण चेमजोङ माल्दिभ्समा राष्ट्रिय लिगमा आफ्नो टोलीलाई उपाधी दिलाएका थिए। उनकै उत्कृष्ट प्रदर्शनमा नेपालले गत वर्षको एएफसी सोलिडरिटी कप जितेको थियो। उनले सेमिफाइनल र फाइनलमा विशेष प्रर्दशन गरेका थिए। यस स्पर्धामा गत वर्षका निर्विवादित नेपाली ब्याडमिन्टन खेलाडी रत्नजित तामाङ पनि रहेका छन्। उनले पाकिस्तानमा आयोजना भएको प्रतियोगितामा नेपाललाई स्वर्णपदक पनि दिलाएका थिए। उनले सातौं राष्ट्रिय खेलकुदमा पुरुषततर्फ सबै उपाधी जितेका थिए।




अर्का एथ्लेटिक्स सोम बहादुरले ब्रुनाईमा भएको प्रतियोगितामा ४ मिटरमा स्वर्ण, ८ सय मिटरमा रजत जितेका छन। सोमले सातौं राष्ट्रिय खेलकुदमा ४ सय मिटर, ८ सय मिटर र ४ सय मिटर रिले दौडमा स्वर्ण पदक जितेका थिए। त्यस्तै भलिबल खेलाडी मान बहादुर तामाङ त्रिभुवन आर्मी क्लबले विभिन्न प्रतियोगीता जित्दा टोलीका महत्वपुर्ण सदस्य रहकेका खेलाडी हुन्।

## नेपाल टेलिकमद्वारा अफर निरन्तरता

नेपाल समाचारपत्र

काठमाडौं

नेपाल टेलिकमले बुवाको मुख हेर्ने दिन तथा तीज पर्वको अवसरमा उपलब्ध गराएका विभिन्न प्रकारका अफरलाई निरन्तरता दिएको छ।

अफरअन्तर्गत जीएसएम प्रिपेड, पोष्टपेड मोबाइलमा युट्युब डाटा प्याकेज र डिस्काउन्टेड भ्वाइस डाटा प्याकेज रहेका छन्। गत भदौ ५ गतेदेखि १९ गतेसम्म उपलब्ध गराइएका यी अफरहरू उपभोक्ताले अत्याधिक रूपमा रुचाएकाले भदौ २० गतेदेखि असोज ४ गतेसम्म लिन सक्ने गरी निरन्तरता दिइएको टेलिकमले जनाएको छ।

युट्युब डाटा प्याकेजअन्तर्गत एक सय रुपियाँमा १ जिबी डाटा भोल्युम प्राप्त हुनेछ। यो प्याकेज २१ दिनको अवधिसम्म प्रयोग गर्न सकिने छ। त्यस्तै ६० रुपियाँमा ५ सय एमबी डाटा १४ दिन अवधिका लागि उपलब्ध हुनेछ। डिस्काउन्टेड भ्वाइस डाटा प्याकेजअन्तर्गत प्याक १५० र प्याक २५० उपलब्ध हुनेछ। प्याक १५० अन्तर्गत १५० रुपियाँमा ६०० एमबी र प्याक २५० अन्तर्गत २५० रुपियाँमा १ जिबी डाटा भोल्युम उपलब्ध हुनेछ। यी प्याकअन्तर्गतको स्किमबाट कम्पनीकै नेटवर्कमा कल वा एसएमएस गर्दा २० प्रतिशत छुटसमेत उपलब्ध हुनेछ। यी दुई प्याक क्रमश: खरिद गरेको १४ दिन र २८ दिनको समयावधिसम्म प्रयोग गर्न सकिन्छ।

डाटा भोल्युम सकिए पनि कल वा एसएमएस गर्दा भने १४ दिन र २८ दिनको समयाविधसम्म नै २० प्रतिशत छुट प्राप्त हुनेछ। युट्युब डाटा प्याकेज लिनका लागि युटी वा जिबी वा युटी ५०० एमबी लेखेर १४१५ मा एसएमएस पठाउनु पर्छ। साथै डिस्काउन्टेड भ्वाइस डाटा प्याकेज लिनका लागि प्याकेज १५० वा प्याकेज २५० लेखेर १४१५ मा एसएमएस पठाउनुपर्ने टेलिकमले जनाएको छ।

**गोरखा सेभिङ्ग एण्ड क्रेडिट सहकारी संस्था लि.**

**GORKHA SAVING & CREDIT CO-OPERATIVE LTD.**

**HEAD OFFICE:** Satdobato Lalitpur, Tel : 01-5152404, 5152360

**FAX:** 977-01-5152366, **E-mail** : **gorkhasaving@wlink.com.np**

**BRANCH OFFICE:** Sundhara, KTM.Tel : 01-4256955, 4258842

**SERVICE CENTER:** Gongabu, KTM, Tel : 01-4389479

**गैह्र बैकिङ्ग सम्पत्ति बिक्रिको लागि गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना**

**सूचना प्रकासित मिति २०७४/०५/२०**

यस संस्थाले आफ्नो स्वामित्वमा रहेको तपसिलमा उल्लेखित गैह्र सम्पत्ति घर/जग्गा तथा सोले चर्चेको लिगलगापात समेत जे जस्तो अवस्थामा छन् सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्रि गर्ने हूंदा सो सम्पत्ति जग्गाहरु खिद गर्न ईच्छूक फर्म वा ब्यक्तिबा आफुले के कति मूल्यमा खरिद गर्न चाहेको हो सो खोली यो सूचना प्रकाशित भएको मितिले आठौ दिन भित्र यस संस्थाको मुख्य कार्यालयबाट उपलब्ध गराएको फारम भरी शिलबन्दी बोलपत्र सोही कार्यालयमा पेश गर्न हून आव्हान गरिन्छ।

**गैह्र सम्पत्तिको बिबरण**

१. जि.ल.पु. सैंबु गा.बि.स.१/कको कि.नं. २०४, २१०, २११, २१५को क्रमश क्षे.फ. १-२-०-०, ०-७-०-०, ०-१४-२-०, ०-१०-२-०
२. जि. भक्तपुर बागेश्वरी गा.बि.स. वडा.नं. १ को कि.नं. ४२६, ६५१, ६५३, ६५६, ६७०, ६४१, ६४२, ६४४, ६१४, ६०६, ६०८, ६११, ६१२को क्रमश क्षे.फ. ०-१-२-२, ०-६-१-०, २-२-२-२, ०-०-३-३, ०-२-०-०, ०-४-०-०, ०-४-१-१, ०-४-०-०, ०-०-१-०, ०-५-१-०, ०-०-१-२, ०-२-३-२, ०-१-३-०
३. का.जि. मुलपानी गा.बि.स. वडा.नं. ९/क को कि.नं. ४९० को क्षे.फ. १-०-३-०
४. जि. भक्तपुर ताथली गा.बि.स. वडा.नं. ८ घ को कि.नं. ६३९ को क्षे.फ. ०-३-२-०

**शर्त बन्देजहरु :**

१. बोलपत्र फारम वापत रु.१०००/-(पछि फिर्ता नहुने गरी) अन्य आम्दानी शिर्षकमा जम्मा गरेपछि सम्बन्धित कार्यालयबाट बोलपत्र उपलब्ध गराईनेछ।
२. बोलपत्र पेश गर्दा खाम बाहिर आफूले लिन चाहेको सम्बन्धित जग्गाको विवरण उल्लेख गरि जग्गा खरिद गर्ने बारेको बोलपत्र भनी उल्लेख गर्नुपर्नेछ।
३. यो सूचना प्रकाशित भएको मितिले सोह्रौ दिन मिति २०७४/०५/२० मा संस्थाको मूख्य कार्यालय सातदाबाटो, ललितपूरमा दिनको १:०० बजे बोलपत्रदाताहरु वा निजका प्रतिनिधीहरुको उपस्थितीमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजका प्रतिनिधीहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन बिदा परेमा सोको भोलिपल्ट बोलपत्र खोलिनेछ।
४. बोलपत्र साथ आफुले कवोल गरेको रकमको १० प्रतिशत हूने वरावरको रकम धरौटी बापत यस संस्थाको हिसाब खातामा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ।
५. बोलपत्र स्वीकृति भएपछि सोको जानकारी पत्र पाएको मितिले ७ दिन भित्र कबुल गरेको सम्पूर्ण रकम बुझाई उपरोक्त अनुसारको सम्पत्तिहरु आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ। उक्त म्याद भित्र बांकी रकम नबुझाएमा धरौटी रकम स्वत: जफत हुनेछ।
६. बोलपत्रदाताहरुले कबोल गरेको मूल्यमा गैह्र सम्पत्ति बिक्री गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस संस्थालाई सरक्षित रहनेछ।
७. अन्य शर्तहरु संस्थाको नियमा अनुसार हुनेछ।






# हारपछि नेपाल कठिन मोडमा

कविरस शर्मा, काठमाडौं

एएफसी एसियन कप छनोटअन्तर्गत समूह 'एफ'को खेलमा नेपाल ताजिकिस्तानसँग हारेपछि कठिन मोडमा पुगेको छ।

सातदोबाटोस्थित एन्फा कम्प्लेक्सको 'एस्ट्रो टर्फ'मा पहिलो हाफमै दुई गोल बेहोरेपछि घरेलु टोली नेपाल ताजिकिस्तानसँग २-१ ले हार्न बाध्य भएको हो। घरेलु मैदानमा पराजित भएपछि नेपाली टोली एएफसी एसियन कप छनोटमा समूह 'एफ'को पुछारमा पुग्दै कठिन मोडमा उभियो। उक्त जितपछि पहिलो अंक जोडेको ताजिकिस्तान समूहको तेस्रो स्थानमा उक्लन सफल भएको छ।

खेलको २६औं मिनेटमा जालीलोभले गोल गर्दै ताजिकिस्तानलाई खेलमा अग्रता दिलाएका थिए। उमरवोइ प्रविनोभको कर्नरबाट उपलब्ध बलमा प्रहार गरेका उनी विफल भए पनि हुलमुलको अवस्थामा पुन: गरेको प्रहारले जाली चुमेको थियो। उनको पहिलो प्रहारलाई नेपाली गोलरक्षक किरण चेम्जोङले विफल पारेका थिए। पहिलो गोल बेहोरेको चार मिनेट नबित्दै नेपालले दोस्रो गोल बेहोरेको थियो। खेलको ३०औं मिनेटमा नेपाली गोलरक्षक किरणलाई जिल्लाउँदै भासिव दिलसुडदले ताजिकिस्तानका लागि दोस्रो गोल सम्भव पारे। पहिलो हाफसम्म २-० ले अघि रहेको ताजिकिस्तानविरुद्ध दोस्रो हाफमा नेपालले सुधारिएको खेल प्रदर्शन गर्‍यो।



स्ट्राइकर विमल घर्ती मगर छैठौं अन्तर्राष्ट्रिय गोल गर्ने क्रममा। तस्वीर : उज्ज्वल डंगोल

जसअनुसार नेपालले एक गोल फर्काउन सफल भए पनि हार भने टार्न पर्याप्त बनेन। नेपालका लागि युवा स्ट्राइकर विमल घर्ती मगरले एक गोल फर्काउन सफल भएका हुन्। खेलको ३९औं मिनेटमा नवयुग श्रेष्ठलाई स्थापन्न गर्दै मैदान प्रवेश गरेका विमलले खेलको ६१औं मिनेटमा गोल गर्दै नेपालको आशा जगाएका थिए। अञ्जन विष्टद्वारा उपलब्ध बललाई नियन्त्रणमा लिँदै ताजिकिस्तानका गोलरक्षक माकामोभा अगाडि बढेको अवस्थामा विमलले चिप गर्दै गोल गरेका थिए।

ताजिकिस्तानको खेलमार्फत 'डेब्यू' गरेका प्रिन्स जर्ज कार्कीको दुईवटा प्रहार खेर गएको थियो। पहिलो हाफको नवौं मिनेटमा एलिभको प्रहारलाई किरणले पन्च गरेर जोगाएका थिए। खेलको दोस्रो मिनेटमा नै नेपालले गोलका लागि गरेको एउटा आक्रमण विफल भएको थियो। करिब २५ यार्डको दूरीबाट नवयुग श्रेष्ठको प्रहार कमजोर बनेको थियो। पछिल्लो खेल प्रतिबन्धमा रहेका मिडफिल्डर विक्रम लामा मंगलबारको खेलमा पहिलो रोजाइमा पर्न सकेनन्। समूह 'एफ'मा दुई जितसहित फिलिपिन्स अंक तालिकाको शीर्षस्थानमा छ भने यमन दोस्रो स्थानमा रहेको छ।

### अंकतालिका समूह एफ

| टिम | खेल | जित | ड्र | हार | अंक |
|---|---|---|---|---|---|
| फिलिपिन्स | ३ | २ | १ | ० | ७ |
| यमन | ३ | १ | २ | ० | ५ |
| ताजिकिस्तान | ३ | १ | ० | २ | ३ |
| नेपाल | ३ | ० | १ | २ | १ |

### नेपालको बाँकी खेल

१० अक्टोबर
ताजीकिस्तान (अवे)

१४ नोभेम्बर
फिलिपिन्स (होम)

२७ मार्च
यमन (अवे)

## घरहरा

### 'सेल' ठगी



दशैं तिहारको माहोल। शहरभरि खुलेका अनेकौं पसलहरूले 'सेल'का नाममा ठगी ठन्डा चलाउने गरेको पहिलादेखि नै धराहरालाई थाहा भएको कुरा हो। चाडपर्वमा 'सेल'को नाममा छुट दिएर उपभोक्तालाई ठग्ने गतिलो जुक्ति व्यापारीहरूले निकाल्ने गरेको छ। यस्तो बेला व्यापारीले पुरानो स्टकमा रहेका सामान महँगो मूल्य राख्ने र धेरैभन्दा धेरै छुट दिएर बिकाउने गरेका छन्।

त्यस्तै नयाँ सामानमा पनि दशौं गुणा मूल्य राखेर धेरै छुट दिएको देखाई विक्री गर्ने गर्छन् व्यापारी। यसबाट हजारौं उपभोक्ता ठगिने गरेको ज्वलन्त उदाहरण हामीसामु रहेको छ।

यहाँ एउटा के प्रश्न उठ्छ भने किन यसरी उपभोक्ता ठगिँदै छन् त? किन बजार अनुगमन नभएको? सरकारले मूल्य नियन्त्रण किन गर्न नसकेको? ठगीमा पक्राउ पर्नेलाई किन कडाभन्दा कडा कारबाही हुँदैन? सस्तो सामानलाई चर्को मूल्यमा छुट दिएको भनी सामान विक्री गरेर ठग्ने व्यापारीलाई कडाभन्दा कडा कारबाही हुनुपर्छ भन्ने धारणा धरहराको रहको छ। सरकारी उदासिनता, फितलो कानुनी व्यवस्थाकै कारणले यस्ता ठगी धन्दा मौलाउँदै गइरहेको धराहराको ठम्याइ छ। के राय छ त यसमा पाठकवृन्दको?

## बृहस्पति क्वार्टरफाइनलमा



काठमाडौं, (नेस)

आयोजक बृहस्पति विद्या सदन 'ए' बृहस्पति कप अन्तरविद्यालय सेभेन 'ए' साइड फुटबल प्रतियोगिताको ब्वाइजमा मंगलबार समूह उपविजेता बन्दै क्वार्टरफाइनलमा प्रवेश गरेको छ। बृहस्पति 'ए'ले रिपु मर्दिनीलाई २-१ गोलले पराजित गर्‍यो। विजयी टिमका लागि कृतक कार्की र शियिम तुलाधरले १-१ गोल गरे। ब्वाइजमै पुष्पसदनले बृहस्पति 'ए'लाई १-० ले हराउँदै समूह विजेताका रूपमा अन्तिम आठमा पुग्यो। गर्ल्समा सेन्ट जेभियर्सले अरूणिमालाई २-१ तथा एलएले विद्या संस्कारलाई ३-१ गोलले पराजित गर्दै अन्तिम चारमा स्थान पक्का गरे।

## डिवाइन बीजी र सामाखुसी शीर्षमा

नेपाल समाचारपत्र
काठमाडौं




रेडबुल एन्फा फुटसल लिगअन्तर्गत डिवाइन बीजी फुटसल र सामाखुसी फुटसलले आ-आफ्ना समूहमा शीर्ष स्थानमा कब्जा जमाएका छन्।

मंगलबार बौद्धस्थित स्टुप फुटसलमा भएको खेलमा सामाखुसीले फुटसल भिलेजलाई ६-२ ले हराएर समूह 'बी'मा शीर्ष स्थानमा रहेको हो। टोलीको ६ खेलबाट १६ अंक छ। त्यस्तै समूह 'ए'को डिवाइनले पनि चौर रिक्रिएसनल सेन्टरमा भएको खेलमा हरिसिद्धि फुटसललाई ६-२ ले नै पन्छायो। टोलीको ६ खेलबाट १८ अंक रहेको छ।

यसैगरी समूह 'ए'को किकअफ फुटसलले धनयन्त्री फुटसललाई ७-२ ले हराएर १३ अंकसहित दोस्रो स्थान ओगेटेको छ। धनयन्त्री १२ अंक लिएर तेस्रो स्थानमा छ। यस्तै समूह 'बी'मा शंखमूल फुटसल १२ अंक जोडेर दोस्रो स्थानमा छ। शंखमूल चौर रिक्रिएसनल सेन्टरसँग ५-४ ले हारेको थियो।

## ब्याडमिन्टनमा लमजुङ पहिलो

नेपाल समाचारपत्र
लमजुङ

जिल्ला सदरमुकाम बेसीशहरमा सञ्चालन गरिएको खुला ब्याडमिन्टन प्रतियोगितामा लमजुङ पहिलो, चितवन दोस्रो र कास्कीका दुवै टोली तेस्रो भएका छन्। लमजुङ मर्स्याङ्दी युवा क्लब बेसीशहरद्वारा तीज गीत उत्सव २०७४ को अवसरमा सञ्चालन गरिएको ब्याडमिन्टन प्रतीयोगिताबाट सो नतिजा आएको हो।

सो प्रतियोगितामा हीरा राई र ग्याल्जेन शेर्पाको टोली पहिला तथा राजु गुप्ता र केवल श्रेष्ठको टोली दोस्रो भए। यसैगरी कास्कीका रेशम आले र पुरुषोत्तम श्रेष्ठ तथा कास्कीकै लक्ष्मी श्रेष्ठ र सुरेश पौडेलको टोली तेस्रो स्थानमा रहे। शीर्ष तीनले क्रमश: २५ हजार, १५ हजार र ५/५ हजार नगद प्राप्त गरेका थिए।

## भलिबल भदौ ३० देखि

हेटौंडा, (नेस)

वैशाख १२ को भूकम्पमा परी काठमाडौंमा निधन भएका नेपालका राष्ट्रिय भलिबल मुख्य प्रशिक्षक केशवलाल श्रेष्ठको स्मृतिमा हेटौंडामा भदौ ३० गतेदेखि पुरुष राष्ट्रिय भलिबल प्रतियोगिता हुने भएको छ। १२ टिमको सहभागिता हुने प्रतियोगितामा प्रथम पुरस्कार २ लाख, द्वितीय पुरस्कार १ लाख, सेमिफाइनल पुग्ने टोलीलाई ५० हजार, चौथो पुरस्कार २५ हजार, उत्कृष्ट खेलाडीलाई १५ हजार पुरस्कार प्रदान गरिने आयोजकले जानकारी दिए।

## नेपालले भुटानसँग खेल्दै

काठमाडौं, (नेस)

साबा यू-१६ पुरुष बास्केटबल प्रतियोगिताको बुधबार हुने उद्घाटन खेलमा नेपालले आफ्नो पहिलो भुटानसँग प्रतिस्पर्धा गर्नेछ।

दक्षिण एसियाली क्षेत्रको यो प्रतियोगितामा नेपालसहित भारत, बंगलादेश, भुटान र माल्दिभ्स गरी ५ राष्ट्र सहभागी छन्। सिंगल राउन्ड रोविनका आधारमा हुने प्रतियोगितामा पहिलो हुने टोली मलेसियामा हुने पाँचौं एसियाली यू-१६ पुरुष बास्केटबलका लागि छनोट हुनेछ। उद्घाटन अघिल्लो दिन भएका खेलमा भारतले माल्दिभ्सलाई १५२-१७ ले र बंगलादेशले भुटानलाई ११७-४३ को फराकिलो अन्तरले हराएका थिए।

## खेल सङ्क्षेप

### मिस्टर काठमाडौं यसै साता

काठमाडौं, (एजेन्सी)

काठमाडौं जिल्ला शारीरिक सुगठन तथा फिट्नेस संघको आयोजनामा दोस्रो मिस्टर काठमाडौं शारीरिक सुगठन प्रतियोगिता शुक्रबारदेखि हुने भएको छ। जमलस्थित राष्ट्रिय नाचघरमा दुई दिनसम्म चल्ने प्रतियोगितामा विभिन्न ६ तौलसमूहमा प्रतिस्पर्धामा हुने आयोजक संघका अध्यक्ष सुरेश सुवेदीले मंगलबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराए। हरेक तौलसमूहमा पहिलो हुने खेलाडीबीच पुन: मुख्य उपाधि 'मिस्टर काठमाडौं'का लागि प्रतिस्पर्धा गराइनेछ। सो उपाधि जित्नेलाई एक लाख नगदबाट पुरस्कृत गरिनेछ।

### सोबुकान कराते शनिबार

काठमाडौं, (नेस)

नेपाल सोबुकान सितोरियो कराते संघको आयोजनामा दोस्रो राष्ट्रिय खुला सितोरियो सोबुकान कराते प्रतियोगिता शनिबार हुने भएको छ। न्यातपोल क्लासिकको मुख्य प्रायोजन र मध्यपुर थिमी नगरपालिकाको सहयोगमा हुन लागेको प्रतियोगितामा पुरुषतर्फ ११ र महिलामा ९ गरी २० स्पर्धामा प्रतिस्पर्धा हुने आयोजकले जनायो। एकदिने प्रतियोगिताका खेलहरू मध्यपुर थिमीस्थित लायकु दरबार खेलाइनेछ। प्रतियोगिता सञ्चालन गर्न करिब ५ लाख ६ हजार रुपियाँ खर्च हुनेछ।

### नेरिकको दुवै टिम सेमिफाइनलमा

काठमाडौं, (नेस)

छैटौं ग्रिनफिल्ड कप अन्तरविद्यालय बास्केटबल प्रतियोगितामा नेरिकको सिनियर र जुनियर ब्वाइज दुवै टिम मंगलबार सेमिफाइनलमा प्रवेश गरेका छन्। सिनियर ब्वाइजमा नेरिकले इलाइट को-एडलाई ४९-२५ ले पराजित गर्‍यो। नेरिकको जितमा पवन खत्रीले २३ अंक योगदान गरे। जुनियर ब्वाइजमा नेरिकले महामञ्जुश्रीलाई ४६-२० ले हरायो। नेरिकका सुजन बस्नेतले १९ स्कोर गरे। सिनियर गर्ल्समा विल्सन एकेडेमीले द एक्सेल्सियर स्कुललाई १९-१५ तथा ज्ञान निकेतनले ब्राइट होराइजनलाई २२-२० ले पराजित गर्दै क्वार्टरफाइनल यात्रा तय गरे।

### ओमेगा सेमिफाइनलमा

काठमाडौं, (नेस)

नेक्सस क्रिकेट एकेडेमीको आयोजनामा टुँडिखेलमा जारी प्रथम गणेश बहादुर-प्राणमाया चित्रकार स्मृति कप यू-१९ क्रिकेट प्रतियोगिताअन्तर्गत ओमेगा कलेज सेमिफाइनलमा प्रवेश गरेको छ। मंगलबार सम्पन्न भएको खेलमा ओमेगाले सगरमाथा क्रिकेट क्लबलाई एक विकेटले हराएको हो। टस जितेर ब्यटिङ गरेको सगरमाथा २० ओभरमा ९ विकेटको क्षतिमा ८४ रनमा समेटिएको थियो। जवाफमा ओमेगाले १० बल बाँकी राखेर ९ विकेटको क्षतिमा लक्ष्य भेटाएको थियो। खेलका म्यान अफ द म्याच ओमेगाका रिजन थापा घोषित भए।




कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, सम्पादक: लेखनाथ अधिकारी, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ